
वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क २ | २०७७, वैशाख १६-३१ | पूर्णाङ्क ६६८



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री विकाश कुमार रजक
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | २५ |
| इजलास नं. ४ | ८ |
| इजलास नं. ५ | २० |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ७ |
| जम्मा | ८३ |

| | |
|---|---|
| इजलास नं. ९ | १० |
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | ६ |
| इजलास नं. १४ | २ |
| एक न्यायाधीशको इजलास | १ |
| जम्मा | २३ |

**कूल जम्मा ८३ + २३ = १०६**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, वैशाख – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ – ५** |
| १. | उत्प्रेषण / परमादेश | शंकरलाल अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १ |
| २. | परमादेश | पार्वती बुढा मगर वि. चन्द्रशेखर पासीसमेत | १ |
| ३. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. बुद्ध लामा | २ |
| ४. | वैदेशिक रोजगार कसुर | सुमनकुमार कार्की वि. नेपाल सरकार | ३ |
| ५. | ठगी | नेपाल सरकार वि. रमन के.सी. | ४ |
| **इजलास नं. २** | | | **५ – ११** |
| ६. | जग्गा घर खिचोला घर खाली चलन | शेख ओजैरसमेत वि. अब्दुल मन्नान | ५ |
| ७. | आयकर (आ.व.०६२/६३) | खुमराज पुजाली वि. राजकुमार गोल्छा | ६ |
| ८. | अवैध रूख कटानी गरी हानि नोक्सानी गरेको | गिरीराज गिरीसमेत वि. नेपाल सरकार | ८ |
| ९. | उत्प्रेषण / परमादेश | पूर्णकुमार कार्की वि. राष्ट्रिय चिया तथा कफी विकास बोर्डसमेत | ९ |
| १०. | उत्प्रेषण / परमादेश | नागेन्द्रप्रसाद पटेल वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत | ९ |
| ११. | लागु औषध खैरो हेरोइन | जमाल अन्सारी वि. नेपाल सरकार | १० |
| १२. | बन्दी प्रत्यक्षीकरण | निकिता तामाङ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ११ |
| **इजलास नं. ३** | | | **११ – १५** |
| १३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. होमबहादुर थापासमेत | ११ |
| १४. | खिचोला मेटाई चलन चलाइ पाऊँ | कमलनाथ वि. नारायण सिंह साउद | १२ |
| १५. | जालसाजी | कान्छी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ | १३ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ४** | | | **१५ – १९** |
| १६. | बैंकिङ कसुर | नेपाल सरकार वि. आशिष गिरी सिंहसमेत | १५ |
| १७. | बैंकिङ कसुर | नेपाल सरकार वि. प्रमोदाकुमारी कार्कीसमेत | १६ |
| १८. | बैंकिङ कसुर (चेक अनादर) | नेपाल सरकार वि. रेश्मा शाह | १७ |
| १९. | उत्प्रेषण / प्रतिषेध | कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत | १७ |
| २०. | उत्प्रेषण / परमादेश | कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत | १८ |
| **इजलास नं. ५** | | | **१९ – २७** |
| २१. | उत्प्रेषण / परमादेश | मोहन सिंह धामी वि. सशस्त्र प्रहरीबल प्रधान कार्यालय, हलचोकसमेत | १९ |
| २२. | उत्प्रेषण | उब्जनबहादुर शाहीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २० |
| २३. | अंश दपोट | कमलराज भट्ट वि. रत्नप्रसाद भट्टसमेत | २१ |
| २४. | लागु औषध | यादवप्रसाद तिमल्सिना वि. नेपाल सरकार | २३ |
| २५. | उत्प्रेषण / परमादेश | सुमित्रादेवी यादवनीसमेत वि. दीलिपकुमार कर्ण | २३ |
| २६. | किर्ते जालसाजी | नारायण सरदार वि. रेखाकुमारी सिंह | २४ |
| २७. | जबरजस्ती करणी | मिनबहादुर खड्का वि. नेपाल सरकार | २५ |
| २८. | उत्प्रेषण / परमादेश | महिनारायण यादव वि. महादेव यादवसमेत | २६ |
| २९. | फैसला बदर | विष्णुकुमारी त्वायना वि. मन्दीराकुमारी धौभडेलसमेत | २७ |
| ३०. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | शंकर सिंह वि. नेपाल सरकार | २७ |
| **इजलास नं. ६** | | | **२८ – ३१** |
| ३१. | उत्प्रेषण | सर्वध्वज साँवा लिम्बु वि. हेमकर्ण पौडेलसमेत | २८ |
| ३२. | अबन्डा जग्गा बन्डा | ऐनुल मियासमेत वि. साकिर मिया | २८ |

| | | | |
|---|---|---|---|
| ३३. | उत्प्रेषण | सरित रजोरे वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंसमेत | ३० |
| इजलास नं. ८ | | | ३१ – ३७ |
| ३४. | हाडनाता जबरजस्ती करणी | रामकुमार झा वि. नेपाल सरकार | ३१ |
| ३५. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. सुदन शाहसमेत | ३२ |
| ३६. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. हरिगोविन्द यादव | ३३ |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. जोसेफ मरण्डी | ३४ |
| ३८. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. ओजबहादुर बुढामगर | ३६ |
| ३९. | उत्प्रेषण / परमादेश | राजन मैनाली वि. नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, बबरमहलसमेत | ३७ |
| इजलास नं. ८ | | | ३७ – ४१ |
| ४०. | निर्णय दर्ता बदर हक कायम | रामचन्द्र राउत वि. गंगाराम बरै | ३७ |
| ४१. | वैदेशिक रोजगार | नेपाल सरकार वि. भानुभक्त कुँवर | ३८ |
| ४२. | उत्प्रेषण | विनोदप्रसाद गिरी वि. गुठी लगत तहविल कार्यालय, काठमाडौं | ३८ |
| ४३. | मोही नामसारी | उमेश वल्लभ पन्तसमेत वि. रामचन्द्र सहनी | ३९ |
| ४४. | जग्गा दर्ता | लक्ष्मीदेवी भुर्त्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३९ |
| ४५. | निषेधाज्ञा / परमादेश | योगेश्वरकृष्ण पराजुलीसमेत वि. गिता पोखरेलसमेत | ४१ |
| इजलास नं. ९ | | | ४१ – ४६ |
| ४६. | विना इजाजत काठ ओसार पसार र बिक्री | नेपाल सरकार वि. राजकुमार तितुङ | ४१ |
| ४७. | निर्णय दर्ता बदर | रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत | ४२ |
| ४८. | विद्युतीय कारोबार | अनिलकुमार दुवे वि. नेपाल सरकार | ४४ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | सन्तोष महतो वि. धनुषा जिल्ला अदालत, धनुषासमेत | ४५ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | **४६ – ४७** |
| **५०.** | उत्प्रेषण | नन्दलाल अहिरसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | **४६** |
| **५१.** | उत्प्रेषण | सानुमान शाक्य वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | **४७** |
| **इजलास नं. ११** | | | **४७ – ५५** |
| **५२.** | ज्यान मारी बेपत्ता पारेको कर्तव्य ज्यान | नेपाल सरकार वि. मोतिप्रसाद उपाध्यायसमेत | **४७** |
| **५३.** | कर्तव्य ज्यान | शुभप्रसाद अधिकारी वि. नेपाल सरकार | **४८** |
| **५४.** | कर्तव्य ज्यान | विश्वराज विश्वकर्मासमेत वि. नेपाल सरकार | **४९** |
| **५५.** | कर्तव्य ज्यान | यामकुमारी बुढाथोकी वि. नेपाल सरकार | **५१** |
| **५६.** | कर्तव्य ज्यान | ओमशरण थापा वि. नेपाल सरकार | **५२** |
| **५७.** | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. मानव श्रेष्ठ | **५४** |
| **इजलास नं. १४** | | | **५५ – ५८** |
| **५८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. जगदिश पण्डित | **५५** |
| **५९.** | कर्तव्य ज्यान | भिमबहादुर परियार वि. नेपाल सरकार | **५७** |
| **एक न्यायाधीशको इजलास** | | | **५८ – ६०** |
| **६०.** | उत्प्रेषण / परमादेश | शम्भु थापासमेत वि. सम्माननीय प्रधानन्यायाधीश तथा न्याय परिषद्को अध्यक्ष, सर्वोच्च अदालत रामशाहपथसमेत | **५८** |

## इजलास नं. १

**१**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०६९-WO-१३६५, उत्प्रेषण / परमादेश, *शंकरलाल अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

विद्युत् महसुल निर्धारण आयोगले प्रस्तुत रिट निवेदनमा लिखित जवाफ पेस गर्दा यस अदालतको मिति २०६८।२।५ को आदेश कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको भनी उल्लेख गरेको देखिन्छ । तर सो फैसला कार्यान्वयन नभएकै अवस्थामा पुनरावलोकन भई उक्त रिट निवेदन नै खारेज भएको देखिए पनि उक्त फैसलामा जारी भएको निर्देशनात्मक आदेशानुसारको कार्य भएको विपक्षीहरूको लिखित जवाफबाट देखिँदैन । कानूनले तोकेको जिम्मेवारी पूरा गर्न तोकिएको निकायले सो जिम्मेवारीअनुसारको काम नगरेको वा गर्न इन्कार गरेको अवस्थामा परमादेशको आदेश जारी हुने हो । यस अदालतले मुद्दा मामिलाको रोहमा दिएको आदेश पालन गर्नु पर्ने सबैको संवैधानिक कर्तव्य भएको तर सोअनुसारको कार्य विपक्षीहरूको तर्फबाट भएको नदेखिने ।

अतः माथि विवेचित आधार काणबाट यस अदालतको पूर्ण इजलासबाट मिति २०७२।१०।२१ मा जारी भएको आदेशअनुसारको कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम् ।

**२**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-WO-०७७०, परमादेश, *पार्वती बुढा मगर वि. चन्द्रशेखर पासीसमेत*

निवदेकको पति चढेको जेट एयरवेजको फ्लाइटमा सो दिन कुनै दुर्घटना भएको मिसिल संलग्न कागजबाट देखिएको छैन । निजको मृत्युको कारण हालसम्म पत्ता लागेको देखिँदैन । मृतकको शव परीक्षण गर्ने संस्थाले भिसेरा परीक्षणको लागि पठाएको अवस्थामा निजको मृत्यु Accidental, Suicidal, Homicide वा Natural हो भन्न सकिने अवस्था हाल विद्यमान नरहेको देखिँदा अहिले नै Carrier को लापरवाहीको कारणले निजको पतिको मृत्यु भएको हो भन्ने कुरा यकिनसाथ भन्न सकिने अवस्था छैन । रिट निवेदकको पतिको मृत्युको कारण पत्ता लागेपश्चात निजको मृत्यु Carrier को त्रुटिले भएको प्रमाणित भएमा जेट एयरवेजबाट यी निवेदकले उचित क्षतिपूर्ति प्राप्त गर्न सक्ने नै देखिँदा अनुमान र शंकाको भरमा निष्कर्षमा पुग्न विवेकयुक्त नहुँदा अहिले नै सो सम्बन्धमा परमादेश जारी गर्न मिल्ने नदेखिने । संविधानद्वारा प्रदत्त हक अधिकारको प्रयोगमा कहिँकतैबाट बाधा अड्चन उत्पन्न भएको अवस्थामा अन्य कुनै वैकल्पिक उपचारको व्यवस्था नभएको वा भएपनि प्रभावकारी उपचार पाउने अवस्था नभएको बेला यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत उपचार प्राप्त गर्न सकिने हो । रिट क्षेत्राधिकारमार्फत खोज्ने यस्तो उपचारको लागि कानूनले कुनै समय सीमा तोकेको छैन । तर यसो भन्दैमा उपचार प्राप्त गर्नुपर्ने अवस्था उत्पन्न भएको तत्कालै उपचार नखोजी लामो समय व्यतित भएपश्चात् यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत उपचार प्राप्त हुन्छ भनी मान्न मिल्दैन । त्यस्तो संविधान वा कानून प्रदत्त हक अधिकारमा आघात भएको तत्कालै वा उचित समयभित्र नै अदालतलाई गुहार्नु पर्दछ भनी यस अदालतले अपेक्षा गरेको हुने ।

अतः माथि विवेचित आधार कारणबाट विमान सञ्चालक कम्पनीको त्रुटिले निवेदकको पतिको मृत्यु भएको अवस्थामा निवेदकले अझै क्षतिपूर्ति पाउन

सक्ने अवस्था विद्यमान नै रहेको हुँदा र प्रस्तुत रिट निवेदन अत्यधिक विलम्ब गरी दायर भएको देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवदेन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७४ साल चैत्र २९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०७५०, मानव बेचबिखन तथा ओसार पसार, *नेपाल सरकार वि. बुद्ध लामा*

विरगन्जस्थित नेपाल भारत सीमाक्षेत्रको विरगन्ज-इनर्वा रोडमा नेपालबाट भारततर्फ जाने क्रममा रहेका शंकास्पद दुईजना महिलाहरूलाई सोधपुछ गर्दा उनीहरूले आफूहरूलाई बुद्ध लामाले वैदेशिक रोजगारीका निम्ति कुवेत पठाइदिने भनेअनुरूप उसकै सल्लाहअनुसार दिल्लीतर्फ जान लागेको बताएका र लगत्तै अर्को टाँगामा आउँदै गरेका बुद्ध लामा हामीलाई देखी भागेकाले निजलाई समाती सोधखोज गर्दा दिपक साहसमेतका भारतीय नागरिकसँग पीडितहरूलाई आफूले भारतसम्म पुर्‍याइदिएबापत भारतीय रूपैयाँ १५,०००।- पाउने सर्त भएअनुरूप आफूले पीडितहरूलाई लिइआएको, निजले विदेश पठाउँछन् या अन्यत्र भन्ने थाहा नभएको भनी जवाफ दिएकोले पीडितहरूलाई बिक्री वितरण गर्ने उद्देश्यले लैजान लागेको बुझिन आएकोले पीडकलाई दाखिला गरेको भन्ने साना हातहरू नेपाल, पर्साका अध्यक्ष बाबुराम क्षेत्रीको मिति २०७१।३।२६ गतेको निवेदन र सोही बेहोराको पीडितहरूद्वय इनर्वा (स) र इनर्वा (ह) को जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको पाइने।

प्रतिवादी बुद्ध लामाको पनि अनुसन्धान अधिकारीले बयान लिएकोमा यसरी बयान गर्दा निज प्रतिवादीले जाहेरवालीहरूलाई बिक्री गर्न लगेको कुरामा इन्कार रही निजहरूले वैदेशिक रोजगारीमा जाने भनेकाले यसरी मानिस पठाउने गरेका सहदेव साह र दिपक साहसँगको सल्लाहबमोजिम जाहेरवालीहरूलाई वैदेशिक रोजगारीमा पठाउने प्रयोजनार्थ भारतसम्म पुर्‍याइदिन भनी साथै आएको, यसो गरेबापत आफूले प्रतिव्यक्ति अन्य खर्च कटाएर भारतीय रूपैयाँ १५,०००।- पाउने सर्त रहेको भनी बयान गरेको देखिन आउने।

प्रतिवादीले अदालतसमक्ष आई बयान गर्दा दिपक साह तथा सहदेव साहमार्फत नै मेरी श्रीमती वैदेशिक रोजगारीका निम्ति करिब तीन महिनाअघि कुवेत गएकी थिइन्। पूर्व चिनजानका जाहेरवालीहरूलाई त्यो कुरा थाहा थियो। मेरी श्रीमतीसँग मेरो फोन हुने गरेको र निजले पैसा पनि पठाउने गरेकोमा निजहरूले तिम्री श्रीमती गएको देशमा हामीलाई पनि पठाइदेउ भन्ने गरेकाले निजहरूकै आग्रहमा मैले बुटवल घर भई मेरो होटलमा नास्ता खान आउने गरेका र वैदेशिक रोजगारीमा मानिस पठाउने काम गर्ने व्यक्ति सहदेव साहलाई यो कुरा राख्दा निजले राहदानी बनाउन सल्लाह दिएबमोजिम राहदानी बनाउन लगाई दिपक साहसमेत हामी पाँचैजना हेटौंडामा भेट भई भारतको बाटो भएर कुवेत जाँदा खर्च कम लाग्छ भन्ने भएपछि रक्सौलमा सामान सस्तो पाइने हुँदा म पनि निजहरूसँगै विरगन्ज हुँदै रक्सौलसम्म पुगेर सामान लिई आउने भनी साथै जाँदै गरेकोमा मिति २०७१।३।२६ गते सीमा क्षेत्रमा पुगेपछि साना हातहरू नेपाल नामक संस्थाका प्रतिनिधिले पक्राउ गरेका हुन्। बहिनीहरूलाई मैले शुद्ध मनले सहयोग गरेको हो। बिक्री गर्ने उद्देश्य होइन। निजहरूको पासपोर्ट पनि सहदेवले नै राखेको थियो। मैले सहदेवबाट रकम पाउने भन्ने कुरा झुट्ठो हो भनी कसुरमा इन्कार रही बयान गरेको देखिने।

आफूहरूलाई वैदेशिक रोजगारीका निम्ति कुवेत पठाउने भनी ललाई फकाई भारतमा लगी बिक्री गर्ने उद्देश्यले ल्याएका रहेछन् भन्ने थाहा पाएको भनी

जाहेरी दिने जाहेरवालीहरूले अदालतमा आई बकपत्र गर्दा प्रत्यर्थी प्रतिवादी बुद्ध लामाले आफूहरूलाई बिक्री गर्ने उद्वश्यले भारततर्फ लगेका होइनन्। निजकी श्रीमती पनि वैदेशिक रोजगारीको सिलसिलामा कुवेत गएकीले हामीलाई पनि पठाइदिन अनुरोध गरेअनुसार निजले एजेन्ट चिनाई मद्दत गरेका हुन्। हाम्रै आग्रहमा एजेन्टसँग कुरा गरिदिएका हुन्। भारतको बाटो जाँदा खर्च कम लाग्दछ भनेर दिल्लीको बाटो जान लागेका थियौं। निज रक्सौलबाट सामान किनी फर्किने गरी गएका हुन्। निजले सहदेव साहसमेतबाट रकम पाउने होइन। हामीलाई बिक्री गर्न होइन। जाहेरी तथा प्रमाणित बयान कागजमा लेखिएको बेहोरा आफ्नो होइन। सहीछाप मात्र आफ्नो हो। निज निर्दोष भएकाले सजायसमेत हुनु हुँदैन भनी अदालतमा आई बकपत्र गरेको देखिन आउने।

जे जुन व्यक्तिहरूउपर प्रत्यर्थी प्रतिवादीले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐनबमोजिमको कसुर गरेको भनी अभियोग दायर गरिएको छ तिनै व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्रमा आरोप झुट्टो हो भनी बकपत्र गरेको र एकजना जाहेरवालीले स्वयं निवेदनसमेत दिई आरोपित व्यक्तिले मेरै आग्रहमा वैदेशिक रोजगारीका निम्ति मानिस विदेश पठाउने एजेन्टसँग कुरा गराई सहयोग गरेको हो। आपसी सल्लाहमा नै दिल्लीको बाटो जाँदा कम खर्च लाग्ने भएर हामी राजीखुसीले उक्त मार्ग प्रयोग गरी कुवेत जाने प्रयासमा रहेकाले प्रत्यर्थी प्रतिवादी निर्दोष रहेको भनी जिकिर लिएको देखिन आउने।

मुद्दाका पीडित भनिएका जाहेरवालाहरू स्वयंले प्रतिवादीले आरोपित कसुर गरेका होइनन् भनी बकपत्र गरेको र एकले निवेदनसमेत दिएको देखिन आयो भने अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाहेक अन्य स्वतन्त्र प्रमाणबाट यी प्रत्यर्थी प्रतिवादी कसुरदार हुन् भन्ने कुराको वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको पाइएन। निजले अदालतमा गरेको इन्कारी बयानलाई वादी पक्षले खण्डित गर्न नसकेको र प्रमाणको भारको सिद्धान्तसमेतका आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा यी प्रत्यर्थी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहराई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-२०९२, वैदेशिक रोजगार कसुर, *सुमनकुमार कार्की वि. नेपाल सरकार*

जडिबुटी व्यापार गर्ने लाइसेन्स पाउने अभिलाषा राखेका यी जाहेरवाला र उक्त लाइसेन्स उपलब्ध गराइदिने प्रतिबद्धता जनाउने प्रतिवादी रमन के.सी. बिच उक्त घटना हुनुपूर्वको सम्बन्धका बारेमा हेर्दा जाहेरवालाकै भनाइबमोजिम पनि जाहेरवाला र प्रतिवादीबिच घटना हुनुभन्दा करिब हप्ता दिनअघि मात्र एक-आपसमा भेट भएको देखिन्छ। त्यसअघि उनीहरूबिच कुनै किसिमको कुराकानी भएको पनि देखिँदैन भने यी प्रतिवादी उक्त हैसियतका व्यक्ति हुन् भनी विश्वास गर्ने गरी अन्य तेस्रो पक्षबाट परिचय गराएको अवस्थासमेत छैन। यस्तो अवस्थामा घटनापूर्व एकपटक मात्र भेट भएका, कुनै चिनजान र नाता सम्बन्धसमेत नभएको अवस्थामा वैधानिक तवरबाटै जडिबुटी व्यापार गर्ने अनुमति पाउन सक्ने अवस्था रहँदारहँदै गलत प्रक्रियाबाट लाइसेन्स प्राप्त गर्ने उपाय अपनाई यी जाहेरवालाले विना कुनै लिखत वा प्रमाण त्यति धेरै रकम दिएको कुरा विश्वसनीय देखिन नआउने।

रकम लिनुदिनु गर्दा आपसमा खडा भएको कानूनी लिखतलाई मात्र मान्यता दिने हाम्रो कानूनी व्यवस्थाका बारेमा यी जाहेरवाला स्वयं जानकार रहनु पर्ने अवस्थामा विना लिखत प्रमाण निजले दाबी गरेकै आधारमा मात्र प्रतिवादीउपरको अभियोग पुष्टि हुन सक्ने अवस्था नरहे पनि जुन प्रकृतिको कागजको बन्डल यी जाहेरवालाले दशीका रूपमा पेस गरेका हुन् सोही प्रकृतिको बन्डलसहित शंकास्पद अवस्थामा पक्राउ परेका यी प्रतिवादीले मौकामा बयान गर्दा रकमको परिमाणबाहेकका अन्य कुरामा जाहेरी दरखास्त मिलानको बयान गर्दै आफूले यी जाहेरवालाबाट रू.८२,०००।- रूपैयाँ लिएको कुरामा स्वयं साबित रहेको अवस्थामा उक्त रकम जाहेरवालाबाट प्रतिवादीले लिएकै देखिन आउने । यसभन्दा बढी रकम दिएको भन्ने जाहेरवालाको जिकिर सम्बन्धमा भने विना प्रमाण तथा मौकाको बयानसमेतबाट नखुलेको जिकिरतर्फ यो इजलास सहमत हुन नसकिने।

सुरू जिल्ला अदालतले कैदतर्फ नबोले पनि मुलुकी ऐन, ठगीको ४ नं. मा बिगो कायम भएकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र कैदसमेतको सजाय गर्नु पर्ने प्रावधान रहेको देखिएकोमा पुनरावेदन अदालत हेटौंडाले पुनरावेदनको रोहमा फैसला गर्दा बिगोतर्फ यथावत् सदर गरी कैदको हकमा प्रत्यर्थी प्रतिवादीलाई २५ दिन कैदसमेत गर्ने गरी सुरू जिल्ला अदालतको फैसला उल्टी गरी फैसला गरेको देखिन आयो भने मुद्दामा ठहर भएको बिगोको रकम**समेत**लाई दृष्टिगत गर्दा पुनरावेदन अदालतले ठहर गरेको कैद अवधिलाई परिवर्तन गरिरहन पर्ने अवस्था नदेखिने।

अत: विवेचित तथ्य एवं प्रमाणसमेतका आधारमा प्रस्तुत मुद्दामा ठगीको बिगो रकम रू.८२,०००।- कायम गरी मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम प्रतिवादीलाई जरिवानाको अतिरिक्त थप २५ दिन कैदसमेत गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०४४६, ठगी, *नेपाल सरकार वि. रमन के.सी.*

पुनरावेदक प्रतिवादी सुमनकुमार कार्की विरूद्ध परेको उक्त जाहेरीउपर वैदेशिक रोजगार न्यायाधिकरणले फैसला गर्दै प्रतिवादी सुमनकुमार कार्कीले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजतसमेत नलिई वैदेशिक रोजगारमा पठाइदिने भनी जाहेरवालाबाट रकम लिई वैदेशिक रोजगारमा पठाए पनि विदेशमा पुऱ्याई भनेअनुसारको काम दिलाउन नसकी अलपत्र पारेको र फर्की आएपछि वैदेशिक रोजगारीमा पठाउन भनी निजले लिएको रकम फिर्ता माग गर्दा उक्त रकम पनि फिर्ता गरेको नदेखिएकोले वैदेशिक रोजगार ऐनबमोजिम कैद र अभियोग दाबीबमोजिम बिगो तथा हर्जानाबापतको रकमसमेत प्रतिवादीबाट भराई पाउने ठहराई फैसला गरेको देखिन आउने।

वैदेशिक रोजगार न्यायाधिकरणबाट उपर्युक्तबमोजिमको फैसला गर्दा यी जाहेरवाला र प्रतिवादीबिच भएको लिखत कागजलाई मुख्य आधार लिएको पाइयो । जाहेरवालाले वैदेशिक रोजगार विभागसमक्ष पेस गरेको उक्त कागज बेहोरामा जाहेरवालीका भाइ शिवकुमार विष्टलाई वैदेशिक रोजगारीमा दुबई पठाइदिने सर्तमा यी पुनरावेदक प्रतिवादी सुमनकुमार कार्कीले जाहेरवाला ताराकुमारी कटुवालबाट दुई लाख पचास हजार रूपैयाँ बुझिलिएको र सर्तअनुसारको काम गर्न नसके सावाँ र ब्याजसमेत फिर्ता गर्ने बेहोरा उल्लेख गरी ल्याप्चे सहीछापसमेत गरेको देखिने।

प्रतिवादी तथा निजका साक्षीले वैदेशिक रोजगारीमा जाहेरवालीका भाइलाई पठाइदिने भनी रकम लिएको होइन भनी जिकिर लिएको देखिए पनि जाहेरवालीसँग रकम लिँदा लिखत कागज गर्ने प्रतिवादीले अन्य व्यक्तिलाई उक्त प्रयोजनबापतको रकम दिएको भए सोको प्रमाण पेस गर्न सक्नु पर्नेमा उक्त प्रमाण पेस गर्न सकेको पनि नदेखिने।

जाहेरवाली र पुनरावेदकबिच रकमको लेनदेन भएको करिब तीन महिनापछि निज जाहेरवालाका भाइ शिवकुमार विष्ट वैदेशिक रोजगारीको सिलसिलामा दुबई गएको र त्यसको करिब दुई महिनापछि फर्की आएको कुरा पीडितले पेस गरेका राहदानीलगायतका मिसिल संलग्न कागजातहरूबाट समेत पुष्टि हुन आउने।

जाहेरवालीबाट रकम लिएको कागजातमा स्पष्टसँग वैदेशिक रोजगारीमा मानिस पठाउने प्रयोजनार्थ रकम लिएको स्पष्ट भएको, उक्त लिखत कागजातमा पुनरावेदक स्वयंले सहीछाप गरिदिएको, उक्त कागजातको वैधानिकताउपर प्रश्न उठाउन नसकेको, आफूले उक्त रकम लिएको नभई वैदेशिक रोजागारीमा मानिस पठाउने व्यक्ति चिनाइदिएको मात्र हो भनी दाबी गरे पनि सो कुरा पुष्टि हुने गरी कुनै पनि प्रमाण पेस गर्न नसकेको समेतबाट पुनरावेदक प्रतिवादीले लिएको जिकिर खण्डित हुन गई जाहेरवालीको जाहेरी बेहोरा समर्थित हुन आउने।

अत: तथ्य एवं प्रमाणसमेतका आधारमा पुनरावेदक प्रतिवादी सुमनकुमार कार्कीले विना इजाजत जाहेरवालीका भाइ शिवकुमार विष्टलाई वैदेशिक रोजगारमा पठाई काम दिलाउन नसकी अलपत्र पारेको अवस्थामा नेपाल फर्काउनसमेत घरपरिवारले नै रकम पठाउनु परेको कुरा पुष्टि हुन आएकोले निजको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध भएको देखिँदा प्रतिवादी सुमनकुमार कार्कीलाई ऐ. ऐनको दफा ४३ बमोजिम ३(तीन) वर्ष कैद र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना तथा बिगोको हकमा बिगो रू.२,५०,०००।- (दुई लाख पचास हजार रूपैयाँ) र सोको ५० प्रतिशतले हुन आउने हर्जाना रू.१,२५,०००।- (एक लाख पच्चीस हजार रूपैयाँ) गरी जम्मा रू.३,७५,०००।- (तीन लाख पचहत्तर हजार रूपैयाँ) साथै आतेजातेबापतको थप रकम रू.४०,०००।- समेत गरी जम्मा रू.४,१५,०००।- (चार लाख पन्ध्र हजार रूपैयाँ) प्रतिवादी सुमनकुमार कार्कीबाट जाहेरवालीले भरी पाउने ठहराई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

## इजलास नं. २

### १

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा**, ०६७-CI-०९०५, जग्गा घर खिचोला घर खाली चलन, *शेख ओजैरसमेत वि. अब्दुल मन्नान*

सुरू अदालतको आदेशानुसार भई आएको सर्जमिन मुचुल्काको बेहोराबाट समेत मदरसा रहेको तथ्य देखिन आएको छ। पुनरावेदन अदालत हेटौंडाले फैसलामा उक्त मदरसा आधिकारिक निकायमा दर्ता नरहेको भनी उल्लेख गरेको भए तापनि त्यसरी दर्ता भए नभएको सम्बन्धमा प्रमाण बुझी उक्त निष्कर्षमा पुगेको भन्ने एकातर्फ देखिँदैन भने अर्कोतर्फ उक्त मदरसा दर्ता रहे नरहेको भन्ने विषय प्रस्तुत मुद्दामा विवादको विषयवस्तु रहेको भन्ने पनि देखिन आउँदैन। यसैगरी सुरू अदालतले उक्त घर जग्गामा रहेको मदरसा स्कुललाई प्रतिवादी कायम नगरेको आधारमा फिराद खारेज हुने ठहऱ्याएको पाइन्छ। खिचोला मेटाई चलन

चलाई पाउँ भन्ने मुद्दामा सम्बन्धित व्यक्तिहरूलाई प्रतिवादी बनाई मुद्दा दायर गरिसकेपछि पेटबोलीबाट देखिएका अन्य व्यक्तिहरूलाई बुझ्न वा नबुझी नहुने साक्षी प्रमाण बुझ्न सकिने प्रचलित कानूनले व्यवस्था गरेको पाइने ।

विवादित कि.नं.९८९ को घरजग्गा वादीको नाउँमा दर्ता कायम रहेको भए पनि निज स्वयंले जमालुल ओलुम हैदर सही वलुवा, रौतहटलाई दान दिएको भन्ने प्रतिउत्तर जिकिर सम्बन्धमा त्यसरी दान दिए नदिएको विषयमा प्रमाण बुझी वादी दाबीबमोजिम कब्जा खिचोला गरे नगरेको विषयमा ठहर निर्णय गर्नुपर्नेमा सो सम्बन्धमा कुनै प्रमाण नबुझी भएको सुरू अदालतको त्रुटिपूर्ण फैसलाकै आधारमा पुनरावेदन अदालत हेटौंडाबाट उक्त सुरू फैसला उल्टी भई वादी दाबीबमोजिम खिचोला हुने ठहर गरेको पाइँदा उक्त दुवै फैसलाहरू कायम रहन सक्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधार एवं कारणहरूबाट प्रस्तुत मुद्दाको फिराद खारेज गर्ने ठहऱ्याएको रौतहट जिल्ला अदालतको मिति २०६६।२।२७ को फैसला एवं सो फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।७।८ को फैसलासमेत दुवै फैसला बदर गरिदिएको छ । अब जे जो बुझ्नु पर्छ बुझी ठहर निर्णय गर्नु भनी मिसिल रौतहट जिल्ला अदालतमा पठाई दिने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष १८ गते रोज ३ शुभम् ।

**२**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०६८-CR-०५२७, आयकर (आ.व.०६२/६३), *खुमराज पुजाली वि. राजकुमार गोल्छा*

करदाताले प्रज्ञापन पत्रमार्फत विदेश भारतबाट सामान आयात गरेको भन्नेमा विवाद देखिएन । सामान आयात गर्दा भारतमा क्लियरिङ एजेन्टलाई बुझाएको दस्तुर एवं भाडा, बिमा र अन्य खर्चसमेतको वास्तविक खर्च रकम हो भने पनि सो रकम भुक्तानी दिएको कुनै प्रमाण पेस हुन सकेको पाइएन । भारतबाट आयात गरिने सामान भन्सार कार्यालयमा आइपुगेपछि कुन सामानमा के कति क्लियरिङ खर्च भुक्तानी गरेको भन्ने भन्सार प्रज्ञापनपत्रमा उल्लेखसम्म गरेको पाइएन । क्लियरिङ एजेन्टलाई तिरे बुझाएको भने पनि सोको वस्तुगत प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा सो रकमलाई वास्तविक खर्च भएको रकम भनी मिन्हा दिन मिल्ने नदेखिने । मालबाहक साधन भारत तथा नेपालमा डिटेन भएको अवस्थामा लागेको खर्चको भुक्तानी गरेको पुष्टि गर्ने बिल एवं भौचरलगायतका प्रमाण पेस गरी सो खर्च पुष्टि गर्ने दायित्व प्रत्यर्थी फर्मको रहेकोमा मालबाहक गाडी डिटेन गरेको अवस्थामा सो रकम गाडीलाई तिरे बुझाएको पुष्टि गर्ने कुनै कागजातसमेत प्रत्यर्थी फर्मले गुजार्न सकेको पाइएन । भारतमा गाडी डिटेन गर्दा यसमा यती डिटेन्सन खर्च लागेको भनी भारतबाट लेखी आएकोसमेत नदेखिएको र भन्सार प्रज्ञापनपत्रमा समेत सो उल्लेख भएको नदेखिएको अवस्थामा डिटेन्सन खर्च भनी लेखिएको रकमलाई करयोग्य आय होइन भन्न नमिल्ने ।

प्रत्यर्थी फर्मले रकम भुक्तानी गर्दा तलबी भरपाइमा नाम समावेशै नभएका व्यक्तिहरूका नाममा भुक्तानी दिएको भन्ने कुरा प्रत्यर्थी फर्मले स्वीकार गरेको पाइन्छ । अस्थायी एवं ज्यालादारीमा रहेका र फर्मको कारोबार व्यवसायको सिलसिलामा बाहिर घुम्ने कर्मचारी हुँदा भुक्तानी फाराममा नाम समावेश नभएको भन्ने प्रत्यर्थी फर्मको जिकिर रहेको पाइयो । अस्थायी, करार वा ज्यालादारी जुनसुकै प्रकृतिका कर्मचारी भए पनि कर्मचारीलाई तलब भुक्तानी दिँदा तलबी फाराम नै तयार नगरी आधिकारिक अभिलेख नै नराखी हचुवाको भरमा भुक्तानी दिएको कार्यले कानूनी मान्यता पाउन

नसक्ने । तिर्थ पाण्डे र प्रत्यर्थी फर्मका बिच मिति २०६३।२।५ मा सम्झौता भएबमोजिम गाडी बिक्री गरी दिन उक्त रकम कमिसन दिएको भन्ने प्रत्यर्थी फर्मको जिकिर रहेको पाइन्छ । मिति २०६३।२।५ मा प्रत्यर्थी फर्म र तिर्थ पाण्डेबिच प्रोटन गाडी थान १ बिक्री गर्ने गराउने सम्बन्धमा सम्झौता भएपश्चात् रू. ८५,०००।- रकम भुक्तानी गरेको भन्ने मिसिल संलग्न सम्झौतापत्र तथा भुक्तानी भौचरबाट खुल्न आएको पाइन्छ । सो सम्झौताबमोजिम गाडी बिक्री भएको भन्ने पुष्टि गर्ने बिल भरपाइलगायतका प्रमाण प्रत्यर्थी फर्मले पेस गरेकोसमेत नदेखिँदा सम्झौता भएको भन्ने मात्र आधारमा उक्त रकमलाई करयोग्य आयमा समावेश गर्नु पर्ने रकम होइन भन्न नमिल्ने ।

Rate and taxes तर्फ रू.८,७१७।- भुक्तानी गरेको भनी आय विवरण पेस गर्दा दाबी लिएको पाइन्छ । उक्त रकम खुद आयमा समावेश हुनु पर्ने भन्ने पुनरावेदन जिकिर रहेकोमा सो रकम कुन बिलबाट खर्च भुक्तानी गरेको हो भनी पुनरावेदक कार्यालयले खुलाउन नसकेको हुँदा उक्त रकमलाई खुद आयमा समावेश गर्न मिल्ने नदेखिने । राजस्व न्यायाधिकरणमा पेस हुन आएको प्रत्यर्थी फर्म र हुलास बिस्कुट एन्ड कन्फेक्सनरीका बिच भएको सम्झौतामा ब्याज दिने लिने सर्त भएको नदेखिएको भनी खुल्न आएको अवस्थामा प्रत्यर्थी फर्मले ब्याज लिएको भन्ने पुष्टि गर्ने तथ्ययुक्त प्रमाण पुनरावेदकबाट पेस हुनसकेको समेत नदेखिँदा त्यस्तो रकमलाई खुद आयमा समावेश गर्न नमिल्ने । प्रि-स्टेसनरी खर्च रकम कुन मितिमा खर्च भएको रकम हो भनी पुनरावेदकले स्पष्ट दाबी लिन सकेको देखिँदैन । भ्रमण खर्च रू. ५९,६२२।०८ प्रत्यर्थी फर्मका साझेदार दिवाकर गोल्छाले फर्मको निर्णयानुसार भ्रमण गरी नियमानुसार नै खर्चको बिल भुक्तानी लिएको मिसिल संलग्न प्रमाणबाट देखिन आएको हुँदा त्यस्तो खर्चलाई करयोग्य आयको रूपमा लिन मिल्ने देखिएन । सेलिङ एन्ड डिस्ट्रिब्युसन खर्च रू.१,५६,०३५।- को सम्बन्धमा के कुन मितिमा कुन बिलबापत सो रकम खर्च भएको भन्ने पुनरावेदकले स्पष्ट दाबी लिनसकेको नदेखिँदा त्यस्तो अस्पष्ट मागको आधारमा सो रकमलाई करयोग्य आय मान्न मिल्ने नदेखिने ।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा ठुला करदाता कार्यालय काठमाडौंको मिति २०६४।३।३२ को निर्णय र अन्तिम कर निर्धारण आदेशलाई केही उल्टी गरी Rate and taxes अन्तर्गतको रू. ३१,६०२।- मध्ये रू.२२,८८५।- खुद आयमा समावेश हुने र रू. ८,७१७।- खुद आयमा समावेश हुन नसकी मिन्हा हुने, Warranty खर्चबापतको रू. २८,१५९।६८ खुद आयमा समावेश हुने, मिठाई खर्च रू. १४,९६२।५० खुद आयमा समावेश हुने, स्टाफ वेलफेयर खर्च रू. ६,८००।- र रू. ९,३२४।- खुद आयमा समावेश हुने तथा Security Deposit को रू. ३४,०००।- खुद आयमा समावेश हुन नसकी मिन्हा हुने, प्रि-स्टेसनरी खर्च रू. १५,५२०।-, भ्रमण खर्च रू. ५९,६२२।००, Selling and Distribution Exp. को रू. १,५६,०३५।- खुद आयमा समावेश हुन नसकी मिन्हा हुने गरी मिति २०६५।५।९ मा भएको राजस्व न्यायाधिकरणको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र क्लियरिङ खर्च रू.१५,४४,९६०।- डिटेन्सन खर्च रू.४,६९,१३६।-, कर्मचारीको तलब खर्च रू.२,६५,९२७।- र गाडी बिक्रीको कमिसन सुविधाबापतको रू.८५,०००।- रकम करयोग्य आयमा समावेश गर्नु पर्नेमा उक्त रकम मिन्हा दिने गरी भएको फैसला सो हदसम्म नमिली केही उल्टी भई क्लियरिङ खर्च, डिटेन्सन खर्च, कर्मचारीको तलब खर्च र गाडी बिक्रीको कमिसन सुविधाबापतको रकम करयोग्य आयमा समावेश हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-CR-०६४३, अवैध रूख कटानी गरी हानि नोक्सानी गरेको, *गिरीराज गिरीसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी भुवनप्रसाद अधिकारीले आफू उपभोक्ता समितिको पदाधिकारी नरहेको कारण आफू निर्दोष रहेको भनी जिकिर लिएको भए तापनि निज गौरी सामुदायिक वनको चाकलिघाटको पश्चिमको वनमा अवैध रूख कटान भएको फेला पारी बरामद हुँदाको समयमा नै पक्राउ परेको देखिन्छ भने आफू ठेकेदारको रूपमा काम गर्छु र वन उपभोक्ता समितिको सदस्यसमेत रहेको भनी स्वीकार गरेको देखिन्छ। यसरी मुद्दाका अन्य सबै प्रतिवादीहरूले आफूहरूले जिल्ला वन कार्यालयको अनुमति नलिई रूख कटान गरेको भनी स्वीकार गरेको अवस्था तथा यी प्रतिवादी भुवनप्रसाद अधिकारी काठको ठेकेदार रहेको अवस्थालाई विचार गर्दा वन उपभोक्ता समितिको पदाधिकारी नभएको आधारमा मात्र रूख कटानीमा यी प्रतिवादीको संलग्नता नरहेको भनी मान्न मिल्ने देखिँदैन। ठेकेदारको रूपमा यी प्रतिवादीको संलग्नता रहेको नै देखिन्छ। आफू वन उपभोक्ता समितिको पदाधिकारी नभएको कारणले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादी भुवनप्रसाद अधिकारीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने। वन उपभोक्ता समितिले विगत ३ वर्षदेखि कुनै पनि काठ दाउरा निकाल्न नसकी उपभोक्ताहरूलाई वितरण गर्न नसकेको अवस्थामा एक वर्षको कार्य योजनाबमोजिम काट्न पाउने स्किमभन्दा केही बढी ९१५.७७ घ.फि. काठ दाउरा कटान भएको तर सो गर्नको लागि आफूहरूको आपराधिक मनसाय नरहेकोले अभियोग दाबीबाट फुर्सद पाउनुपर्ने भनी जिकिर लिएको देखिन्छ। प्रतिवादीहरूले उक्त जिकिर लिएको भए तापनि राष्ट्रिय वनलाई सामुदायिक वनको रूपमा ग्रहण गर्दा नै आफूले सामुदायिक वनको रूपमा पाएको वन क्षेत्रमा कुनै प्रकारको हानि नोक्सानी गर्ने गराउने छैनौं, कार्ययोजनाबमोजिम काम गर्न नसकेमा वा कार्ययोजनाविपरीत काम गरेमा वन ऐनबमोजिम कारबाही गरेमा हाम्रो मन्जुरी छ भनी कबुलियतनामासमेत गरेको देखिन्छ। यसरी कार्ययोजनाबमोजिम गर्नेछौं भनी कबुलियतनामासमेत गरिसकेको अवस्थामा वन कार्यालयबाट सहमति नलिई आफ्नो हिसाबबाट रूख कटानी गरेकोमा आफूहरूको आपराधिक मनसाय नरहेको भन्ने आधारमा मात्र अवैध रूपमा रूख कटानी गर्ने कार्यबाट उत्पन्न कानूनी दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन। प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय हुनु नै पर्ने।

जिल्ला वन कार्यालयको तर्फबाट दायर भएको अभियोगपत्रमा रू ८,३३,५०४।२० हानि नोक्सानी भएको भनी उल्लेख भएको देखिन्छ। सुरू जिल्ला अदालतको फैसलामा आ.व.२०६८।६९ मा प्लट नं.२ग बाट वार्षिक २ग मौज्दातको २९८९.८७ घन फिट काठ मात्र जिल्ला वन कार्यालयको सहमति लिई संकलन गर्न पाउने प्रावधान रहेको भन्ने उल्लेख भएकोमा सो कार्यालयको सहमति नभएको अवस्थामा सो मात्रालाई घटाई बिगो कायम गरेको देखियो। जुन काम वन कार्यालयको सहमतिबाट गर्न सकिन्छ सो कार्य वन कार्यालयको सहमति नलिएको अवस्थामा पनि कानूनसङ्गत नै हुन्छ भनी मान्न मिल्दैन। यस अवस्थामा २९८९.८७ घन फिटसम्म काटेको काठ वैध र सोभन्दा माथिको मात्र अवैध काठ हो भनी सुरू जिल्ला अदालत आफैँले बिगो घटाउने गरी भएको सुरू अदालतको फैसला मनासिब देखिँदैन। बरामद भएको सम्पूर्ण काठको बिगो कायम गर्नु पर्ने।

अतः माथि विवेचित कारण र आधारमा जिल्ला वन कार्यालयको सहमति र मन्जुरीबाट मात्र काठ कटानी गर्न पर्नेमा सोबमोजिम नगरी अनियन्त्रित

रूपमा सामुदायिक वनबाट अवैध काठ कटानी गरी प्रतिवादीहरूले वन ऐन, २०४९ को दफा५०(१)(घ)(४) बमोजिमको कसुर गरेको देखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूलाई उक्त दफाबमोजिम बिगो रू.८,३३,५०४।२० को दोब्बर रू.१६,६७,००८।४०२ दामासाहीले जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।१।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७३-WO-१०७७, उत्प्रेषण / परमादेश, *पूर्णकुमार कार्की वि. राष्ट्रिय चिया तथा कफी विकास बोर्डसमेत*

संवैधानिक व्यवस्थाबाट चिया खेतीमा निर्भर साना किसानहरूले आफ्नो श्रमको ज्याला पाउनु पर्ने तथा परिश्रम गरी उत्पादित हरियो चियापत्तिको समयानुसारको उचित मूल्य पारिश्रमिक पाउनु पर्ने कुरामा विवाद देखिएन । हरियो पत्ति चियाको स्वेच्छाचारी ढंगबाट मूल्य निर्धारण भई श्रम गरी जीविकोपार्जन गर्नुपर्ने किसानहरू आफ्ना आधारभूत हकबाट विमुख हुनुपर्ने तथा बिचका व्यापारीले बढी लाभ लिने, सरकारी राजस्व छली गर्ने अवस्थाको अन्त्य हुनुपर्ने देखिन आउने।

उपर्युक्त विवेचित संविधान, कानून तथा आधार कारणहरूबाट चिया किसानहरूको मौलिक हकको संरक्षणको लागि हरियो पत्ति चियाको मूल्य समय समयका लागि (on the seasonal basis) वैज्ञानिक र वस्तुनिष्ठ किसिमले हरियो पत्ति चियाको मूल्य तोक्नु र सोही मूल्यको आधारमा करको दायरामा ल्याउन आवश्यक नियात्मक व्यवस्थासमेत गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसम्म जारी हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल आषाढ १० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७४-WO-०४०७, उत्प्रेषण / परमादेश, *नागेन्द्रप्रसाद पटेल वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत*

निवेदक मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७०।११।१६ को निर्णयानुसार मिति २०७०।३।६ देखि लागू हुने गरी र विपक्षी सोनालाल साह (कानु) मिति २०६७।१।२० को निर्णयानुसार मिति २०६६।१०।१७ देखि लागू हुने गरी नेपाल स्वास्थ्य सेवा सहायक पाँचौं तहमा स्तरवृद्धि भएको कुरामा विवाद देखिँदैन । निजहरूको बढुवा समायोजनको लागि भएको विज्ञापनअनुसार जिल्ला स्वास्थ्य कार्यालय, गौर, रौतहटबाट पाँचौ तहको हे.अ. पदमा बढुवा समायोजन गरिएको सूचनामा यी निवेदक नागेन्द्रप्रसाद पटेल सातौं नम्बरमा सिफारिस भएको देखिन्छ । विपक्षी सोनालाल साह उक्त सिफारिसमा समावेश भएको देखिँदैन । सोउपर विपक्षीले लोक सेवा आयोग नारायणी अञ्चल कार्यालय हेटौंडामा निवेदन दिएकोमा उक्त कार्यालयले स्वास्थ्य सेवा ऐन तथा नियमावलीको परिधिभित्र रही सम्बन्धित उम्मेदवारहरूले प्राप्त गरेको शैक्षिक योग्यता, नोकरी अवधि र स्तरवृद्धिमा ज्येष्ठ रहेका उम्मेदवारहरूलाई कानूनबमोजिम बढुवा समितिद्वारा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवा समायोजन गरिएकोउपर चित्त नबुझी उजुरी गरेकोमा कुनै सत्यता नरहेको हुँदा उजुरी खारेज हुन्छ भनी निर्णय गरेको देखिन्छ। सो निर्णयउपर विपक्षी सोनालाल साहले लोक सेवा आयोगमा उजुरी गरेकोमा लोक सेवा आयोगबाट निज सोनालाल साहसमेतलाई सम्भाव्य उम्मेदवार

कायम गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ को उपदफा (५) को खण्ड (ख) बमोजिम पाँचौं तहमा स्तरवृद्धि भएको आधारमा ज्येष्ठतातर्फ विचार गर्दा निवेदकसमेतका उम्मेदवारभन्दा ज्येष्ठ रहेको देखिएकोले उक्त बढुवा समायोजन सिफारिस सूचीमा समावेश हुने निवेदक नागेन्द्रप्रसाद पटेलको नाम बढुवा सूचीबाट हटाई विपक्षी सोनालाल साहलाई बढुवा समायोजन गरेको देखिने। निवेदक नागेन्द्रप्रसाद पटेल नेपाल स्वास्थ्य सेवा ऐन (चौथो संशोधन), २०५३ बमोजिम दफा १७ को कानूनी व्यवस्थाबमोजिमको जेष्ठ उम्मेदवार नभई निज मिति २०७०।३।६ बाट लागू हुने गरी पाँचौ तहमा स्तरवृद्धि भएकोलाई बढुवा समायोजन नगरी मिति २०६६।१०।१७ बाट लागू भई कार्यरत विपक्षीमध्येका सोनालाल साहलाई बढुवा समायोजन गरेको निर्णयलाई कानूनविपरीतको भनी भन्न मिल्ने नदेखिने।

अतः लोक सेवा आयोग केन्द्रीय कार्यालयबाट विपक्षी सोनालाल साहसमेतलाई सम्भाव्य उम्मेदवार कायम गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ को उपदफा (५) को खण्ड (ख) बमोजिम पाँचौं तहमा स्तरवृद्धि भएको आधारमा ज्येष्ठतातर्फ विचार गर्दा निवेदकसमेतका उम्मेदवारभन्दा ज्येष्ठ रहेको देखिएकोले उक्त बढुवा समायोजन सिफारिस सूचीमा समावेश हुने निवेदक नागेन्द्रप्रसाद पटेलको नाम बढुवा सूचीबाट हटाई विपक्षी सोनालाल साहलाई बढुवा समायोजन गर्ने गरेको मिति २०७४।५।२९ को निर्णय कानूनसम्मत देखिँदा उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः शोभा पाठक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम्।

## ६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७०-CR-१५२६, लागु औषध खैरो हेरोइन, *जमाल अन्सारी वि. नेपाल सरकार*

प्रतिवादीहरूमध्ये शेष इलियासले लगाएको ज्याकेटको खल्तीभित्र लुकाई राखेको अवस्थामा लागु औषध हेरोइन ९२ ग्राम फेला परेको बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादी दुवैजना सँगै रहेको अवस्थामा फेला परेको उक्त हेरोइन दुवै प्रतिवादीहरूको संयुक्त सल्लाहमा राजु भन्ने व्यक्तिलाई दिन बालकुमारी पुलमा कुरी राखेको अवस्थामा प्रहरीले पक्राउ गरेको भन्ने कुरा दुवै प्रतिवादीले स्वीकार गरेको अवस्था छ । पुनरावेदक प्रतिवादीले आफ्नो साथबाट लागु औषध बरामद नभएकोले आफू निर्दोष रहेको भन्ने जिकिर लिएतर्फ विचार गर्दा, हेरोइन मात्रात्मक रूपमा अत्यन्त कम मात्रामा भए पनि त्यसको असर गम्भीर हुने, यसको कारोबार ग्राममा मात्र हुने हुँदा यसलाई अलग अलग व्यक्तिले लिई हिँड्ने गरेको पाइँदैन, निजको सँगै रहेका प्रतिवादीबाट रँगे हात बरामद भएको अवस्था हुँदा निजको जिकिर मनासिब देखिन नआउने।

प्रतिवादी जमाल अन्सारीले अनुसन्धानको क्रममा बयान गर्दा २०६७।९।१३ गते शेष इलियासले भारतको रक्सौलबाट मुन्ना खाँले दिएको एक पोका लागु औषध खैरो हेरोइन लुकाई ल्याएको छु । उक्त लागु औषध खैरो हेरोइन लिन राजु भन्ने केटा आउँछन उसलाई दिनु भनेकोले सो लागु औषध दिनका लागि शेष इलियासको अनुरोधमा उक्त लागु औषध बिक्री गर्न भनी निज शेष इलियाससँग बालकुमारी पुलनिर कुरिरहेको अवस्थामा प्रहरी आई हामी दुवैजनालाई पक्राउ गरेका हुन् भन्ने बयान गरेको देखिन्छ । निजहरूको उक्त बयानबाट निजसमेत संलग्न भएको कुरामा द्विविधा नरहने । अदालतमा दुवैजना प्रतिवादीहरूले बयान गर्दा कसुरमा इन्कारी भई बयान गरे पनि निजहरूलाई प्रहरीले त्यस्तो साबिती गराउनु पर्ने कारण प्रस्ट पार्न सकेको देखिँदैन । दशीको रूपमा लागु औषध बरामद भएको, दुवै जना

प्रतिवादीहरू पक्राउ परेका, र अनुसन्धानको बयानमा दुवैजना कसुरमा साबित भएका तथा निजहरूको अनुसन्धानको साबिती बयानलाई बरामद भएको लागु औषधले समर्थन गरेको अवस्थामा अदालतमा इन्कारी बयान गरेकै आधारमा यी पुनरावेदक प्रतिवादी निर्दोष छन् भन्न सक्ने अवस्था नरहँदा पुरावेदन अदालतको फैसला उल्टी गरी सफाइ हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) (ङ) र (च) बमोजिमको कसुरमा सोही ऐनको दफा १४ (१) (६) (२) बमोजिम प्रतिवादी जमाल अन्सारीलाई १२ वर्ष कैद र एक लाख जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल मंसिर ३ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री डम्बरबहादुर शाही**, ०७५-WH-००२३, बन्दीप्रत्यक्षीकरण, *निकिता तामाङ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकलाई पुष्पा गुरूङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हिमाल तामाङ भएको ठगी मुद्दामा जाहेरवाला पुष्पा गुरूङले किटानी जाहेरी दिएकोले यी निवेदकलाई पक्राउ गर्नु पर्ने हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९(२) बमोजिम यी निवेदकलाई अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपर्ने भएकोले काठमाडौं जिल्ला अदालतबाट पक्राउ गर्ने अनुमति लिई पक्राउ गरेको देखिन्छ। प्रारम्भिक रूपमा नै यी निवेदकलाई कानूनी प्रक्रिया पूरा गरी पक्राउ गरेको कार्यलाई गैरकानूनी पक्राउ भनी मान्न मिल्ने नदेखिने। निवेदकलाई मिति २०७५।५।९ को पक्राउ पुर्जीअनुसार मिति २०७५।५।१० मा पहिलो पटक ३ दिन, मिति २०७५।५।१२ मा दोस्रो पटक २ दिन र मिति २०७५।५।१४ मा तेस्रो पटक दिन ७ म्याद थप गरी थुनामा राखेको देखिने।

निवेदकका उपर ठगी गरेको भनी किटानी जाहेरी दिएको देखिँदा अहिले नै यी निवेदक निर्दोष रहेछन् भनी भन्न मिल्ने देखिँदैन। त्यसैगरी सोही मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २४९ को उपदफा (३) (ग) मा कसुर प्रमाणित भएमा यी निवेदकलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने कसुरसमेत देखिएकोले उक्त मुद्दाको अनुसन्धानको सिलसिलामा निजलाई पक्राउ गरी कानूनबमोजिम म्याद थप गरेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने।

अतः ठगी मुद्दाको जाहेरी परी कानूनबमोजिम पक्राउ गर्ने अनुमति लिई पक्राउ गरी म्याद थप गरी थुनामा राख्ने गरी भएको कामकारबाही कानूनअनुरूपकै देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ २१ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-११४४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. होमबहादुर थापासमेत*

वारदातस्थलमा उपस्थित भई निजले पीडितलाई कुटपिट गर्ने कार्य गरेका हुन् भनी सुरू जाहेरी बेहोरा एवं चश्मदित व्यक्तिहरूको भनाइसमेतबाट यी

प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी खुल्न आएको नदेखिएको हुँदा प्रस्तुत मुद्दामा प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादी होमबहादुर थापालाई कसुरदार कायम गर्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादी होमबहादुर थापाको हकमा निजलाई सफाइ दिने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७१।०२।१३ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी प्रवेश मच्छेलको विरूद्धमा मौकाको किटानी जाहेरीमा नाम उल्लेख भएको नदेखिएको र मौकामा पक्राउ परेका सहप्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानमा पनि यी प्रतिवादीसमेत रहेको भनी निजउपर पोल गरेको नदेखिएको एवं जाहेरवाला तथा पीडित स्वयंले यी प्रतिवादी वारदातस्थलमा उपस्थित रहेका र चोट छाडेको भनी भन्न नसकेबाट र प्रतिवादीका साक्षी गोपीलाल दमाईले वारदातको समयमा यी प्रतिवादी नेपालमा नभई भारतमा थिए भनी गरेको बकपत्रसमेतले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र रहेको भन्ने निज प्रतिवादीको जिकिर नै पुष्टि हुन आएको देखिएबाट निज प्रतिवादी प्रवेश मच्छेलले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादी प्रवेश मच्छेललाई सुरू सुर्खेत जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुरदार ठहर गरी निज प्रतिवादीलाई ७ (सात) वर्षको कैद सजाय हुने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७०।०५।१८ मा भएको फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने भनी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७१।७।१६ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रस्तुत मुद्दामा यी प्रतिवादी होमबहादुर थापालाई कसुरदार कायम गर्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादी होमबहादुर थापाको हकमा निजलाई सफाइ दिने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७१।०२।१३ मा भएको फैसला सदर हुने भनी एवं प्रतिवादी प्रवेश मच्छेलले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादी प्रवेश मच्छेललाई सुरू सुर्खेत जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुरदार ठहर गरी निज प्रतिवादीलाई ७ (सात) वर्षको कैद सजाय हुने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७०।०५।१८ मा भएको फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने भनी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७१।०७।१६ मा भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०४२३, खिचोला मेटाई चलन चलाइ पाऊँ, *कमलनाथ वि. नारायण सिंह साउद*

पुनरावेदन अदालत महेन्द्रनगरबाट भएका आदेशानुसार मिति२०६७।११।२मा भई आएको स्थलगत नापनक्सा मुचुल्काबाट न.नं. १४, न.नं. १५, न.नं. १६ र न.नं.१९ मा विवादित जग्गा भन्ने जनिई आएको देखिएकोमा न.नं.१६ को विवादित जग्गा कि.नं.१४३४ भित्रको देखिन आए तापनि सो विवादित जग्गामा वादीको दाबी रहेको देखिन आएन । विवादित न.नं. १९को जग्गामा प्रतिवादी आनसिंह मालको भोगको जमिन हो भनी उक्त नक्सा मुचुल्कामा उल्लेख भई आएको देखिएको छ । उक्त न.नं.१९को विवादित जग्गा कि.नं.१४३५ भित्रको देखिन आई सो जग्गा वादी नारायण सिंह साउदको

नाममा दर्ता रहेको देखिन्छ । वादीको नाउँमा दर्ता रहेको उक्त जग्गामा वादीको भोग नरही प्रतिवादीको भोगमा रहेको देखिन्छ । आफ्नो नाउँमा दर्ता स्रेस्ता नरही वादीको नाउँमा एकाका नामको जग्गा अरूको भोग भन्ने देखिएपछि र उक्त जग्गा आफ्नो भएको भए सो कुराको प्रमाणसहित प्रतिउत्तर पत्र दाखिल गर्नु पर्नेमा प्रतिवादी आनसिंह मालले प्रतिउत्तर नै नफिराई वादी दाबी स्वीकार गरी बसेको देखिँदा निजले वादी दाबीबमोजिम खिचोला गरेको देखिन आयो । न.नं.१५ अर्थात् कित्ता नं.१४३३ को जग्गाधनीको दर्ता प्रमाणपुर्जाबाट वादी नारायण सिंह साउदको नाममा रहेको देखिएको तर सो जग्गाको भोग निजको नरहेको भनी नक्सा मुचुल्कामा उल्लेख भएबाट सो जग्गा पनि खिचोला भएकै देखिने ।

वादीको जग्गाधनी दर्ता प्रमाणपुर्जामा उल्लेख भएको जग्गा खिचोला भयो भनिएको जग्गाको क्षेत्रफल समावेश गर्दा पनि कम नै देखिएको र वादीको उक्त जग्गा कमलनाथको भोगचलनमा रहे भएको भनी नक्सा मुचुल्कामा उल्लेख भई आएको देखिँदा वादी दाबीबमोजिम प्रतिवादी कमलनाथले कि.नं. १४४० को जग्गा खिचोला गरेकै देखिन आएको अवस्था हुँदा वादी दाबी पुग्न नसक्ने भनी सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम खिचोला भएको भन्ने ठहर गरिएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मनासिब रहेको देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवं निजका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसमेतसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६५।१२।१० मा भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादी कमलनाथले कि.नं.१४४० को जग्गामध्ये पूर्वतर्फ १७० वर्गमिटर जग्गामा खिचोला गरी घर बनाएको देखिँदा उक्त खिचोला गरी बनाएको घर उठाई वादीले चलनसमेत चलाई पाउने र सोही कि.नं. को बाँकी ७३० वर्गमिटर जग्गामा निज कमलनाथले खिचोला गरेको र प्रतिवादी आनसिंहले कि.नं.१४३५ पूरै र कि.नं.१४३३को पूर्वतर्फ ६०० वर्गमिटर जग्गामा गरेको खिचोला मेटाई वादीले चलनसमेत चलाई पाउने ठहराई मिति २०६८।३।२१ मा पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम् ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१४१९, जालसाजी, *कान्छी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ*

पुनरावेदिका प्रतिवादी कान्छी श्रेष्ठ र प्रत्यर्थी वादी मोहीनी श्रेष्ठबिच सासू बुहारी र बालकृष्ण श्रेष्ठ कान्छी श्रेष्ठको छोरा भई बालकृष्ण श्रेष्ठ मोहीनी श्रेष्ठको पति नाताको व्यक्ति भएको कुरामा कुनै विवाद रहेको देखिँदैन । यी प्रतिवादी कान्छी श्रेष्ठको आफ्नो पति मानबहादुर श्रेष्ठको २०३९ सालमा मृत्यु भएपछि निज कान्छी श्रेष्ठ र निजको देवर मानकृष्ण श्रेष्ठबिच मिति २०५१/१०/०९ मा भएको अंशबन्डाबाट प्राप्त गरेकी हुन् । मानबहादुरको जेठी श्रीमती जुगिनी श्रेष्ठ पनि भएको भए पनि निजको तर्फबाट जन्मिएका छोरा मोहनकृष्ण श्रेष्ठ र कान्छी श्रेष्ठबिच अंश मुद्दा चली मिति २०५६/०२/०५ मा मिलापत्र भई मूल अंशियारहरूबिच अंशबन्डा भइसकेको भन्ने कुराको जिकिर पुनरावेदिका प्रतिवादी कान्छी श्रेष्ठसमेतले लिएको प्रतिवाद जिकिरबाट देखिन्छ भने यी वादी मोहिनी श्रेष्ठका पति बालकृष्ण श्रेष्ठ र कान्छी श्रेष्ठका बिच कानूनबमोजिम अंशबन्डा भइसकेको

भनी प्रतिवादीहरूले भन्नसकेको अवस्था देखिँदैन । कानूनबमोजिम अंशबन्डा भएको पुष्टि नभएसम्म अंश नभएका जुनसुकै अंशियारको नाउँमा पैतृक सम्पत्ति रहेको भए पनि त्यस्तो सम्पत्तिलाई सगोलकै सम्पत्ति मान्नु पर्ने हुन्छ। अतः विवादको कि.नं.३९५ को जग्गा कान्छी श्रेष्ठ र निजको देवर मानकृष्ण श्रेष्ठबिच मिति २०५१/१०/०९ मा भएको अंशबन्डाबाट प्राप्त हुन आएको पैतृक सम्पत्ति भन्ने देखिँदा उक्त सम्पत्तिलाई संगोलको बन्डायोग्य पैतृक सम्पत्ति नै मान्नु पर्ने।

प्रतिवादीहरूले विवादको कि.नं.३९५को जग्गा बिक्री गर्दा यी वादीको मन्जुरी लिएको अवस्था देखिँदैन । मूल अंशियार कान्छी श्रेष्ठ र बालकृष्ण श्रेष्ठको अंश भाग छुट्याई बालकृष्ण श्रेष्ठले विवादको जग्गाबाट पाउने अंश भागबाट यी वादी मोहिनी श्रेष्ठले अंश पाउने अंशियारा भएको कुरामा विवाद देखिँदैन । यी वादी घर छोडी माइत गई बसेको अवस्थामा यी वादीको समेत अंश हक सन्निहित रहेको कि.नं.३९५ को जग्गा वादीलाई कुनै थाहा जानकारी नदिई आफ्नै छोरी ज्ञानी श्रेष्ठलाई प्रतिवादी कान्छी श्रेष्ठले प्रतिवादी बालकृष्ण श्रेष्ठलाई साक्षीमा राखी वादीको अंश हकमा नै गम्भीर असर पर्ने गरी हक हस्तान्तरण गरेको देखिँदा त्यस्तो काम कारबाहीलाई कानूनअनुरूपको मान्न मिल्ने नदेखिने।

प्रत्यर्थी वादी मोहीनी श्रेष्ठले यी प्रतिवादी कान्छी श्रेष्ठ र बालकृष्ण श्रेष्ठसमेतलाई विपक्षी बनाई दायर गरेको अंश चलन मुद्दामा निज वादी मोहीनी श्रेष्ठले प्रतिवादीहरूबाट अंश हक छुट्याई लिन पाउने ठहरी भएको फैसला अन्तिम भई बसेको देखिन्छ । कान्छी श्रेष्ठ र बालकृष्ण श्रेष्ठबिचमा कानूनबमोजिम अंशबन्डा नभइसकेको स्थितिमा विवादको कि.नं. ३९५ को जग्गा पुनरावेदिका कान्छी श्रेष्ठ र बालकृष्ण श्रेष्ठबिच दुई भाग लागी उक्त दुई भागमध्ये बालकृष्णको १ भागबाट प्रत्यर्थी मोहीनी श्रेष्ठले आफ्नो अंश भाग प्राप्त गर्न सक्ने कानूनतः देखिन्छ । अतः विवादको कि.नं.३९५ को जग्गामा मोहिनी श्रेष्ठको समेत अंश हक सन्निहित रही त्यस्तो सगोलको पैतृक सम्पत्तिमध्येबाट पतिले पाउने अंश भागबाट वादीको अंश प्राप्त गर्ने हक सुरक्षित नै रहिरहेको देखिने।

प्रत्यर्थी वादी मोहिनी श्रेष्ठसमेतको अंश हक रहेको कि.नं.३९५ को जग्गा कान्छी श्रेष्ठ र बालकृष्ण श्रेष्ठ मिली बालकृष्ण श्रेष्ठ साक्षीमा बसी कान्छी श्रेष्ठले आफ्नै छोरी ज्ञानी श्रेष्ठलाई हालैदेखिको बकसपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूका बिच मिति २०६६/३/३१ मा भएको र.नं. ५७२४क को हालैदेखिको बकसपत्र लिखतमा यी वादीको मन्जुरी सहमति रहेको देखिन नआएको अवस्थामा यी वादीलाई निजको अंश हकबाट नै वञ्चित गर्ने गरी दिने कान्छी श्रेष्ठ र लिने ज्ञानी श्रेष्ठ भई गरेको विवादको र.नं. ५७२४क मिति २०६६/३/३१ मा भएको हालैदेखिको बकसपत्रको लिखतमा वादीका पति साक्षी बसेकै आधारमा सो सम्पत्तिमा वादीको हकको समाप्ति भइसकेको भन्ने अर्थ गर्ने हो भने वादीले आफ्नो अंशहकको रूपमा प्राप्त गर्ने सम्पत्तिबाट स्वतः विमुख हुन जाने अवस्था देखिन आउने।

वादीको निर्विवाद अंशहक सन्निहित रहेको निजको एकासगोलमा रहेकी आफ्नै सासू यी प्रतिवादी कान्छी श्रेष्ठका नाउँमा पैतृक सम्पत्तिको स्रोतबाट आएको उक्त कि.नं.३९५ को १-६-२-३ जग्गा वादीको मन्जुरी स्वीकृति नलिई उक्त सम्पत्तिमा वादीलाई निजको अंशहकबाट विमुख तुल्याउने निहित उद्देश्यका साथ यी वादीका पतिसमेत साक्षीमा बसी जालसाजीपूर्वक मिति २०६६/३/३१ मा र.नं. ५७२४क को लिखतबाट हालैदेखिको बकसपत्र लिखत पारित गरी दिए लिएको देखिएको हुँदा उक्त लिखतमा उल्लिखित कि.नं.३९५ को जग्गामा निज वादीको अंशभाग देखिएको हकजति ४ खण्डको १ खण्ड लिखत जालसाजी घोषित हुने ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६९।१२।०६

मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०३।०६ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, माथि विवेचित आधार र कारणसमेतबाट वादी दाबीबमोजिम विवादको र.नं.५७२४क मिति २०६६/०३/३१ को हालैदेखिको बकसपत्र लिखत जालसाजी घोषित गरी ४ खण्डको १ खण्ड लिखत बदर हुने गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६९।१२।०६ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७२-CI-१३५५, राजीनामा लिखत बदर, *बालकुमारी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ*
- ०७२-CI-१३५६, हालैदेखिको बकसपत्र बदर, *बालकुमारी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ*
- ०७२-CR-१३७३, जालसाजी, *बालकुमारी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ*
- ०७२-CI-१४०१, राजीनामा लिखत बदर, *बालकुमारी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ*
- ०७२-CI-१४०२, लिखत बदर, *चमेली श्रेष्ठ वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CI-१४०३, लिखत बदर, *ज्ञानी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ*
- ०७२-CI-१४०४, लिखत बदर, *ज्ञानी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CI-१४०५, हालैको बकसपत्र बदर, *ज्ञानी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CR-१४१६, जालसाजी, *बालकुमारी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CR-१४१७, जालसाजी, *बालकुमारी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CR-१४१८, जालसाजी, *ज्ञानी श्रेष्ठसमेत वि. मोहीनी श्रेष्ठ*
- ०७२-CR-१४२०, जालसाजी, *चमेली श्रेष्ठ वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७२-CR-१४२१, जालसाजी, *ज्ञानी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ*
- ०७२-CR-१५६८, जालसाजी, *बालकुमारी श्रेष्ठ वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०७६२, जालसाजी, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०७६३, जालसाजी, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०७६४, जालसाजी, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०७६५, जालसाजी, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०८९४, लिखत बदर, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०८९५, धितो बन्धक लिखत बदर, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०८९६, लिखत बदर, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ (जोशी)*
- ०७३-CR-०८९७, राजीनामा लिखत बदर, *कुमारी लामा वि. मोहीनी श्रेष्ठ*

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RB-०१४२, बैंकिङ कसुर, *नेपाल सरकार वि. आशिष गिरी सिंहसमेत*

प्रतिवादी आशिष गिरी सिंह र राजेन्द्र गिरी सिंहले अनुसन्धान अधिकारी र अदालतमा गरेको बयानमा जाहेरवालालाई अनादर भएका विवादमा आएका चेक आफूहरूले काटी दिएको तथ्यलाई स्वीकार गरी खातामा रकम जम्मा हुने आशाले गर्दा चेकहरू काटी दिएको र व्यवसाय घाटामा गएको कारणले समयमै पैसा दिन नसकेको हो। जाहेरवालालाई दिनु पर्ने सबै रकम तिरिसकेको छ, कुनै रकम बुझाउन बाँकी छैन, बैंकिङ प्रणालीलाई हानि नोक्सानी हुने कुनै कसुर नगरेको हुँदा सजाय हुनु पर्ने होइन भनी उल्लेख गरेको देखिने।

प्रतिवादीहरूले मिति २०७५।०१।२३ मा जाहेरवालालाई बुझाउनु पर्ने रकम रू.२,२०,०००।- बुझाएको र जाहेरवाला रणबहादुर कुँवरले उक्त रकम नगदै बुझी लिई सोही मितिमा भरपाइसमेत गरी निजले अदालतमा बकपत्र गर्दा "मैले पाउनु पर्ने सबै रकम रू.२,२०,०००।- पूरै पाइसकेको छु, प्रतिवादीहरूले पाउनु पर्ने सजाय पाइसके, अब मलाई कुनै आपत्ति छैन" भन्ने बेहोरा लेखाई दिएको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिने।

प्रतिवादीहरूले आफूले नियतवश रकम नभएको भन्ने कुरा जानी जानी चेक काटेको नभई व्यवसायबाट प्राप्त हुने रकम खातामा जम्मा हुने आशामा उक्त चेक काटेको भनी बयान गरेबाट प्रतिवादीहरूको मनसाय दूषित नदेखिँदा जाहेरवालाले प्राप्त गर्नुपर्ने आफ्नो बिगो रकम रू.२,२०,०००।- अभियोगपत्र दायर हुनुपूर्व नै पाई भरपाई गिरदिएको तथ्य मिसिल संलग्न प्रमाण कागजातहरूबाट समेत पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गर्नु न्यायोचित नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।०२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : प्रेम थापामगर

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७५-RB-०१३९, बैंकिङ कसुर, *नेपाल सरकार वि. प्रमोदाकुमारी कार्कीसमेत*

जाहेरवालाले प्रतिवादीबाट लिएको एभरेष्ट बैंक लि. न्यूरोड शाखाको खाता नं. ००२००५०१२०६३२३ को चेक नं. १५२२०३८७, १५२२०३१, १५२२०३८३ र १५२२०३८६ का ४ थान चेक बैंकसमक्ष भुक्तानीको लागि पेस नै नगरेको, भुक्तानीको लागि पेस भएको २ थान चेकमा उल्लेख भएबमोजिमको रकम जाहेरी पर्नुअघि नै यसै विषयमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा जाहेरवाला र यिनै प्रतिवादीहरूबिच सो मुद्दा २०७४।५।२१ मा मिलापत्रसमेत भइसकेको अवस्थामा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको नदेखिएकोले निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्कसङ्गत नदेखिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादीहरू प्रमोडा भन्ने प्रमोदाकुमारी कार्की र रामकुमार बोहरालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) र १५(६) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न नसक्ने हुँदा आरोपित कसुरमा सफाइ पाउने गरी उच्च अदालत पाटनबाट मिति २०७४।८।३ मा भएको फैसला मिलेकै देखिँदा सदर

हुने।

इजलास अधिकृतः माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

**३**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RB-०१४१, बैंकिङ कसुर (चेक अनादर), *नेपाल सरकार वि. रेश्मा शाह*

जाहेरी पर्नुअघि नै केही रकम प्रतिवादीले बुझाइसकेको भन्ने जाहेरवालीकै बकपत्रबाट र मिति २०७५।१।२६ को रकम बुझिलिई गरिदिएको लिखतबाट पटक पटक गरी जाहेरवालीले प्रतिवादीबाट सबै रकम बुझिसकेको भन्ने देखिएकोले बिगोबमोजिमको रकम जाहेरवालीले प्राप्त गरिसकेकोले बिगो भराई दिनु परेन साथै बिगो बाँकी नरहेको अवस्थामा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना गरिरहनु न्यायोचित नहुँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब देखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्कसङ्गत देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट खातामा रकम नभएको जानी जानी चेक काटी प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीतको कसुर गरेको देखिँदा यी प्रतिवादी रेश्मा शाहलाई सोही ऐनको दफा १५(१) बमोजिम एक महिना कैद सजाय हुने र प्रतिवादीबाट बिगो रू. २२,००,०००।- (बाइस लाख) जाहेरवालीले प्राप्त गरिसकेकी छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाइसमेत पेस गरेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना र बिगो भराई दिनु नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।०२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: प्रेम थापा मगर

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

**४**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०८६३, उत्प्रेषण / प्रतिषेध, *कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

करदाता सेवा कार्यालय, कलंकीले मिति मिति २०७३।३।१५ मा हुलाकमार्फत फर्मको ठेगानामा सूचना पठाएको देखिए पनि सो सूचनाबमोजिमको जानकारी निवेदक कम्पनीले प्राप्त गरेको देखिएन । मिति २०७३।३।३१ मा संशोधित कर निर्धारण गरेको कुरा मिसिल संलग्न कागजातबाट देखियो। निवेदक करदाताले आफूसँग भएको सबुद प्रमाण पेस गर्ने मौका नपाउँदै आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम संशोधित कर निर्धारण आदेश गरिएको कुराको लिखित सूचना करदाता सेवा कार्यालय कलंकीबाट २०७४।१२।२२ मा जारी गरिएको देखियो। निवेदक करदाताले संशोधित कर निर्धारणको सूचना मिति २०७५।१।२३ मा हुलाकमार्फत मात्र प्राप्त गरेको भन्ने देखिने।

यसप्रकार करदाता सेवा कार्यालय कलंकीले गरेको अन्तिम कर निर्धारण सम्बन्धमा निवेदक कृष्णभक्त श्रेष्ठ आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम आफ्नो भएको सबुद प्रमाणसहित सफाइ पेस गर्ने अवसरबाट वञ्चित भएको देखियो । करदाताले उचित सुनुवाइको अवसर नै प्राप्त नगरी करदाता सेवा कार्यालय कलंकीबाट संशोधित कर निर्धारण आदेश भएको देखियो। यसरी निवेदक करदातालाई रीतपूर्वक सुनुवाइको मौका प्रदान नगरी करदाता सेवा कार्यालय कलंकीले संशोधित कर निर्धारण आदेश

गरेको आयकर ऐन, २०५८ को दफा ११५(३)(ख) मा **"सो निवेदनउपर विभागले गरेको निर्णयको लिखित सूचना निवेदकलाई दिन"** भन्ने कानूनी व्यवस्थाबमोजिम निवेदकलाई सूचना नदिई मिति २०७३।३।३१ मा भएको विवादित कर निर्धारण आदेश र सो सम्बन्धमा भएका काम कारबाही कानूनअनुकूल देखिन आएन। कर निर्धारणका सन्दर्भमा भएका काम कारबाहीका सन्दर्भमा सुनुवाइको अवसर प्रदान गर्नुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको पालना भएको नपाइने।

तसर्थ पुनः कर निर्धारण गर्दा निवेदकलाई सूचना नदिएको आ.व. २०६७/०६८ मा कर छली भएको पाइएकोले मिति २०७३।३।१५ मा संशोधित कर निर्धारणको सूचना जारी गरिएको भनी कर निर्धारण गर्न जारी सूचनाबाट निवेदकको मौलिक एवम् कानूनी हकमा आघात पुगेको हुनाले विवादित कर निर्धारण आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब रिट निवेदक करदातालाई रीतपूर्वक सुनुवाइको मौका प्रदान गरी कानूनको प्रक्रिया अनुशरण गरी पुन: कर निर्धारण गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७४-WO-०८६४, उत्प्रेषण / प्रतिषेध, *कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*
- ०७४-WO-०८६५, उत्प्रेषण / प्रतिषेध, *कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*
- ०७४-WO-०८६६, उत्प्रेषण / प्रतिषेध, *कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

**५**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०५२२, उत्प्रेषण / परमादेश, *कृष्णभक्त श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

चन्द्रागिरी नगरपालिका, गोकर्णेश्वर नगरपालिका, कमलामाई नगरपालिका, कटारी नगरपालिका, लेटाङ भोगटेनी नगरपालिका, फिदिम नगरपालिका, प्युठान नगरपालिका र त्रियुगा नगरपालिकाले विज्ञापन प्रचार प्रसारको लागि निजी सम्पत्तिमा राखिएका होडिङबोर्डमा लगाएको कर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ अनुरूप भए नभएको तर्फ विचार गर्दा, ऐनको उक्त दफा १४३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको दरमा नबढ्ने गरी नगर परिषद्बाट पारित दरमा कर लगाउन सक्ने देखिन्छ । सो ऐनअन्तर्गत बनेको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद ७ नियम १४०,१४१, १४२, १४३, १४४, १४५, १४६, १४७, १४८ र १४९ तथा अनुसूची ८ देखि २१ सम्म नगरपालिकाले के कुन सेवा तथा वस्तुहरूमा कर तथा सेवा शुल्क लगाउन सक्ने भन्नेसम्बन्धी व्यवस्था गरी करको दरसमेत तोकिएको पाइन्छ । तर नियमावलीको उल्लिखित नियम तथा अनुसूचीमा निजी सम्पत्तिमा राखिएका विज्ञापन, प्रचार प्रसारमा कुनै प्रकारको कर तथा सेवा शुल्क लगाउन सकिने गरी तोकिएको भने नदेखिने। नेपालको संविधानको धारा ११७(१) मा कानूनबमोजिम बाहेक कर लगाउन नपाउने व्यवस्था भएको देखिन्छ। नगर परिषद्ले स्वीकृत गरी स्थानीय स्वायत्त शासन ऐन र नियमावलीले दिएको अधिकार प्रयोग गरी लगाएको सेवा शुल्क कानूनबमोजिम नै लगाइएको हुँदा संविधानको

धारा १७ (च), १८ र २५ को प्रतिकूल छैन भनी विपक्षीले जिकिर लिएको भए तापनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ को उपदफा (२) ले आफ्नो कार्य सञ्चालनका लागि सो ऐन र सोअन्तर्गत बनेको नियमको अधीनमा रही अधिकारको प्रयोग गर्ने अधिकार स्थानीय निकायहरूलाई प्रदान गरेको पाइन्छ। ऐनले स्थानीय निकायहरूलाई ऐन र नियममा तोकिएभन्दा थप सेवा वा वस्तुमा कर वा सेवा शुल्क लगाउन पाउने अधिकार स्थानीय निकायहरूलाई प्राप्त भएको भन्न मिल्ने देखिएन । यसरी सम्बन्धित ऐन र नियमले के कुन वस्तु वा सेवामा के कति दरमा सेवा शुल्क वा कर लगाउन सक्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरिसकेपछि सोभन्दा बाहेकका सेवा वा वस्तुमा कुनै पनि नामबाट कर वा दस्तुर लगाउन सक्ने अधिकार नभएको अवस्था हुँदाहुँदै सम्बन्धित ऐन र नियममा उल्लेख नै नभएको निजी सम्पत्तिमा विज्ञापन, प्रचार प्रसारको लागि राखिएको होडिङबोर्डसमेतमा कर, दस्तुर वा सेवा शुल्क लगाउन सक्ने अधिकार स्थानीय निकायलाई प्राप्त भएको नदेखिने।

तसर्थ कानूनले दिएको अख्तियारीभन्दा बाहिर गई व्यक्तिगत निजी घर जग्गामा राखेको प्रचार सामग्रीसमेतमा विराटनगर महानगरपालिकाले आ.व.०७२/७३ र आ.व.०७३/७४ को विज्ञापन कर लिने गरी विपक्षी विज्ञापन एजेन्सीहरूसँग गरेको सम्झौताहरू सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उक्त कानूनविपरीत व्यक्तिगत घर जग्गामा राखिएको प्रचार प्रसार सामग्रीको आ.व. ०७२/७३ र ०७३/७४ को कर लिने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः- जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।

## इजलास नं. ५

**१**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-००५६, उत्प्रेषण / परमादेश, *मोहन सिंह धामी वि. सशस्त्र प्रहरीबल प्रधान कार्यालय, हलचोकसमेत*

विपक्षीहरूले निज रिट निवेदक सुरक्षा सेवा जस्तो संवेदनशिल सेवामा कोही कसैलाई कुनै जानकारी नदिई विना कुनै जानकारी लामो समय अनुपस्थित रहेको, निजसँग सम्पर्क गर्न खोजतलासका लागि सशस्त्र प्रहरी बल दन्तकाली गणको नि.नं.४२७ को सञ्चारद्वारा निजको स्थायी ठेगाना रहेको जिल्ला प्रहरी कार्यालय दार्चुलामार्फत सूचना टाँसको कारबाही गरेको बेहोरा उल्लेख गरेको विषयमा रिट निवेदकले कुनै चित्त बुझ्दो बेहोरा खुलाउन नसकेको र आफूले कुनै पदाधिकारीहरू तथा निकायलाई जानकारी दिई अनुपस्थित रहेको बेहोरा उल्लेख गर्न सकेकोसमेत देखिँदैन । सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्राप्त मिसिलको अध्ययनबाट समेत रिट निवेदकलाई खोजतलासको लागि गरिएका विवरण कागजात संलग्न रहेको देखिने।

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९३ को खण्ड (ख) मा भएको कानूनी व्यवस्थालाई हेर्दा "भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नु पर्दा विभागीय जाँचबुझ गराउनु नपर्ने" स्पष्ट कानूनी व्यवस्था रहेको र रिट निवेदकले अनुपस्थित रहनु पर्नाको कुनै सूचना जानकारी कोही कसैलाई दिएकोसमेत देखिएन। सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ ले समेत त्यस्तो अवस्थामा सफाइको मौका दिइरहनु

नपर्ने स्पष्ट कानूनी व्यवस्था भएको हुँदा निवेदन जिकिरसँग सहमत हुन नसकिने।

निवेदक आफ्नो सञ्चित बिदा रहेको अवस्थामा सो बिदा उपभोग गर्न नदिएको भन्ने बेहोरा उल्लेख गरे तापनि बिदा स्वीकृतिको कारबाही नै नगरी विना जानकारी अनुपस्थित रहेको अवस्थामा त्यस्तो गैरहाजिरी क्षम्य हुन सक्ने गरी कुनै नेपाल कानूनले अनुमति दिएको पाइँदैन। त्यस्तै बिदा स्वीकृत नगराई १५ दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको अवस्थाको कुनै सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यका सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने ऐ. नियमावलीमा भएको कानूनी व्यवस्था, रिट निवेदकले बिदा स्वीकृतिको कुनै कारबाही नगरेको, विना कुनै सूचना १५ दिनभन्दा बढी समय सेवामा गैरहाजिर रहेको, कुनै पनि किसिमबाट निजसँग सम्पर्क हुन नसकेको विवरण सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्राप्त मिसिलबाट देखिएको, सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९३(ख) तथा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ को कानूनी व्यवस्थाबाट प्रत्यर्थीहरूले निज रिट निवेदकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी गरेको कार्यलाई कानूनविपरीतको कार्य भन्ने सक्ने अवस्था नदेखिने।

निवेदकलाई सेवाबाट हटाउने गरी गरिएको निर्णयका विरूद्ध निजले दिएको पुनरावेदनउपर निर्णय भई निजले उक्त पुनरावेदनको निर्णयको जानकारी २०७०।६।२२ मा प्राप्त गरिसकेको बेहोरा निजको निवेदनबाट नै खुल्छ। सोउपर चित्त नबुझी रिट क्षेत्रबाट अधिकार प्राप्तिको पहल गर्दासमेत निज यस अदालतमा मिति २०७१।४।२३ मा रिट निवेदन दायर गरेको देखिन्छ। पुनरावेदनउपरको निर्णयको जानकारी प्राप्त गरेको १० महिनासम्म यत्तिकै बसी १० महिनापछि रिट निवेदन दायर गर्नु पर्नाको कुनै आधार कारणसमेत खुलाउन नसकेको हुँदा विलम्बको सिद्धान्तसमेतको आधारमा रिट निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन। अतः माथि उल्लिखित आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल मंसिर ४ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०५८४, उत्प्रेषण, *उब्जनबहादुर शाहीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कुनै पनि निर्णय गर्ने अधिकारप्राप्त अधिकारीले कानूनमा भएको व्यवस्थाको उचित प्रयोग र पालना गर्नुपर्छ। कानूनको उचित प्रक्रिया पूरा नगरी गरेका निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। नेपाल सरकारले आफ्नो कामकारबाहीलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न विकास समिति ऐन, २०१३ अन्तर्गत यस्तै विभिन्न किसिमका गठन आदेश बनाएको पाइन्छ। आफैँले बनाएका गठन आदेशमा भएका व्यवस्था पूर्णरूपमा पालना र कार्यान्वयन गर्न नेपाल सरकारसमेत बाध्य हुने।

सरकार स्थिर र निरन्तर सञ्चालन हुने राज्यको महत्त्वपूर्ण अंग हो। मुलुक र यसका अवयवहरूको सुव्यवस्थित रूपमा कार्य सम्पादन गर्न कानूनको उचित प्रक्रियाअनुरूप राज्य व्यवस्था सञ्चालन गर्ने दायित्व सरकारमा रहेको हुन्छ। देशको बृहत्तर हितको लागि काम गर्न सक्ने क्षमता भएका व्यक्तिहरूलाई उपयुक्त जिम्मेवारी दिनुपर्छ भन्ने कुरा अपेक्षित र स्वीकार्य विषय हो। कानूनबमोजिमको उचित प्रक्रिया सबैले अवलम्बन र पालन गर्नुपर्ने कुराबाट कसैले उन्मुक्ति पाउन नसक्ने कुरालाई सबैले हेक्का राख्नु पर्ने।

प्रत्यर्थी नेपाल सरकारबाट पेस भएको लिखित जवाफमा समेत रिट निवेदकहरूलाई

सफाइको मौका दिइएको बेहोरा उल्लेख गर्नसमेत सकेको देखिएन। कानूनको उचित प्रक्रियाविना गरेको निर्णयलाई कानूनसम्मत निर्णय मान्न सकिएन। कुनै पनि व्यक्ति विरूद्धको कुनै पनि निर्णय गर्दा सुनुवाइको उचित मौका दिनु पर्ने कानूनको सर्वमान्य सिद्धान्त हो। यो सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्त र उक्त गठन आदेशको कानूनी व्यवस्थाविपरीत ४ वर्षको पदावधि नै पूरा नहुँदै सदस्य पदबाट हटाउने कार्य कार्यविधिगत तथा प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको पाइएन। यसरी सफाइको अवसर नदिई मनोगत रूपमा हटाउनुलाई कानूनसम्मत मान्न नसकिने।

अतः माथि विवेचित आधार र कारणबाट रिट निवेदकहरूलाई प्रत्यर्थी नेपाल सरकारबाट प्राकृतिक न्यायको सिद्धान्तसमेतको अवलम्बन नगरी गठन आदेशमा स्पष्ट व्यवस्था भएको सुनुवाइको मौका नदिई गठन आदेशमा नै तोकिएको ४ वर्षको अवधि पूरा नहुँदा नहुँदै कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको सदस्य पदबाट हटाउने गरी गरिएको मिति २०७३।८।१६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकहरूलाई गठन आदेशमा तोकिएको पदावधि पूरा हुने अवधिसम्म कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको सदस्य पदमा कामकाज गर्ने गरी पुनर्बहाली गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल मंसिर ४ गते रोज २ शुभम्।

## ३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०२१४, अंश दपोट, *कमलराज भट्ट वि. रत्नप्रसाद भट्टसमेत*

वादी पुनरावेदक र प्रत्यर्थी प्रतिवादीहरूबिच पुस्तेवारीमा कुनै विवाद छैन। निजहरू एकासगोलका अंशियार नाताका मानिस भएकोमा समेत विवाद देखिँदैन। निजहरूका बिचमा पहिले अंश मुद्दा परी वादीले ५ भागको १ भाग अंश पाउने ठहर भई मिति २०४४।३।१७ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट मिति २०५१।१।२१ मा सदर भएको देखिन्छ। उक्त अंश मुद्दामा यी प्रत्यर्थी प्रतिवादीले अंश गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी पेस नगरेको कारणबाट मुलुकी ऐन, अंशबन्डाको २१ नं.बमोजिम पुनरावेदक वादी स्वयंले तायदाती फाँटवारी पेस गरेको देखिन्छ। जहाँसम्म कि.नं. ६९ तथा कि.नं. १४७ का दुई कित्ता जग्गा लुकाएकोले अंश दपोट ठहऱ्याई पाउँ भन्ने पुनरावेदन जिकिर छ सोतर्फ हेर्दा अंश मुद्दामा तायदाती फाँटवारी माग्ने आदेश भएपछि वादीले तायदाती फाँटवारी पेस गर्दा आफ्नो नाममा बन्डा गर्नुपर्ने सम्पत्ति केही नभई अंशियारबिच बन्डा गर्नुपर्ने सम्पत्ति प्रतिवादीहरूकै जिम्मा रहेको भन्ने बेहोरा उल्लेख गर्दै प्रतिवादीहरूको नाममा रहेको सम्पत्तिको विवरण खुलाई तायदाती फाँटवारी पेस गरेको पाइन्छ। प्रतिवादीहरूले अंश मुद्दामा तायदाती फाँटवारी नै पेस नगरेको अवस्थामा उक्त दुई कित्ता जग्गाहरूको पनि तायदाती फाँटवारी पेस नहुनु स्वाभाविकै हुन आउँछ। यसरी प्रतिवादीले तायदाती फाँटवारी नै पेस नगरेको अवस्थामा तायदाती फाँटवारी पेस नै नगर्ने अंशियारले अंश दपोट गर्न सक्ने अवस्था नै नहुने र वादी स्वयंले पेस गरेको तायदाती फाँटवारीबमोजिम अंशबन्डा भएको हुनाले प्रतिवादीले दपोट गरे भन्न मिल्ने अवस्था नदेखिँदा निजले बन्डा गर्नुपर्ने सम्पत्ति लुकाई छिपाई एकलौटी खाने नियतले दपोट गर्ने अवस्था नै हुँदैन। मुलुकी ऐन, अंशबन्डाको महलको २७ नं. मा दबाए छपाएको छैन भनी कागज गरिसकेपछि दबाए छिपाएको ठहऱ्यो भने त्यो धनमाल दबाउनेले पाउँदैन। नदबाउने अरू अंशियारले ऐनबमोजिम अंश गरी खान पाउँछन्। दबाएबापतको सजाय हुँदैन भन्ने

व्यवस्था रहेको देखिन्छ । उक्त अंशबन्डाको महलको २७ नं. मा उल्लिखित कानूनी प्रावधानबमोजिम यी प्रत्यर्थी प्रतिवादीले कुनै सम्पत्ति दबाए छिपाएको छैन भनी कागज गरेको मिसिलबाट नदेखिएको हुँदा उक्त २७ नं. को कानूनी व्यवस्थाबमोजिम पनि प्रतिवादीले अंश दपोट गरेको भनी भन्न मिल्ने देखिन नआउने ।

वादी प्रतिवादीमध्ये जसजसका नाममा अंशबन्डा गर्नुपर्ने सम्पत्ति रहेको छ ती सबै अंशियारले आफ्नो नाममा रहेको सम्पत्तिको फाँटवारी पेस गर्नुपर्ने भन्ने मुलुकी ऐन अंशबन्डाको महलको फाँटवारी पेस गर्ने विषयसँग सम्बन्धित २०, २१, २२ र २३ नं. मा व्यवस्था रहेको देखिन्छ । सगोलका सबै अंशियारसँग अंश लाग्ने सम्पत्ति नहुन पनि सक्दछ तर अंशबन्डाको कार्य सहज रूपमा हुन सकोस भन्ने उद्देश्यले सगोलका सबै अंशियारहरूबाट अंशको फाँटवारी लिने व्यवस्था गरिएको देखिन्छ । यस व्यवस्थाबमोजिम आफ्ना नाममा बन्डा गर्नुपर्ने सम्पत्ति रहेका अंशियारहरूले सम्पत्तिको विवरण उल्लेख गरी तथा सम्पत्ति नहुने अंशियारहरूले पनि आफ्ना नाममा बन्डा गर्नुपर्ने कुनै सम्पत्ति नरहेको भन्ने बेहोरा उल्लेख गरी फाँटवारी पेस गर्नुपर्ने हुन्छ । यसरी फाँटवारी पेस गर्नुपर्ने प्रतिवादीले फाँटवारी पेस नगरेको खण्डमा प्रतिवादीलाई पक्राउ गरी फाँटवारी पेस गर्न लगाउने र यति गर्दासमेत फाँटवारी दाखिल हुन नसकेको अवस्थामा प्रतिवादीको नामको सम्पत्तिको फाँटवारी पनि वादीले नै पेस गर्नु पर्ने र सोही फाँटवारीमा उल्लेख भएको सम्पत्तिकै आधारमा बन्डा गरिदिनुपर्ने भन्ने अंशबन्डाको महलका उक्त नं. मा उल्लिखित कानूनी व्यवस्थाहरूबाट देखिन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादीले आफ्ना नामको सम्पत्तिको फाँटवारी दाखिल नगरेका कारण निजको नामको सम्पत्तिको फाँटवारीसमेत वादीले नै पेस गरेको देखियो । अंश दपोट ठहरिनका लागि प्रतिवादीले फाँटवारी पेस गरी सो फाँटवारीमा उल्लिखित सगोलको बन्डा गर्नुपर्ने प्रकृतिको सम्पत्ति प्रतिवादीले निजको नाममा लुकाई राखेको भन्ने कुरा प्रमाणित गराउन सक्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीले फाँटवारी पेस गरेको नदेखिएको र फाँटवारी नै पेस नगर्ने प्रतिवादीले अंश दपोट गरेको भनी मान्न मिल्ने देखिन नआउने ।

ने.का.प. २०४७, अंक ४, नि.नं. ४१२७ को पुनरावेदक प्रतिवादी मुन्निलाल साह कानूसमेत विरूद्ध वादी सुन्दर साह कानूसमेत भएको अंश दपोट मुद्दामा अंशको तायदाती नदिने व्यक्तिले पनि अंश दपोट गरेको भनी मान्नु अंशबन्डाको २७ नं. को आशयविपरीत हुने भनी प्रतिपादित नजिर सिद्धान्तसमेतका आधारमा पनि पुनरावेदक वादीको जिकिर मनासिब देखिन नआउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादीले अंश दपोट गरेको ठहर नगरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको मिति २०६७।१।३१ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।३।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल मंसिर २७ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७०-CI-०२१५, लिखत बदर दर्ता, *कमलराज भट्ट वि. रत्नप्रसाद भट्टसमेत*
- ०७०-CI-०२१६, लिखत बदर दर्ता, *कमलराज भट्ट वि. बसन्तबहादुर शाक्यसमेत*
- ०७०-CI-०२१७, लिखत दर्ता बदर दर्ता, *कमलराज भट्ट वि. नारायणदास श्रेष्ठसमेत*
- ०७०-CI-०२१८, लिखत दर्ता बदर दर्ता, *कमलराज भट्ट वि. कर्णबहादुर शाक्यसमेत*
- ०७०-CI-०२१९, लिखत दर्ता बदर दर्ता, *कमलराज भट्ट वि. पार्वती पुनसमेत*
- ०७०-CI-०२२०, लिखत बदर दर्ता,

*कमलराज भट्ट वि. नारायणदास श्रेष्ठसमेत*

- ०७०-CI-०२२१, लिखत बदर दर्ता, *कमलराज भट्ट वि. बसन्तबहादुर शाक्यसमेत*
- ०७०-CI-०२२२, लिखत बदर दर्ता, *कमलराज भट्ट वि. रत्नप्रसाद भट्टसमेत*

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०३०४, लागु औषध, *यादवप्रसाद तिमल्सिना वि. नेपाल सरकार*

प्रतिवादीउपर २०६५ सालको स.फौ.नं. १३८० को लागु औषध मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।८।२८ मा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) को दाबी रहेको देखिन्छ र सोबमोजिम २ वर्ष कैद र रू.१,००,०००।- जरिवानासमेतको सजाय हुने ठहर भइसकेको देखिन्छ । यी प्रतिवादीसँग लागु औषध ब्राउन सुगर बरामद नभए पनि मिति २०६५।२।२२ मा यी प्रतिवादीको साथबाट ब्रुप्रिनर्फिन र डाइजेपाम लागु औषध बरामद भएको स्थितिमा यी प्रतिवादीले लागु औषध खरिद गरी ल्याई अन्य व्यक्तिहरूलाई बिक्री गर्ने कार्य गरेको मिसिल संलग्न माथि उल्लिखित प्रमाणबाट पुष्टि भएको देखिने।

अत: उपर्युक्त आधार प्रमाणहरूसमेतको आधारमा मौकामा भएको सहअभियुक्तको पोल, यी प्रतिवादीको बयान, मोबाइललगायतमा फोन सम्पर्क भएको तथ्य, प्रतिवादीसँग साथबाट बरामद भएको लागु औषधको परिमाणसमेतलाई दृष्टिगत गर्दा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।८।२८ को फैसला केही उल्टी गरी प्रतिवादी यादवप्रसाद तिमल्सिनालाई वादी दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम एक वर्ष कैद र रू.५०,०००।- जरिवानासमेत सजायमा थप हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पौष २ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६४-WO-०९०४, उत्प्रेषण / परमादेश, *सुमित्रादेवी यादवनीसमेत वि. दीलिपकुमार कर्ण*

लेनदेन मुद्दाको जरियास्वरूप रिट निवेदकहरूले दाबी गरेको कि.नं. ४० र १९ को ०-४-१ र ०-१२-१० जग्गा रीतपूर्वक लेनदेनका वादी वीरा राय स्वयंले मिति २०५५।७।२९मा डाँक सकार गरेको सर्लाही जिल्ला अदालतबाट मिति २०६२।७।८ मा चलनपुर्जीसमेत लिइसकेको भन्ने प्रमाणमा आएको बिगो मुद्दाको मिसिलबाट देखिन्छ । अदालतको फैसलाबमोजिमको चलनपुर्जीअनुसारको जग्गा के कुन कारणबाट रोक्का राखी उक्त जग्गा निवेदकका नाममा दर्ता नगरी श्री ५ को सरकारका नाउँमा दर्ता गरेको हो भन्ने कुराको स्पष्ट कानूनी आधार विपक्षीहरूबाट प्रस्तुत लिखित जवाफ बेहोराबाट खुल्न सकेको नदेखिने।

नेपाल सरकारको नाउँमा सम्पत्ति आइसकेपछि मात्र हकवालाले दाबी गर्नुपर्ने भन्ने जिल्ला प्रशासनले निर्णय गर्दा आधार लिएको देखिन्छ । तर मर्नेको सम्पत्तिबाट पहिला उसको ऋणकर्जा चुक्ता गरी बाँकी रहेको मात्र हकवालाको तथा अपुताली खानेको हुन्छ भन्ने लेनदेन व्यवहारको २२ नं. तथा अपुतालीको १६ नं. को कानूनी व्यवस्थाअनुकूल उक्त निर्णय भएको मान्न मिल्ने नदेखिने। निवेदकका पति पिताले कि.नं. १९ र ४० का जग्गामा अदालतबाट कानूनत: हक स्थापित गराई अन्तिम फैसला भई पुर्जीसमेत पाइसकेको जग्गा के कुन कानूनका

आधारमा रोक्का राखी नेपाल सरकारको नाउँमा दर्ता गर्न भनी मालपोत कार्यालयमा लेखी पठाउने निर्णय भएको हो सोसमेतको युक्तिसङ्गत आधार जिल्ला प्रशासन कार्यालयको निर्णयमा खुलाइएको नदेखिँदा निवेदकहरूको नाउँमा दर्ता नगरी दिई उक्त कित्ता जग्गाहरू नै नेपाल सरकारको हुने भनी भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीको मिति २०६४।९।२६ को टिप्पणी तथा मिति २०६४।९।२९ को निर्णय र उक्त निर्णयको आधारमा अदालतको अन्तिम फैसलालाई अनदेखा गरी नेपाल सरकारका नाउँमा स्रेस्ता कायम गरी पुर्जासमेत बनाउने गरी भएको मालपोत कार्यालय सर्लाहीको मिति २०६४।११।२ मा भएको निर्णय कानूनअनुकूल भएको मान्न नमिल्ने।

तसर्थ उपर्युक्त आधार र कारणसमेत विवादित कि नं १९ र ४० को जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने भनी जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट भएको मिति ०६४।९।२६ को टिप्पणी आदेश र मिति २०६४।९।२९ को निर्णय र सो निर्णयको आधारमा उक्त जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय सर्लाहीको मिति २०६४।११।२ को निर्णयसमेत उत्प्रेषणको आदेशले निवेदकहरूको हकमा सम्म बदर हुने ठहर्छ। अब कि.नं. ४० र कि.नं. १९ को चलन पुर्जीबमोजिमको जग्गा रिट निवेदकहरूका नाउँमा दर्ता गरिदिनु भनी विपक्षी मालपोत कार्यालय सर्लाहीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

**६**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१६८०, किर्ते जालसाजी, *नारायण सरदार वि. रेखाकुमारी सिंह*

मिति २०४६।७।२१ मा किर्ते तमसुक खडा गरेको समयमा किर्ते जालसाजीको कसुरमा नालेस गर्ने हदम्याद किर्ते कागजको १८ नं.मा दुई वर्षको रहेको देखिन्छ। सो तमसुकको आधारमा दिएको लेनदेन मुद्दामा प्रतिवादीलाई जारी हुने म्याद गलत तरिकाले तामेली गराएपछि तमसुकको अवस्था तत्कालै दुई वर्षभित्र थाहा हुने कारण र आधार नै भएन। उक्त लेनदेन मुद्दाको फैसला कार्यान्वयनमा गई प्रतिवादीको जायजेथा रोक्का राखी लिलामी प्रक्रिया सुरू हुँदा वा भएपछि मात्र तमसुक र सोमा आधारित लेनदेन मुद्दाको फैसलाको अवस्था थाहा हुने हुन्छ। यस कारणले उक्त तमसुक वादीले किर्ते खडा गरेको भन्ने तथ्य उक्त तमसुकको आधारमा दिएको लेनदेन मुद्दाको फैसला कार्यान्वयन हुँदाको अवस्थामा किर्ते कागजको १८ नं. मा "...थाहा भएको मितिले ६ महिनाभित्र नालेस नदिए लाग्न सक्दैन" भन्ने सम्बन्धित व्यवस्थाको आधारमा उक्त लिखत, लेनदेन मुद्दाको फैसला र बिगो भरिभराउको कागजातका नक्कलहरू मिति २०५९।१२।९ मा लिएपछि थाहा पाएको हुनाले सोको ६ महिनाभित्र मिति २०६०।९।१ मा दायर भएको फिरादलाई हदम्यादभित्र नै दायर भएको मान्नु पर्ने हुन जाने।

साथै प्रतिवादी नारायण सरदारले आफ्नो प्रतिउत्तर जिकिरमा वादी दाबीको हदम्यादलाई अन्यथा भन्न सकेको पनि देखिँदैन। केवल पुनरावेदन जिकिरमा हदम्यादको प्रश्न उल्लेख गरेको भए तापनि सोलाई प्रमाणित गर्ने भरपर्दो तथ्यगत आधार प्रमाणको अभाव देखिन्छ। तसर्थ २०५६ सालको सा.दे.नं.२३१६ को लेनदेन मुद्दामा साँवा ब्याज भरी पाउने ठहरी भएको फैसलाबमोजिम बिगो भरिभराउको क्रममा जग्गा रोक्का रहेको जानकारी मिति २०५९।१२।९ मा कागजातको नक्कल लिई अवगत भएको भन्ने फिरादमा उल्लेख भएको देखिएको अवस्थामा हदम्यादको प्रश्नलाई पुष्टि गर्ने विश्वासलायक एवं तथ्यपूर्ण आधार प्रमाणको अभाव देखिँदा सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत

राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादी दुखीलाल देवको हकमा जालसाज गरेको नठहऱ्याई प्रतिवादीहरू नारायण सरदार, मुसहरू सरदार, इन्द्रनारायण सरदार तथा सर्युगप्रसाद मण्डलले जालसाज गरेको ठहऱ्याई तमसुकमा कायम भएको बिगोको २५% ले हुने रूपैयाँ प्रतिवादीहरू नारायण सरदार, मुसहरू सरदार, इन्द्रनारायण सरदार तथा सर्युगप्रसाद मण्डललाई दामासाहीले जरिवाना हुने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।८।१६ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६९।०८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फेसला भएका छन्:-

- ०७१-CR-१६८१, किर्ते जालसाजी, *नारायण सरदार वि. रेखाकुमारी सिंह*
- ०७१-CR-१६७५, फैसला बदर, *नारायण सरदार वि. रेखाकुमारी सिंह*

**७**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-००३१, जबरजस्ती करणी, *मिनबहादुर खड्का वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई हेर्दा प्रस्तुत मुद्दाको घटनाबाट पीडित डोटी "क" ले घटनाको तत्काल पछि गरेको कागजमा लेखाएको बेहोराबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने कुरा उल्लेख गरी प्रमाण ऐनको दफा १८ बमोजिम मौकाको आफ्नो बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको अवस्था छ । त्यस्तै पीडितका बाबु डोटी "ए" ले मौकाको आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिएकाले जाहेरवालाको भनाइ र पीडितको भनाइलाई प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाअनुसार ठोस प्रमाण मान्नुपर्ने अवस्था देखिने ।

यसप्रकार प्रतिवादी मिनबहादुर खड्का मौकामा अख्तियारप्राप्त अधिकारीसमक्ष र साथसाथै अदालतको बयानमा समेत निज कसुरप्रति इन्कार रहे पनि निज बाख्रा किन्ने निहुँमा भए पनि मौकामा पीडित रहेको स्थान एवम् घटनास्थलमा गएको तथ्य निजकै इन्कारी बयानमा उल्लेख छ । पीडिताको योनि एवम् स्वास्थ्य परीक्षणको प्रतिवेदन हेर्दा निजको कन्याजाली च्यातिएको, सुरूवालमा रगत लागेको र बायाँ स्तनमा खोस्रिएको दाग रहेको स्थिति छ । यो असामान्य अवस्था अन्य कुनै कारणबाट भएको हो भन्ने कुनै तथ्यगत अवस्था र स्थिति खुल्न सकेको पाइँदैन । पीडिता नाबालिकाउपर भएको जबरजस्ती करणीजस्तो जघन्य एवम् गम्भीर कसुरमा प्रतिवादी मौकामा कसुरप्रति इन्कार रहेकै आधारमा निज कसुरदार होइनन्, निज निर्दोष रहेछन् भनी निष्कर्षमा पुगिहाल्न हुँदैन । नाबालिका पीडिताले आफूउपर जबरजस्ती करणीको वारदात भएको भनी व्यक्त गरेको भनाइलाई गम्भीरतापूर्वक लिई सोलाई अन्य निर्जिव, भौतिक एवम् योनि र शारीरिक परीक्षण प्रतिवेदनजस्ता स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको अवस्था छ छैन ? सोलाई समेत सूक्ष्म तरिकाले केलाएर दाँजेर हेर्नुपर्ने हुन्छ। प्रस्तुत वारदारमा पीडिताले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने निजको मौकाको भनाइ एवम् अदालतसमक्ष गरेको बकपत्रसमेतलाई निजको मौकाको योनि एवम् शारीरिक परीक्षणको कन्याजाली च्यातिएको, सुरूवालमा रगत लागेको र स्तनमा खोस्रिएको भन्ने प्रतिवेदनले समर्थन र पुष्टि गरेको अवस्थामा निज प्रतिवादी मौका र अदालतसमक्ष समेत

कसुरप्रति इन्कार भएको तथ्य कानून एवम् प्रमाण मूल्याङ्कनको दृष्टिकोणबाट कमजोर रहेको पुष्टि हुन गएको छ । प्रतिवादी मिनबहादुर खड्का मौकामा अख्तियारप्राप्त अधिकारी र साथै अदालतमा समेत कसुरप्रति इन्कार रहे पनि निजको इन्कारी बयान र सो बयानलाई समर्थन हुने गरी निजका साक्षीहरूले गरेको बकपत्र अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादी मिनबहादुर खड्काले लिएको कसुरप्रतिको इन्कारी जिकिरलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । उल्लिखित अवस्थामा प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको महलको ३(२) नं. को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही महलको ३(२) नं.बमोजिम १० वर्ष कैद गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत दिपायलको फैसला मिलेकै देखिने ।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट पीडित स्वयम्ले मौकामा गरेको कागज र सो कागजलाई सर्मथन हुने गरी अदालतमा गरेको पीडितको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी मिनबहादुर खड्कालाई देखाउँदा देखी चिनी सनाखत गरेको कागजसमेतका मिसिल संलग्न प्रमाण तथा प्रतिवादी मिनबहादुर खड्काले वारदातस्थलमा आफू बाख्रा किन्न गएको कुरा स्वीकार गर्नुलगायतका मिसिल संलग्न मालाकार रूपमा आधार प्रमाणबाट प्रतिवादी मिनबहादुर खड्काले नै पीडित परिवर्तित नाम डोटी "क" लाई जबरजस्ती करणी गरेको हो भन्ने कुरा पुष्टि भइरहेको देखिँदा सुरू डोटी जिल्ला अदालतबाट भएको मिति २०७१।५।१२ को फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।११।१३ को फैसला सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र २७ गते रोज ३ शुभम् ।

## ८

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-WO-०२५५, उत्प्रेषण / परमादेश, *महिनारायण यादव वि. महादेव यादवसमेत*

अदालतमा दायर हुन आएको मुद्दाको आवश्यकता र औचित्यका आधारमा मुलुकी ऐन, अ.बं. १८४क र प्रमाण ऐनको दफा ३ बमोजिम आवश्यक प्रमाण बुझी आदेश गर्नसक्ने कानूनी व्यवस्था भएको र सोही आधारमा आवश्यक परे थप प्रमाणसमेत बुझ्न सक्ने अवस्थाको विद्यमानता कायमै रहेको देखिन्छ । निवेदक अंशहकबाट वञ्चित हुनुपर्ने अवस्था देखिएमा आवश्यक सबुद प्रमाणसहित आफ्नो बेहोरा खुलाई माथिल्लो अदालतसमक्ष निवेदन दिनसक्ने प्रवेशद्वार खुला नै रहेको देखिन्छ । कानूनतः माथिल्लो अदालतहरूले समेत आवश्यकता र औचित्यताको आधारमा तायदाती फाँटवारी माग्न र आवश्यक देखेमा अंशियारसमेत कायम गर्नसक्ने नै हुन्छ । निवेदकले पेस गरेका कागज प्रमाणहरूको आधारमा एउटै हाँगाका भए नभएको र अंश प्राप्त गर्न सक्ने वा नसक्ने सम्बन्धमा निवेदकको पुनरावेदकीय अधिकारसमेत कायमै रहेको अवस्थामा सप्तरी जिल्ला अदालतबाट मिति २०७०।१२।२४ मा भएको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको आदेश अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणबाट निवेदनमा उठान गरेको विषय अदालतमा विचाराधीन रहेको मुद्दा फैसला भइसकेपछि कानूनबमोजिमको पुनरावेदन गर्ने क्षेत्राधिकार निवेदकलाई कायमै रहेको अवस्थामा अदालतमा विचाराधीन रहेको विषयमा असर पर्ने गरी माथिल्लो अदालतबाट आदेश गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः मनिराम ज्ञवाली

इति संवत् २०७५ साल जेष्ठ ७ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-०६४१, फैसला बदर, *विष्णुकुमारी त्वायना वि. मन्दीराकुमारी धौभडेलसमेत*

भूमिसुधार कार्यालयबाट भएको निर्णयमा चित्त नबुझाई पुनरावेदनको रोहमा मुद्दा पेस भएपछि तल्लो अदालत वा निकायले गरेको निर्णय ठिक बेठिक के, हो ? समग्रतामा अध्ययन गरी न्यायिक निष्कर्षमा पुग्नु पर्दछ। साबिक एवम् हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा १४ को उपदफा (२) मा "जिल्ला अदालत वा उच्च अदालतले आफूसमक्ष परेको मुद्दामा मातहतका अदालत, निकाय वा अधिकारीले निर्णय गर्न छुटाएको प्रश्नमा समेत प्रवेश गरी निर्णय गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा वादीले दाबी गरेबमोजिम मोही नामसारी गर्ने गरेको निर्णय फैसला बदर हुने, नहुने के हो ? मोही रोज्न पाउने जग्गाधनीको हकमा भूमिसुधार कार्यालयको मोही नामसारी गर्ने निर्णयले आघात पुग्ने हो, होइन ? र भूमिसम्बन्धी ऐनको दफा २६(१) को सन्दर्भमा जग्गाधनीहरूले शंखनारायण त्वायनाबाट साल बसाली बाली बुझी भर्पाई दिएको अवस्था हो, होइन् ? भन्ने तमाम प्रश्नको निरूपण आफैँ गर्नसक्नेमा सोबमोजिम निर्णय नगरी पुनः निर्णयको लागि मुद्दा भूमिसुधार कार्यालयमा फिर्ता पठाउने गरी भएको फैसलामा कानूनको उचित परिपालना भएको अवस्था नदेखिँदा पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।०३ को फैसला बदर गरिदिएको छ । उल्लिखित न्याय प्रशासन ऐनको कानूनी व्यवस्थाको अधीनमा रही भूमिसुधार कार्यालय भक्तपुरको मिति २०६५।०२।०९ को फैसला र सो फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६५।१०।२७ को फैसला र मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा निस्सा नहुने भन्ने मिति २०६५।१२।२५ को यस अदालतको आदेशसमेत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको भूमिसुधार कार्यालयको मिति २०६९।१२।०५ को निर्णय मिलेको छ, छैन ? भन्ने सम्बन्धमा जो जे प्रमाण बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम त्यहाँ अदालतबाट फैसला गर्नु भनी रूजु रहेका पक्षलाई उच्च अदालत पाटनमा जानु भनी तारेख तोकी पठाई दिने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः मिनु शाही

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०३०५, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *शंकर सिंह वि. नेपाल सरकार*

माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसीले निज शंकर सिंहको सोही प्रमाणपत्रको सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरलाई दिनांक २०/०५/२०१३ मा पुनः पत्राचार गर्दा अन्य बेहोरा साबिककै राखी "प्राप्तांक ३२०/६०० र परीक्षाफल उत्तीर्ण / द्वितीय" तथा "नोटः इसके पूर्व मे हमारे कार्यालयद्वारा भेजा गया पत्र में त्रुटिवश अनुत्तीर्ण हो कर गया था। छात्रद्वारा दुवारा माँगे जाने पर उत्तीर्ण है। उपर्युक्त सत्यपान सही सत्यापित है।" भन्नेसमेत बेहोराको पत्राचार गरेको देखिन्छ । यसरी विवादमा आएको प्रतिवादीको प्रमाणपत्र प्रदान गर्ने परीक्षा बोर्डबाट नै आफ्नो अघिल्लो बेहोरालाई खण्डित गर्ने गरी लेखिआएको कुरालाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनुपर्ने हुन्छ। यसप्रकार सम्बद्ध आधिकारिक निकायको पछिल्लो पत्राचारानुसार निज प्रतिवादी शंकर सिंहले प्राप्त गरेको एस.एल.सी. को प्रमाणपत्र सक्कली रहेको स्थापित हुन आउँछ। त्यस्तै पुनरावेदकले १९९८ मा पास गरेको एस.एल.सी. को प्रमाणपत्र पेस गरी आइ.ए. मा भर्ना भई पास गरेको सन्दर्भसमेतले सो कुरालाई पुष्टि गरेको पाइने।

तसर्थ माथि विवेचित तथ्य र प्रमाणहरूबाट

प्रतिवादी शंकर सिंहले अभियोग माग दाबीबमोजिम साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको नदेखिँदा सुरू विशेष अदालतले पुनरावेदक प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुने गरी गरेको मिति २०७१/५/५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी शंकर सिंहले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल साउन १५ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

### १

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०३१६, उत्प्रेषण, *सर्वध्वज साँवा लिम्बु वि. हेमकर्ण पौडेलसमेत*

प्रस्तुत निवेदन २०७४ साल मंसिर २१ गते हुने भनिएको प्रदेशसभाको निर्वाचनको लागि उम्मेदवार मनोनयनको विषयमा केन्द्रित रहेको देखिन्छ । रिट निवेदकले विपक्षी श्री हेमकर्ण पौडेल मानव अपहरण तथा शरीर बन्धक मुद्दामा कसुरदार ठहर भएकोमा निजको मनोनयन रद्द गरी पाउनको निमित्त प्रस्तुत रिट निवेदन दायर गरेको देखियो । तर २०७४ साल मंसिर २१ गते हुने भनिएको सुनसरी जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ अन्तर्गत प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १(क) को निर्वाचन सम्पन्न भइसकेको, सो निर्वाचनको परिणामसमेत घोषणा भइसकेको र निर्वाचन परिणामअनुसार रिट निवेदक सर्वध्वज साँवा लिम्बु निर्वाचितसमेत भइसक्नुभएको विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । अतः रिट निवेदक सर्वध्वज साँवा लिम्बुले मनोनयन बदर गरी उम्मेदवारी खारेज गरिपाउँ भनी माग भएको प्रदेश सभा निर्वाचन क्षेत्रको निर्वाचन कार्य सम्पन्न भई परिणामसमेत घोषणा भई यी रिट निवेदक निर्वाचित भइसकेबाट प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखियो । यसर्थ रिट निवेदनको विषयभित्र प्रवेश गरी निवेदकको मागबमोजिमको आदेश जारी हुने हो होइन भन्ने विषयमा विचार गरिरहनु नपर्ने ।

अत: निवेदन मागदाबीको औचित्य समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७५ साल माघ २४ गते रोज ५ शुभम् ।

### २

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CI-१०७२, अबन्डा जग्गा बन्डा, *ऐनुल मियासमेत वि. साकिर मिया*

मिति २०४५।३।२२ को बन्डापत्रको लिखत हेर्दा यी पुनरावेदकका पिता महमदिन मियाबाट निजका यी पुनरावेदकसमेतका ५ जना छोराहरू शाहिद, ऐनुल, साकिर, ऐयुव र वारिसले आ-आफ्नो अंश भाग हिस्सा लिई छुट्टी भिन्न भएको र महमदिन मियाले आफ्नो शेषपछि सबै छोराहरू र पत्नीले समेत बराबरी खानेकुरा उल्लेख गरी मोरङ झुर्किया ४(ख) कि.नं. ८४ समेतका जम्मा ज.वि.४-५-६ जग्गा जिउनी राखेको भन्ने देखिन्छ । साथै उक्त बन्डापत्रको लिखतमा प्रतिवादी सोखिनाको अंश भाग सम्बन्धमा कुनै पनि कुरा उल्लेख भएको देखिँदैन । पुनरावेदकका पिता महमदिन मियाले आफूलाई जीउनी राखेकोबाहेक निजका नाममा वादीले अबन्डा भनी दाबी लिएका कि.नं १९३, २०२, २०६, २८४, ४१३, ७२४ र ७२५ का जम्मा क्षेत्रफल ज.वि. ३-१७-६½ जग्गाहरूका सम्बन्धमा बन्डापत्रको लिखतमा बन्डा वा अबन्डा केही उल्लेख भएको देखिँदैन । करिब उक्त विवादित

जग्गा जति नै यी पुनरावेदकसमेतका प्रत्येक अंशियारले अंश हकबापत बुझेको देखिन्छ तर प्रतिवादी सोखिना मिया अंशियार भए पनि निजको अंश भाग छुट्याएको भन्ने उक्त बन्डापत्रको लिखतसमेतबाट देखिँदैन । साथै यी पुनरावेदकहरूसमेतले न त प्रतिवादी सोखिना मियाले अंश भाग बुझी लिएको भन्न सकेका छन् न त यी प्रतिवादी सोखिनाले अंश छोडपत्र गरेको भन्ने नै देखिने।

साथै मिति २०४५।३।२२ मा यी पुनरावेदकसमेत अंश लिई भिन्न भएपछि निजका बाबु महमदिन मिया र आमा प्रतिवादी सोखिना एकासगोलमा रहे बसेको कुरामा समेत विवाद देखिँदैन । महमदिन मियाको मिति २०५८।२।२६ मा मृत्यु भएपश्चात् निजका हकवाला वादीहरूसमेत ५ छोराहरू भए पनि निजको हक खाने एक मात्र नजिकको हकवाला म पत्नी सोखिना मिया भएकोले कि.नं.१९३, २०२, २०६, २८४, ४१३, ७२४ र ७२५ का जग्गाहरू मेरो नाममा नामसारी गरिपाउँ भनी गा.वि.स.को सिफारिस पत्र तथा सर्जमिन मुचुल्कासमेत साथै राखी प्रतिवादी सोखिना मियाले मालपोत कार्यालय, मोरङमा मिति २०६४।२।९ मा निवेदन दिएको देखियो । उक्त निवेदनअनुसार मिति २०६४।२।१४ मा उक्त कि.नं १९३, २०२, २०६, २८४, ४१३, ७२४ र ७२५ का जग्गाहरू मृतक महमदिन मियाको एक मात्र हकदार निजकी पत्नी / प्रतिवादी सोखिना मियाको नाममा एकलौटी नामसारी गरिदिने गरी मालपोत कार्यालय, मोरङबाट मिति २०६४।२।१४ मा निर्णय भएको देखिने।

उक्त नामसारी निर्णयउपर यी वादीहरूको फिराद नालेस परेको अवस्थासमेत देखिँदैन। दाबीको जग्गा अबन्डा भए यी वादीहरूले उक्त नामसारी निर्णय बदर गराई आफ्नो हक कायम गराउनु पर्नेमा सो गरे गराएको अवस्था नहुँदा उक्त नामसारी निर्णय अन्तिम भई प्रतिवादी आमा सोखिनाको एकलौटी हक स्थापित भएको देखियो । साबिक मुलुकी ऐन, अपुतालीको महलको २ नं. ले कुनै व्यक्तिको मृत्यु भई अपुताली परेमा निजको अपुतालीको पहिलो हकदार निजसँग एकासगोलमा रहेका पति वा पत्नी नै हुने व्यवस्था गरेको देखियो । उक्त कानूनी व्यवस्थाअनुसार यी वादीका पिता महमदिनको अपुतालीको पहिलो हकदार निजसँग एकासगोलमा बसेकी निजकी पत्नी प्रतिवादी सोखिना नै हुने देखिँदा २०४५ सालमा अंश लिई छुट्टी भिन्न भई बसेका यी वादीहरूले अपुतालीको २ नं.बमोजिम दाबी गर्न पाउने अवस्था नदेखिने।

मिति २०४५।३।२२ बन्डा हुँदा प्रतिवादी सोखिना अंशियार भए पनि निजको अंश भाग सम्बन्धमा उक्त बन्डापत्रको लिखतमा कुनै पनि कुरा उल्लेख नभएको र निजले आफ्नो अंशभाग प्राप्त नगरेको अवस्थामा मिति २०४५।३।२२ को बन्डापत्रको लिखतमा उल्लेख नभए पनि यी पुनरावेदकका पिता महमदिन मियाले आफूलाई जीउनी राखेकोबाहेक निजका नाममा रहेको विवादित जग्गा करिब पुनरावेदकसमेतका एक अंशियारले अंश हकबापत बुझेको जग्गा जति बाँकी नै राखेको देखिएकोले लिखत प्रमाणबाट अबन्डा प्रमाणित भएकोमा बाहेक उक्त सम्पत्ति अंशबन्डा हुँदा अंश नछुट्याएकी प्रतिवादी सोखिनाको अंश भागको सम्पत्ति हो भनी मान्नुपर्ने देखिँदा वादी दाबीको विवादित जग्गा अबन्डा हो भन्ने वादीहरूको पुनरावेदन जिकिर तथा निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट सुरू मोरङ जिल्ला अदालतको मिति २०६६।०८।२४ को फैसला उल्टी गरी पुनरावेदन अदालत विराटनगरबाट वादी दाबी नपुग्ने ठहऱ्याई मिति २०६८।३।१ भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७६ साल वैशाख ९ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६८-CI-१०७३, दा.खा. दर्ता बदर दर्ता कायम, *साहिद मियासमेत वि. साकिर मिया*
- ०६८-CI-१०७४, शेषपछिको बकसपत्र बदर, *ऐनुल मियासमेत वि. साकिर मिया*

**३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-०२८४, उत्प्रेषण, *सरित रजोरे वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंसमेत*

स्वीकृतको लागि छनौट भएको बोलपत्रदाता निवेदक श्री स्वर्गद्वारी सेक्युरिटिज सर्भिसेज प्रा. लि.ले निर्धारित अवधिभित्र नियमानुसार धरौटी रकम जम्मा गरी सम्झौता गर्न नआएकोले बोलपत्र दाताको जमानत रकम जफत गरी सोपछि अर्को सारभूत रूपमा प्रभावग्राही श्री टिचर्स सेक्युरिटिज प्रा.लि.को बोलपत्र स्वीकृत गरिएको हुँदा खरिद सम्झौता गर्न नआउने यी निवेदक कम्पनीलाई कम्पनीको विनियमावलीको विनियम १०४ तथा सार्वजनिक खरिद ऐनबमोजिम कालोसूचीमा राख्न लेखी पठाउने भनी नेपाल टेलिकम सञ्चालक समितिले निर्णय गरी सोअनुसारको च.नं. २६९, मिति २०७४।२।३१ को पत्र सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचललाई लेखी पठाएको मिसिल संलग्न उक्त पत्रको प्रतिलिपिबाट देखिन्छ । सोही पत्रको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव विनोद के.सी.बाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा ६३(१) बमोजिम यी निवेदक कम्पनीलाई सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी ३ वर्षको लागि कालोसूचीमा राख्ने गरी मिति २०७४।६।१५ मा निर्णय भएको मिसिल संलग्न उक्त निर्णयको प्रतिलिपिबाट देखिने।

निवेदक कम्पनीले सुनुवाइको मौकासमेत नदिई उक्त कम्पनीलाई कालोसूचीमा राखेकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी निवेदन दाबी लिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले यी निवेदक कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय गर्नुभन्दा अगाडि कालोसूचीमा राख्नु नपर्ने कारण भए ३० दिनभित्र यस कार्यालयमा लिखित स्पष्टीकरण पेस गर्नु भनी च.नं.६०९ मिति २०७४।३।८ को पत्र पठाई यी निवेदक कम्पनीले समेत च.नं.५ नं. मिति २०७४।४।८ को तीनपाने स्पष्टीकरण पेस गरेको उक्त मिसिल संलग्न पत्रहरूको प्रतिलिपिबाट देखिँदा सुनुवाइको मौकासमेत नदिई कालोसूचीमा राख्यो भन्ने निवेदन दाबी सत्यतामा आधारित देखिँदैन । स्वीकृतिका लागि छनौट भएका बोलपत्रदाता निवेदक स्वर्गद्वारी सेक्युरिटिज प्रा.लि.ले निर्धारित अवधिभित्र नियमानुसार धरौटी रकम जम्मा गरी सम्झौता गर्न नआएकाले सार्वजनिक निकायको कार्यमा बाधा पारेको, नेपाल टेलिकमजस्तो सार्वजनिक निकायको सुरक्षाजस्तो गम्भीर विषयलाई प्रभावित पारेको र यी निवेदक कम्पनीभन्दा बढी कबोल गर्ने कम्पनीको बोलपत्र स्वीकृत गर्नुपर्ने परिस्थिति सिर्जना गरी नेपाल टेलिकमलाई आर्थिक रूपमा समेत हानि नोक्सानी पुर्‍याउने कार्य गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम नेपाल टेलिकम सञ्चालन समितिले निवेदन कम्पनीलाई कालोसूचीमा राख्न पत्राचार गर्ने निर्णय गरी नेपाल टेलिकमको पत्राचारको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलले निवेदक कम्पनीलाई स्पष्टीकरण पेस गर्न सफाइको मौकासमेत दिई निवेदक कम्पनीले चित्त बुझ्दो जवाफ दिन नसकेको कारण निवेदक कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१) बमोजिम ३ वर्षको लागि कालोसूचीमा राख्ने गरी गरेको निर्णय कानूनसम्मत नै भएको देखिने।

नेपाल टेलिकमबाट सुरक्षा सेवा प्रदान गर्न बोलपत्र आह्वान भएअनुसार यी निवेदक कम्पनीले

पेस गरेको बोलपत्र स्वीकृत भई नेपाल टेलिकमले १५ दिनभित्र खरिद सम्झौता गर्न आउनु भनी पत्र पठाई अनुरोध गर्दासमेत यी निवेदन कम्पनीले उक्त अवधिमा खरिद सम्झौता गर्न नगई खरिद सम्झौता गर्न नसकिने भनी पत्रमार्फत लिखित जानकारी दिएको देखिन्छ । मजदुर युनियनको व्यक्तिहरूले जिउ ज्यान लिने धम्की दिएकोले खरिद सम्झौता गर्न नगएको भनी यी निवेदकले दाबी गरे तापनि सोउपर कहिँकतै उजुर बाजुर गरेको नदेखिई निवेदक कम्पनीले उक्त कुरालाई पुष्टि गर्न सकेको पाइँदैन । साथै बोलपत्र कागजातको मूल्याङ्कन गरी सम्झौता गर्न आउनको लागि सूचना प्रकाशित गरी पत्राचार गर्दासमेत सम्झौता गर्न नआएको कारण नेपाल टेलिकमजस्तो सार्वजनिक निकायको कार्यमा वाधा पारेको, नेपाल टेलिकमजस्तो सार्वजनिक निकायको सुरक्षाजस्तो गम्भीर विषयलाई प्रभावित पारी आर्थिक रूपमा समेत हानि नोक्सानी पुऱ्याउने कार्य गरेकोले नेपाल टेलिकमले निवेदक कम्पनीले राखेको धरौटीबापतको रकम जफत गरी बोलपत्रवाला यी निवेदक कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गर्ने भनी नेपाल टेलिकम सञ्चालक समितिबाट निर्णय गराई सोअनुसारको पत्राचार गरी सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलले यी निवेदक कम्पनीलाई सफाइ पेस गर्ने मौकासमेत दिई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)(ख) को कसुरमा सोही ऐनको दफा ६३(१) अनुसार ३ वर्षको लागि कालोसूचीमा राख्ने गरी मिति २०७४।६।२५ मा गरेको निर्णयसमेत कानूनसम्मत भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यस अदालतबाट मिति २०७४।८।२४ मा भएको अन्तरिम आदेश स्वत: खारेज हुने ।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल फागुन १३ गते रोज २ शुभम् ।

## इजलास नं. ७

**१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०९७१, हाडनाता जबरजस्ती करणी, *रामकुमार झा वि. नेपाल सरकार*

वारदात भएको भनिएको स्थानमा गहुँ र माटो मडारिई वारदात भएको संकेत देखिएको र पीडितको आफ्नो पतिसँग यौन सम्पर्क नभएको अवस्थामा निजको योनिमा Spermatozoa देखिएकोबाट यी प्रतिवादीले आरोपित कसुर गरेको होइन भन्न सकिँदैन । प्रतिवादीले जाहेरवालाई ऐ. १९ गते मात्र परीक्षणको लागि पठाएको भनी जिकिर लिए पनि जाहेरवालालाई वारदात भएको भोलिपल्ट अर्थात् ऐ. १६ गते नै शारीरिक जाँचको लागि पठाएको भन्ने इलाका प्रहरी कार्यालय रंगेलीको च.नं. १२१० को पत्रबाट देखिएको छ । कोशी अञ्चल अस्पतालको परीक्षणको रिपोर्ट पठाएको पत्रमा इलाका प्रहरी कार्यालयको उक्त च.नं.१२१० को पत्रानुसार नै भनिएको छ । केवल मिति उल्लेख गर्दा मात्र २०६५/११/१९ भएको पाइन्छ । उक्त मिति सामान्य टाइपको त्रुटि मात्र हुन गएको देखिन आउँछ । अस्पतालले १९ गतेको पत्रानुसार भनेको मात्र आधारमा परीक्षण गर्न पनि १९ गते नै पठाएको र सोही आधारमा देखिएको Spermatozoa आफ्नो हुन नसक्ने भन्ने प्रतिवादीको जिकिर मनासिब देखिन नआउने ।

प्रतिवादीले आफू उक्त दिन विराटनगरबाटै भारत ससुरालीतर्फ गएको भनी Alibi को जिकिर लिएपनि सो तथ्य प्रमाणित हुने गरी गाडीको टिकटलगायतको कुनै प्रमाण पेस गर्न सकेको पाइँदैन । केवल निज र निजका साक्षीहरूको भनाइको आधारमा मात्र निज सो दिन अन्यत्र रहेको भन्ने पुष्टि हुन सक्ने हुँदैन । यी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती

करणी नगरेको भए काकी नाता पर्ने निज जाहेरवालीले आफ्नै सामाजिक प्रतिष्ठामा समेत आँच आउने गरी आफ्नै भतिजो नाताको मानिसले जबरजस्ती करणी गरेको भनी आरोप लगाउनु पर्ने अवस्था रहेभएको पनि पाइँदैन । प्रतिवादीले आफू र जाहेरवालाको परिवारको बिचमा झगडा रिसइवी रहेको भने पनि सो झगडा रिसइवी रहेको देखिने कुनै मुद्दा मामिला रहेको, कुनै घटना घटेको जस्तो कुनै कारण रहेभएको देखिन आएको छैन । यस्तो अवस्थामा रिसइवीका कारण मात्र यी पुनरावेदकले जबरजस्ती करणी गरेको भनी भनेको होला भनी विश्वास गर्न नसकिने ।

वारदातस्थलमा मडारिएको, मानिस लडिबडी गरेको डामहरू देखिएको र गहुँका बुटाहरू भाँचिएको भन्ने घटनास्थल मुचुल्काबाट देखिन आएकोबाट करणी सहमतिमा नै भएको भन्न सकिँदैन । साथै सहमतिमा नै करणी भएको भए जाहेरवालाले दोस्रो दिन गएर वारदातका सम्बन्धमा प्रहरी कार्यालयमा गई निवेदन दिनुपर्ने कुनै कारण रहेभएको समेत देखिएको छैन । त्यसैले यी पुनरावेदक / प्रतिवादीले जाहेरवाली पीडितलाई जबरजस्ती करणी गरेको नै देखिन आउँछ । साथै निज जाहेरवाला यी पुनरावेदकको काकी नाताको भएकोमा पनि विवाद रहेको पाइएको छैन । तसर्थ प्रतिवादीले आफ्नै हाडनाताभित्रको काकीलाई जबरजस्ती करणी गरेको स्थापित हुन आएकोले निजलाई जबरजस्ती करणीको महलअनुसार हुने सजायमा हाडनाता करणीको महलअनुसार हुने सजायसमेत थप गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने ।

अतः माथि विवेचित आधार र प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी अघोरी भन्ने राजकुमार झालाई अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६७/०४/२५ मा भएको फैसला उल्टी गरी पुनरावेदक / प्रतिवादी अघोरी भन्ने राजकुमार झालाई जबरजस्ती करणी महलको ३(५) नं.बमोजिम ५ (पाँच) वर्ष कैद र हाडनातामा करणी गरेतर्फ हाडनाता करणी गर्नेको महलको ३ (१) नं.बमोजिम थप ६ (छ) महिना कैद सजाय गर्ने र पीडित शिलादेवी झाले यी पुनरावेदकबाट क्षतिपूर्तिबापत रू.२०,०००।- (बीस हजार) भराई पाउने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८/०३/१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- यदुराज शर्मा

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-००१९, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. सुदन शाहसमेत*

प्रतिवादीलाई ३ वर्षभन्दा कम सजाय अर्थात् १ वर्ष मात्र कैद सजाय भएको र २५०००।- भन्दा कम अर्थात् रू.५,०००।- मात्र जरिवाना भएको मुद्दामा पुनरावेदन अदालतबाट सुरू फैसला उल्टी भएकोपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा भएको संशोधित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन आएन । प्रस्तुत पुनरावेदन पत्र न्याय प्रशासन ऐन, २०४८ मा २०६७ फाल्गुण १५ गते संशोधन भई उल्लिखित कानूनी व्यवस्था गरिएपश्चात् मिति २०६८/१०/०२ मा मात्र दर्ता भएको देखिएको छ । प्रस्तुत कानूनी व्यवस्था लागू भइसकेपछि सोअनुसारको अवस्था विद्यमान भएमा मात्र पुनरावेदन लाग्न सक्नेमा त्यस्तो अवस्थाको विद्यमानता प्रस्तुत मुद्दामा रहेभएको पाइँदैन । त्यसैले उक्त कानूनी व्यवस्थासमेतका आधारमा प्रस्तुत पुनरावेदन पत्र यस अदालतमा दायर हुन सक्ने नै देखिन आएन । यस अदालतमा पुनरावेदन दायर नै हुन नसक्ने अवस्थाको मुद्दामा दायर भएको पुनरावेदन पत्रका आधारमा

न्याय निरूपण हुन नसक्ने हुँदा प्रस्तुत पुनरावेदन पत्र खारेजभागी हुने।

अतः माथि विवेचित आधार र कारणहरूबाट सुरू सिरहा जिल्ला अदालतबाट प्रत्यर्थी / प्रतिवादी हरिगोविन्द यादवलाई १ वर्ष कैद र ५,०००।- जरिवाना हुने ठहऱ्याई मिति २०६६/१२/१६ फैसला भएको र सो फैसलाउपर पुनरावेदन परी पुनरावेदन अदालत राजविराजबाट सो सुरू फैसला उल्टी भई निज प्रतिवादीले सफाइ पाउने ठहऱ्याई मिति २०६८/०२/१८ मा फैसला भएकोमा सो फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को २०६७ सालमा भएको संशोधन र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यस अदालतमा पुनरावेदन लाग्न नसक्ने देखिएकोले तथ्यमा प्रवेश गरिरहनु परेन। प्रस्तुत पुनरावेदन पत्र खारेज हुने।

इजलास अधिकृत:- यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०७९४, लागु औषध (गाँजा), *नेपाल सरकार वि. हरिगोविन्द यादव*

प्रतिवादीहरू उत्तम लामा थिङ, अरूण तामाङ, वाङ्गथुप लामा, सर्वजित थकाली, राजु लामा, गणेशमान लामा, मानबहादुर थिङ, दिनेश तामाङ र सन्तोष लामाको समेत अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित रहे पनि अदालतमा इन्कार रही बयान गरेको पाइन्छ। अनुसन्धान अधिकारीसमक्ष साबित रहे पनि बरामदी मुचुल्कालगायतका अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट कसुर पुष्टि हुन सकेको अवस्था देखिँदैन। दशीसाथ पक्राउ परेका प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राई र अन्य प्रतिवादीहरू वारदातपछि एकै ठाउँबाट पक्राउ परेको अवस्थासमेत देखिँदैन। केही मौकामा कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादीहरूसमेतको संलग्नता रहेको खुलाए तापनि ती मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गरेको अवस्थासमेत देखिएन। यस्तो अवस्थामा यस्ता बयानलाई प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाणको रूपमा ग्रहन गर्नसमेत मिलेन। साथै वारदातको दिन २/३ जना मात्र केटाहरूले गाडी रोक्न हात दिएकोमा निजहरूलाई गाडीमा नचढाएकोले मलाई गाली गलौज गरी थर्काएकोले त्यस सम्बन्धमा ती केटाहरूलाई पक्राउ गरी ल्याएको भन्ने सवारी चालक विकल तामाङको बकपत्रबाट खुल्न आएको दखिन्छ। तसर्थ प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको मात्र आधार लिई अन्य स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको अभावमा यी प्रतिवादीहरूसमेतको संख्या र संलग्नतामा डाँकाको वारदात घटेको रहेछ भनी मान्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादीहरूलाई सफाइ दिएको मिलेन भनी दायर भएको नेपाल सरकारको पुनरावेदन र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईले आरोपित कसुरमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी बयान गरे तापनि अनुसन्धान अधिकारीसक्षम यी प्रतिवादीहरूले चालक बिकल तामाङलाई जबरजस्ती सडकको पेटीमा तानी सबैजनाले घेरा हाली निजको साथमा रहेको सुन जबरजस्ती चोरी गरी चालक तथा माइक्रोबसलाई पठाई फिस्लिङ्गस्थित रहेको सुन चाँदी पसलमा गई सुन टुक्रा पारी हिँडिरहेको अवस्थामा आफूहरूलाई बरामदी मुचुल्कामा उल्लिखित सामानसहित फेला पारी प्रहरीहरूले पक्राउ गरी ल्याएको भन्ने बेहोरा खुलाई दिएको पाइन्छ। उल्लिखित जाहेरी दरखास्त, बरामदी तथा घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन र प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष

गरेको बयान र अन्य परिस्थितिजन्य प्रमाणसमेतको रोहबाट माइक्रोबसका चालकको साथबाट यी दुईजना प्रतिवादीहरूले सुन चोरी गरेको तथ्य प्रस्ट स्थापित रहे भएको देखिने।

वारदातमा प्रतिवादी बनाइएका अन्य अभियुक्तहरूको संलग्नता नदेखिई सफाइ पाउने ठहर भएको अवस्थामा यी दुईजना प्रतिवादीहरूको मात्र संलग्नता देखिएको हुँदा चोरीको ६ नं. आकर्षित हुन सक्ने देखिएन। तसर्थ यी दुईजना प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईको सन्दर्भमा सुरू अभियोग परिवर्तन भई रहजनी चोरीतर्फ कसुर कायम गरी सोहीअनुसार पुनरावेदन अदालत हेटौंडाबाट सजाय ठहर भएको मनासिब नै देखिने।

अत: माथि विवेचित तथ्य र कानूनी व्यवस्थाको विश्लेषणसमेतबाट प्रतिवादीहरू उत्तम लामा थिङ, अरूण तामाङ, वाङ्गथुप लामा, सर्वजित थकाली, राजु लामा, गणेशमान लामा, मानबहादुर थिङ, दिनेश तामाङ र सन्तोष लामालाई सफाइ दिने तथा जाहेरवाला ताराप्रसाद श्रेष्ठलाई झुठा बकपत्र गरेबापत रू.१,०००।– (एक हजार) जरिवाना गर्ने र प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईलाई मुलुकी ऐन चोरीको १ नं. र ४ नं. विपरीतको कसुरमा सोही महलको १४(२) नं.बमोजिम कसुर ऐ. को १२ नं. ले साधारण चोरीमा हुने सजाय डेढी अर्थात् जनही १ महिना १५ दिन कैद र बिगो रू.१७,५६,९२५।- (सत्र लाख छपन्न हजार नौ सय पच्चीस) को डेढी रू.२६,३५३८७।५० (छब्बीस लाख पैंतीस हजार तीन सय सतासी रूपैयाँ पचास पैसा) जरिवाना हुने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०७१।९।७ मा फैसला भएकोमा उत्तम लामा थिङ्गसमेतका प्रतिवादीहरूलाई सफाइ दिने तथा जाहेरवाला ताराप्रसाद श्रेष्ठलाई झुठा बकपत्र गरेबापत रू.१,०००।– (एक हजार) जरिवाना हुने फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईको हकलाई मुलुकी ऐन चोरीको महलको ५ नं. को कसुरमा सोही महलको १४ नं. को देहाय २ बमोजिम सजाय गर्नु पर्नेमा सो चोरीको महलको ४ नं. को कसुर कायम गरी १४ नं. को देहाय २ बमोजिम सजाय हुने ठहऱ्याएको उक्त फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरू सुदम कँडेल र साङ्गे राई भन्ने सन्तबहादुर राईलाई मुलुकी ऐन, चोरीको महलको ५ नं.को कसुरमा १४ नं. को देहाय ३ बमोजिम साधारण चोरीमा हुने सजायको दोब्बर अर्थात् जनही २(दुई) महिना कैद र बिगोको दोब्बर रू.३५,१३,८५०।– पैंतीस लाख तेह्र हजार आठ सय) जरिवाना भई जरिवानाबापत समेत कैद हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।९।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कार्तिक १ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०१२०, जबरजस्ती करणी, *नेपाल सरकार वि. जोसेफ मरण्डी*

वारदात मिति २०६३।१।१३ गते रहेको र निजको स्वास्थ्य परीक्षण मिति २०६३।२।१२ मा मात्र भएको देखिन्छ। स्वास्थ्य परीक्षण बोर्ड गठन गरी भएको भन्ने देखिएको छ। कोशी अञ्चल अस्पताल विराटनगरबाट पीडिताको स्वास्थ्य परीक्षण गर्न गठित बोर्डबाट मिति २०६३।२।१२ मा परीक्षण प्रतिवेदन प्राप्त भएको र सो प्रतिवेदनमा Hymen torn at the time of Examination भनी लेखिएको देखिन्छ। वारदात भएको लामो समय व्यतित भएपश्चात् भएको शारीरिक परीक्षणबाट पीडित र प्रतिवादीबिच यौन सम्पर्क भएको प्रमाण फेला पार्ने सम्भावना न्यून हुन जाने देखिन्छ। यसबाट प्रत्यक्ष प्रमाणको अभावमा

परिस्थितिजन्य प्रमाणको विश्लेषण गरी निर्णयमा पुग्नु पर्ने।

कानूनको हदम्यादभित्र नै जाहेरी पर्न आएको र यी प्रतिवादीहरूउपर झुट्ठा जाहेरी दिनुपर्ने कुनै कारणसमेत मिसिलबाट देखिएको छैन । जाहेरी ढिला गरी परेको कारण सम्बन्धमा विवेचना गर्दा वारदातको प्रकाश गरेमा मारिदिनेसम्मको धाकधम्की प्रतिवादीहरूले दिएको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिँदा अशिक्षा, अभाव, अज्ञानतासमेत रहेको समाजमा ढिला गरी जाहेरी पर्दैमा सोही कारणले मात्र वारदात नै नभएको निष्कर्षमा पुग्दा न्यायको ढोका बन्द गरेसरह हुन जान्छ। त्यसमा पनि प्रस्तुत जाहेरी जबरजस्ती करणीको महलको ११ नं. ले व्यवस्था गरेको हदम्यादभित्र नै परेको देखिन्छ । यसरी हदम्यादभित्र जाहेरी परेको अवस्थामा जाहेरी ढिलो गरी परेको भन्ने तथ्य प्रतिवादीलाई सफाइ दिने आधार बन्न सक्ने नदेखिने।

जबरजस्ती करणीको अपराधमा योनिभित्र पुरूषको वीर्यलगायतका अन्य सबुद प्रमाण फेला पर्नको लागि वारदात घटेलगत्तै पीडितको शारीरिक परीक्षण भएको हुनुपर्ने । वारदात भएको मिति २०७५।१।३ गते र स्वास्थ्य परीक्षण मिति २०७५।२।१२ भएको मिसिलबाट देखिँदा यति लामो अवधिसम्म वारदात हुँदा प्रयोग भएको कपडा परिवर्तन भइसकेको र पीडितले नुहाई सकेको सहजै अनुमान गर्न सकिने हुँदा योनिभित्र पुरूषको वीर्य नदेखिनु स्वाभाविक हुन जान्छ । प्रतिवादीहरूले डर धाक देखाई वारदात घटाएको हो भनी जाहेरी तथा बकपत्रको क्रममा समेत उल्लेख भएबाट यस्तो अवस्थामा हुने जबरजस्ती करणीमा पीडक र पीडितबिच संघर्ष नै हुनसक्ने अवस्था नरही पीडितको शरीरमा संघर्षको चिह्नहरू नदेखिन सक्ने हुन्छ। तर पीडित स्वयंले जबरजस्ती करणी भएको हो भनी लेखाएको एवं सोही बेहोरा वारदातकै दिन पीडिताकी आमालाई समेत बताएको, पीडितको कन्याजाली च्यातिएको, आमाछोरी सुतेको ठाउँबाट नियन्त्रणमा लिई धाकधम्की दिई डरत्रासमा पारी करणी गरेको अवस्थामा निजको शरीरमा संघर्षको चिह्न नभएको र जबरजस्ती करणी भएको कुनै प्रमाण फेला नपरेकोले जबरजस्ती करणी भएको होइन भनी मान्न मिलेन । त्यसमा पनि सहअभियुक्तहरू पृथ्वी राजवंशी र महादेव मण्डललाई अभियोग दाबीबमोजिम सजाय भएकोमा चित्त बुझाई बसेको अवस्थाबाट पनि जबरजस्ती करणीको वारदात नै नभएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । उक्त वारदातको प्रत्यक्षदर्शी यी पीडित स्वयं र जाहेरवालासमेत भएकोले यस्तो अवस्थामा निजहरूको भनाइलाई प्रमाणमा लिनुपर्ने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट यी प्रतिवादी जोसेफ मरण्डीसमेतले पीडिता वर्ष १३ की परिवर्तित नाम Y लाई मिति २०६३/०१/१३ गते सामूहिक बलात्कार गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादी जोसेफ मरण्डीले अभियोग दाबीबाट सफाइ पाउने ठहरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६६/०३/२८ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८/०३/१५ मा भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिँदा उल्टी भई प्रतिवादी जोसेफ मरण्डीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्ष कैदको सजाय हुने ठहर्छ । उक्त वारदातमा यी प्रतिवादीको साथमा अर्का प्रतिवादी जुवेर अन्सारीसमेत संलग्न भई सामूहिक करणी गरेको मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको ३क नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा १३ वर्ष कैद हुने ठहर्छ । साथै तत्कालीन अवस्थामा कायम रहेको मुलुकी ऐन, जबरजस्ती करणीको १०

नं. बमोजिम प्रतिवादीको आधा अंश सर्वस्व गरी यी पीडिताको नाउँमा दाखेल खारेजसमेत हुने ।

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७५ साल जेष्ठ ३० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-१०८९, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. ओजबहादुर बुढामगर*

प्रतिवादीबाट नक्कली चालक अनुमति पत्र फेला परेको भई नक्कली प्रमाणपत्र लिएर हिँड्नु एउटा अपराध भए तापनि उक्त प्रमाणपत्र निजले बनाएको र सोमा निजको हस्ताक्षर भएको कुरा कहिँकतैबाट प्रमाणित हुन आएको देखिँदैन । यी प्रतिवादीले नै यो यस प्रकारबाट यो यस्तो रीतपूर्वक उक्त प्रमाणपत्र नक्कली खडा गरेको भन्ने प्रस्ट र किटानी दाबीसमेत भएको पाइँदैन । निजले नै उक्त जाली प्रमाण पत्र (लाइसेन्स) बनाएको कुरालाई वस्तुनिष्ठ तथ्यगत आधार प्रमाणहरूबाट शंकारहित तवरले पुष्टि प्रमाणित हुन आएको देखिँदैन । प्रतिवादीको बयानअनुसार आफूलाई सवारी चालक अनुमति पत्र आवश्यक भएकोमा सो बनाउनका लागि सम्बन्धित निकायमा गएको अवस्थामा त्यहीँ काम गर्ने व्यक्तिले झुटो आश्वासन दिई आफूले बनाई ल्याइदिने भनेबाट निजको विश्वासमा परी रकमसमेत दिएपछि मोहन बुढाथोकीले बनाई ल्याई दिएकोमा सही साँचो रूपले बनाइदिएको होला भनी सँग साथमा लिई राखेको स्पष्ट देखिन्छ । आफूले अड्डामा उपस्थित भई प्रक्रिया पुर्‍याई बनाउनु पर्नेमा अरूको विश्वासमा परी जाली प्रमाणपत्र लिई हिँडेको देखिन्छ तर यी प्रतिवादी स्वयंले उक्त सवारी अनुमति पत्र बनाएको नभई रकमसमेत दिई बनाउन लगाएकोसम्म देखिन्छ । मुलुकी ऐन, किर्ते कागजको ११ नं. मा *ज्यान लिनाको मतलबले बाहेक अरू कुरामा किर्ते गर्ने गर्न लगाउनेलाई किर्ते गर्ने ठहरेका मानिसलाई हुनेबमोजिम र अरू मतियारलाई त्यसैको आधी सजाय गर्नुपर्छ* भन्ने व्यवस्था रहेको पाइन्छ जसअनुसार सवारी चालक अनुमति पत्र किर्ते गरी गराउन लगाएको नभई प्रतिवादीले मतियारका रूपमा कार्य गरेको देखिने ।

कुनै पनि फौजदारी कसुरमा कसुर कायम गर्दा कसुरदारले के कस्तो कार्य गरेका हुन्, निजले गरेको आपराधिक कार्य के कुन कानूनको विपरीत भएको हो ? निजको के कस्तो संलग्नता थियो ? आफूले कार्य गरी आपराधिक हुन गएको हो वा निजको भूमिका मुख्यको रूपमा नरही प्रत्यक्ष अप्रत्यक्ष रूपले संलग्नता रहेको हो वा मतियारको रूपमा कार्य भएको हो सबै कुरालाई विचार गरी कसुर कायम गर्ने र कसुर कायम भएको अवस्थामा कसुरअनुसारको सजाय निर्धारण गरिनु कानूनसङ्गत हुन आउँछ । जुन कसुर गरेको हो सोहीअनुसार कसुर कायम गरी सजाय गरिनु न्यायोचित हुन जाने । प्रतिवादीको कार्यमा मुख्य भूमिका रहेको नभई मतियारको रूपमा आफ्नो काम गराउने दृष्टिकोणबाट अभिप्रेरित भई अर्को मानिसमार्फत अनुमति पत्र लिएकोसम्म देखिएबाट निजले नै प्रत्यक्ष किर्ते गरेको भन्ने देखिन नआउने ।

प्रतिवादीको सँगसाथबाट बरामद भएको उक्त चालक अनुमति पत्र नक्कली बनाउने कार्यमा यी प्रतिवादी नै यो यसप्रकार संलग्न थिए भन्ने देखिने प्रमाणको मिसिलमा अभाव रहेको अवस्थामा अभियोग दाबीअनुसारको कसुर निजले नै गरेको भनी भन्न मिल्दैन । निज अभियोग दाबीअनुसार मुख्य कसुरदार नदेखिए पनि निजको अनुमति पत्र नक्कली अर्थात् किर्ते गरी तयार पारेको देखिएको छ । यसबाट उक्त अनुमति पत्र नक्कली बनाई किर्ते कागजको महलअनुसारको कसुरजन्य कार्य गर्नमा निज मतियारसम्म रहेको पुष्टि भएबाट यी प्रत्यर्थी प्रतिवादीले किर्ते कागजको ११ नं. अनुसार मतियारको कसुर गरेकोसम्म ठहर गरी निजलाई सोही महलको ९ र १२ नं.बमोजिम हुने सजायको आधा रू.२५।- जरिवाना र थप कैद महिना

६ हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आयो । अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट यी प्रत्यर्थी प्रतिवादीलाई मुलुकी ऐन किर्ते कागजको महलको ११ नं. को कसुरमा ऐ. महलको ९ र १२ नं. ले हुने सजायको आधा अर्थात् जरिवाना रू. २५। र थप कैद महिना ६ (छ) हुने ठहऱ्याई मिति २०६६।११।१०।२ मा गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९/०१/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यदुराज शर्मा

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम् ।

**६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-WO-०९०५, उत्प्रेषण / परमादेश, *राजन मैनाली वि. नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, बबरमहलसमेत*

नेपाल नागरिक उड्डयन प्राधिकरण र निवेदक कम्पनीबिचमा भएको सम्झौताको २४ तथा २५ नं. मा सम्झौता कार्यान्वयनका विषयमा उत्पन्न विवादमा निश्चित अवधिमा Adjudicator समक्ष जाने र निजले लिखित निर्णय गरेको २८ दिनभित्र दुवै पार्टीहरूले चाहेमा मध्यस्थकर्तासमक्ष जान सक्ने भनी उत्पन्न विवाद समाधानको लागि मध्यस्थकर्तासमक्ष जान सक्ने व्यवस्था गरिएकोमा निवेदकले विवाद समाधानको लागि मध्यस्थकर्तासमक्ष निवेदन दिएको वा त्यसतर्फ कुनै पहल गरेको अवस्था पनि देखिँदैन । दुई पक्षबिच सम्पन्न करारमा विवाद समाधानको सम्बन्धमा गरेको व्यवस्थाको अनुशरण नगरी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा करारअनुसार Adjudicator र तत्पश्चात् मध्यस्थकर्तासमक्ष विवाद पेस गरी प्रमाणको मूल्याङ्गकनका आधारमा निष्कर्षमा पुग्नुपर्ने विषयमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने ।

निवेदकलाई ठेक्का सम्झौताको अवधि पटकपटक थप गरिएको अवस्थामा पनि तोकिएको कार्य सम्पन्न गर्न सकेको देखिँदैन । प्रस्तुत सम्झौता अवधिमा के कति कार्य सम्पन्न भई के कति कार्यको भुक्तानी लिन बाँकी रहेको हो भनी तथ्यको विश्लेषण नगरी बोल्न सक्ने अवस्था देखिएन । रिट क्षेत्राधिकारको माध्यमबाट मुद्दाको तथ्यमा प्रवेश गरी निर्णयमा पुग्न सक्ने अवस्था पनि रहेन । दुई पक्षबिचमा भएको सम्झौताबमोजिम करारीय दायित्वको सम्बन्धमा उत्पन्न हुने विवादमा मध्यस्थकर्तासमक्ष जान सक्ने गरी सम्झौतामा नै स्पष्ट उल्लेख भइरहेकोमा वैकल्पिक उपचार प्राप्त गर्ने कानूनी व्यवस्था रहँदारहँदै यस अदालतको रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : यदुनाथ शर्मा

इति संवत् २०७४ साल पौष ३० गते रोज १ शुभम् ।

## इजलास नं. ८

**१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-११७३, निर्णय दर्ता बदर हक कायम, *रामचन्द्र राउत वि. गंगाराम बरै*

मुद्दामा भएको २०६७ सालको नक्सामा जनिएको न.नं. ३ को जग्गा कि.नं. ८३ को जग्गा रहेको र २०४८ सालको नक्सा मुचुल्काको न.नं. ३ को घर जग्गा एउटै स्थानमा रही मिले भिडेको समेत

देखियो । सो न.नं. ३ को जग्गा २०४८ सालको नक्सामा प्रतिवादी महन्थ राउत वरै र मनचित्त वरैको देखाई नाप नक्सा भएको देखिन्छ । सो न.नं. ३ को जग्गा कि.नं. ८३ र ५८ को न.नं. २ को जग्गामा दे.नं. १३२८ को मुद्दाबाट यी वादीको हक पुग्ने ठहरी फैसला भएको देखिँदैन र न.नं. १ कि.नं. ८२ को जग्गामा घर भएको र सो घरका सम्बन्धमा वादीको दाबी रहेको समेत नदेखिने ।

अत : दे.नं. १३२८ को मुद्दाको वादीविपरीत वरैनको (अर्थात् प्रस्तुत मुद्दाको प्रतिवादी गंगाराम वरैकी आमा) हक कायम हुन नसकेको जग्गा नै प्रतिवादी गंगाराम वरैले प्रस्तुत मुद्दामा दर्ता गराएको देखिन आएको देखिँदा यस्तो दर्ता कानूनत : मिल्दो देखिन नआउने ।

अत : उल्लिखित आधार र कारणबाट कि.नं. ८२ को हकमा वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।०५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : केदारनाथ पौडेल

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७४ साल मंसिर २४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०६०५, वैदेशिक रोजगार, *नेपाल सरकार वि. भानुभक्त कुँवर*

जाहेरवाला कृष्णचन्द्र रोकायाले जाहेरीमा उल्लेख गरेको रकम लेनदेनको मिति २०६८।०५।२४ को लिखत पेस गरेको देखिन्छ । सो लिखत हेर्दा, **साहुको नाम अञ्चल लुम्बिनी जिल्ला अर्घाखाँची गा.वि.स. किमडाँडा वडा नं.४ शेरबहादुर कुँवरको नाति, दिल्लिजंग कुँवरको छोरा वर्ष ३५ को भानुभक्त कुँवर आगे ऋणी अञ्चल कर्णाली जिल्ला डोल्पा गा.वि.स. पहाडा वडा नं.१ बस्ने इन्डोङ रोकायाको नाति रनविर रोकायाको छोरा हाल सितापाइला बस्ने वर्ष २५ को भानुभक्त कुँवरले वैदेशिक रोजगारको लागि इराक पठाउने भनी रू.१,२७,५००।- (एक लाख सत्ताइस हजार पाँच सय रूपैयाँ) लिएको साँचो हो** भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । यस लिखतको बेहोराबाट जाहेरवाला कृष्णचन्द्र रोकाया र प्रतिवादी भानुभक्त कुँवरबिच रकम लेनदेन भएको देखिन नआउने ।

जाहेरवाला कृष्णचन्द्र रोकायाबाट पेस भएको रकम लेनदेनको लिखतबाट प्रतिवादी भानुभक्त कुँवर र निज जाहेरवाला कृष्णचन्द्र रोकायाबिच रकम लेनदेन भएको नदेखिएको स्थितिमा जाहेरवाला कृष्णचन्द्र रोकायाको हकको रकम दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिने ।

अतः जाहेरवाला कृष्णचन्द्र रोकायाको हकको रकम दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बू

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. अनिलकुमार सिन्हा,** ०७३-WO-०७६१, उत्प्रेषण, *विनोदप्रसाद गिरी वि. गुठी लगत तहविल कार्यालय, काठमाडौं*

निवेदककी आमा विजेश्वरीले दिएको निवेदनमा गुठी संस्थान सञ्चालक समितिबाट निर्णय भई सो निर्णयउपर विजेश्वरीले अदालतमा निर्णय बदर मुद्दा गरी तहतह फैसला भई यस अदालतबाट मिति २०६४।०३।११ को गुठी संस्थानको निर्णय कायम हुने गरी अन्तिम फैसला भएको देखियो । यसबाट निवेदकको आमा स्व. विजेश्वरी गिरीले दिएको निवेदनमा कुनै कारबाही नगरी विपक्षीले कर्तव्य पूरा

नगरेको भन्ने निवेदन जिकिर सत्य तथ्यमा आधारित रहेको नदेखिने । निवेदनमा निवेदकले दाबी लिएको विवादित निर्णयको विषयमा यस अदालतबाट मिति २०६४।३।११ मा भएको फैसलाबाट नै विवादको निरूपण भइसकेको अवस्था हुँदा सोही विवादित विषयमा पुनः रिट निवेदन लिई आउनु फैसलाको अन्तिमताको सिद्धान्तविपरीत देखिन आयो । साथै कानूनबमोजिम अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत मुद्दा परी निरूपण भइसकेको विषयमा परेको प्रस्तुत निवेदन प्रचलित कानूनी व्यवस्था तथा रिटसम्बन्धी मूल्य मान्यताअनुकूल रहेको देखिन आएन । निवेदकको स्वर्गीय आमा विजेश्वरीले विपक्षी गुठी संस्थानमा दिएको निवेदन कारबाही भई टुंगिसकेको देखिँदा सो निवेदन पुनः कारबाही हुन नसक्ने भई निवेदन मागबमोजिम परमादेश जारी हुन सक्ने अवस्था देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- महेश खनाल

कम्प्युटरः- मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. पुरूषोत्तम भण्डारी,** ०६७-CI-०४०७, मोही नामसारी, *उमेश वल्लभ पन्तसमेत वि. रामचन्द्र सहनी*

वादी रामचन्द्र सहनीले पेस गरेको नागरिकता प्रमाणपत्र, दोहोरी गा.वि.स.को सिफारिस पत्र, तपिया मलाहिनसँगको लेनदेन मुद्दाको फैसला, दोहोरी गा.वि.स. को नाता प्रमाणित प्रमाणपत्रसमेतबाट मोही देवझरिया मलाहिनको छोरा नाताका व्यक्ति रामचन्द्र सहनी देखिन आएको र भूमि सुधार कार्यालयमा कुतबाली जम्मा गरेको रसिदसमेतले जग्गाको मोहीको दायित्व रामचन्द्र सहनीले पूरा गरेको देखिन आएको हुँदा विवादित जग्गाको साबिक मोही देवझरिया मलाहिनको मृत्युपछि निजको हकवाला रामचन्द्र सहनीको नाममा मोही नामसारी हुन सक्ने नै देखिन आयो । मिसिल संलग्न कागज प्रमाणहरूबाट वादी रामचन्द्र सहनी देवझरियाको छोरा नाताको रहेको भन्ने पुष्टि भइरहेको हुँदा फरक वतनमा बसेको भन्ने आधारबाट मात्र रामचन्द्र सहनीलाई देवझरियाको छोरा होइनन् भनी मान्न मिल्ने अवस्था नदेखिने ।

तसर्थ, वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालयको फैसला उल्टी गरी वादी दाबीबमोजिम पुनरावेदक वादीका नाउँमा विवादित कि.नं. १०१ को ज.वि. १-७-५ र कि.नं. १०४ को ज.वि. ०-१५-० जग्गाको मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।१०।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- महेश खनाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेष्ठ ८ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६७-CI-०४०६, मरूवा मोही लगत कट्टा, *उमेश वल्लभ पन्तसमेत वि. रामचन्द्र सहनी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएकको छ ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. पुरूषोत्तम भण्डारी,** ०७३-WO-००९५, जग्गा दर्ता, *लक्ष्मीदेवी भुर्त्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

यस अदालतबाट भएको आदेशको सन्दर्भमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. १८९५ मिति २०७४।११।०८ को पत्रबाट जग्गा दर्ता तथा अन्य काम कारबाहीको क्रममा ऐलानी, पर्ती एवं वन क्षेत्रको जग्गा व्यक्तिलाई दिनेसम्बन्धी प्रक्रिया अगाडि बढाउने कार्य नगर्नु / नगराउनु हुन भनी निर्देशनसम्म दिइएको हो, अन्य कुनै मिसिल खडा भएको होइन भन्नेसमेत बेहोराको जवाफ दिएको देखिन्छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको उक्त जवाफ बेहोराबाट निवेदिकाको निवेदन माग दाबीबमोजिमको जग्गा दर्ताको प्रक्रिया रोक्नु भन्ने कानूनबमोजिमको कुनै आदेश तथा निर्णय भएको देखिन नआउने।

कि.नं. ६९३ को जग्गा दर्ता प्रक्रिया अगाडि बढाएको अवस्थामा छुट जग्गा दर्ता प्रक्रिया अगाडि बढाउने क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग मन्त्रिपरिषद्को कार्यालय र भूमिसुधार विभागसमेतको निर्देशनबमोजिम छुट जग्गा दर्ता प्रक्रिया अगाडि बढ्न नसकेको देखिन्छ । त्यस्तै मालपोत कार्यालयको लिखित जवाफबाट निवेदकले छुट जग्गा दर्ता गरिपाउँ भनी माग गरेको निवेदनसहितको सक्कलै मिसिल जिल्ला प्रशासन कार्यालय, कास्कीमा पठाएकोमा पत्रबाट फिर्ता माग भएकोमा प्राप्त हुन नआएकोले दर्ता प्रक्रिया अगाडि बढ्न नसकेको हो भन्ने देखिन आउँछ । उल्लिखित तथ्यबाट मालपोत कार्यालयले दर्ता प्रक्रिया अगाडि बढाउन इन्कार गरेको भन्ने देखिन नआउने।

नेपालको संविधानले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्न पाउने गरी मौलिक हकको व्यवस्था गरेको पाइन्छ । सार्वजनिक हितको लागिबाहेक व्यक्तिको वैयक्तिक सम्पत्तिमा हस्तक्षेप गर्ने र अतिक्रमण गर्न नपाउने र त्यसरी सम्पत्ति प्राप्त गर्दासमेत क्षतिपूर्ति दिएर मात्र प्राप्त गर्न सक्ने देखिन्छ। व्यक्तिको हक अधिकार र भोगमा रहेको सम्पत्ति विना कारण तथा कानूनी आधार विना राज्यले हरण गर्न सक्ने नदेखिने।

जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नापी भएको जग्गा दर्ता गर्न छुट भएको अवस्थामा आफ्नो भोग, तिरोसमेतको हक दाबी देखाई दर्ता गर्न आएमा सोको यथोचित मूल्याङ्कन गरी दर्ता हुने वा नहुनेसम्बन्धी निर्णय गर्ने ऐनबमोजिमको अधिकार मालपोत कार्यालयलाई रहे भएको देखिन्छ। कानूनले मालपोत कार्यालयलाई भएको अधिकारमा अन्य निकायले हस्तक्षेप गर्ने वा जग्गा दर्ता गर्नु वा नगर्नु भनी निर्देशन दिने अधिकार अन्य निकायको भएको नदेखिने। अधिकारक्षेत्र नभएको निकायले जग्गा दर्ता गर्ने सम्बन्धमा निर्देशन दिने र सोही निर्देशनको पालना गरी निर्देशनबमोजिम जग्गा दर्ता गर्ने वा नगर्ने निर्णयमा पुग्न मालपोत कार्यालय बाध्य हुनुपर्ने अवस्था देखिन नआउने । विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतको लिखित जवाफसमेतबाट निवेदकले दाबी लिएको कि.नं. ६९३ जग्गा नेपाल सरकारको नाउँमा दर्ता गर्नु भन्ने कुनै निर्णय भए गरेको देखिन नआएबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयसमेत बदर गर्नुपर्ने अवस्था देखिन नआएकोले उत्प्रेषणको आदेश जारी गरिरहन नपर्ने।

छुट जग्गा दर्ता गरिपाउँ भनी साबिक दर्ताको प्रमाण, तिरो तिरेको हकसमेतका स्रोतहरूको प्रमाण पेस गरी कारबाही चलाएको र मालपोत कार्यालयले सर्जमिनलगायतका प्रमाणहरू हेर्ने कारबाही चलाइरहेको छ भन्ने दर्तासम्बन्धी फाइलबाट देखिन आएको छ । नापी हुँदा पर्ती जनिएको कारणबाट मिति २०४५।६।११ मा नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णय भए तापनि प्रतिपादित न्यायिक सिद्धान्तबमोजिम मिसिल संलग्न प्रमाण मूल्याङ्कन गरी निवेदकको मागअनुसार छुट दर्ता हुने नहुने निर्णय गर्न सक्ने नै हुने।

अत: उपर्युक्त आधार र कारणसमेतबाट निवेदकले दाबी गरेको कि.नं. ६९३ को जग्गा नापीको बखत पर्ती जनिई नेपाल सरकारको नाउँमा दर्ता हुँदैमा सबुद प्रमाणको मूल्याङ्कन गरी छुट जग्गा दर्ता सम्बन्धमा आवश्यक निर्णय गर्नसक्ने नै हुँदा निवेदकले पेस गरेको प्रमाणको मूल्याङ्कन गरी निवेदकको नाउँमा छुट जग्गा दर्ता हुने वा नहुने सम्बन्धमा अब कानूनबमोजिम निवेदकबाट पेस हुन आएका सबुद

प्रमाणको कानूनबमोजिम जे जो मूल्याङ्कन गर्नु पर्ने हो गरी निर्णय गर्नु भनी मालपोत कार्यालय, कास्कीको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७५ साल वैशाख ५ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-११८९, निषेधाज्ञा / परमादेश, *योगेश्वरकृष्ण पराजुलीसमेत वि. गिता पोखरेलसमेत*

विपक्षीहरूले दिएको निवेदनमा कारबाही प्रारम्भ गरी प्रमाण बुझ्नेलगायतको कार्यसमेत पुनरावेदक प्राधिकरणले गरेको भन्ने देखियो । कुनै पनि निकायमा परेको उजुरी निवेदनको सम्बन्धमा कानूनसम्मत ढंगबाट समयमै निकासा हुनु पर्दछ। लामो समयसम्म कारबाही टुङ्गो नलगाउँदा अनिश्चितताको स्थिति रहन्छ। फलस्वरूप रिट निवेदकहरूले प्रारम्भ गरेको कानूनी उपचारको मार्ग अवरूद्ध भइरहन्छ। रिट निवेदकहरूको चाहना पनि पुनरावेदक प्राधिकरणमा दर्ता गरेको निवेदनको उचित निकास हुनुपर्ने भन्ने नै हो । सम्पत्तिमा हस्तक्षेप हुनुपर्ने होइन भनी निवेदन परेकोमा आधिकारिक निकायले समयमा नै निकास नदिएमा विपक्षीहरूको अरू कानूनी उपचार अवलम्बन गर्ने बाटोसमेत अवरूद्ध हुन पुग्ने।

विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालयबाट आफ्नो कार्यालयमा पर्न आएको निवेदनहरूको समयमा नै निकास दिइएको देखिन आएन। निवेदकबाट परेको माथि उल्लिखित निवेदनहरूमा कानूनबमोजिम जो जे बुझ्नु पर्ने भए बुझी आवश्यक कारबाही गरी सो निवेदनहरूको अविलम्ब टुङ्गो लगाउने दायित्व एवं कर्तव्य काठमाडौं उपत्यका विकास प्राधिकरण एवं जिल्ला आयुक्तको कार्यालय काठमाडौंमा रहेको देखिने।

तसर्थ, निवेदकसमेतले मिति २०७०।१।२ र मिति २०७१।५।१० मा दिएको निवेदनमा आवश्यक निकास दिई निवेदनमा उल्लिखित सडकको केन्द्रविन्दु निर्धारण गरी मापदण्डअनुसार सडक बिस्तारसम्बन्धी कार्य गर्नु गराउनु भनी विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरण एवं काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहर भई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१३२९, विना इजाजत काठ ओसार पसार र बिक्री, *नेपाल सरकार वि. राजकुमार तितुङ*

बरामदी मुचुल्काका मानिस शम्शेरबहादुर श्रेष्ठले चाप जातका विभिन्न ९ थान र साल जातका विभिन्न साइजका ७२ थान गरी जम्मा ८१ थान काठ प्रतिवादीको मकैबारीमा २ ठाउँमा पुरी राखेको अवस्थामा बरामद भएको हो, बरामदी मुचुल्का मेरो रोहवरमा भएको हो भनी बकपत्र गरी बरामदी मुचुल्कालाई सनाखतसमेत गरिदिएको पाइयो । प्रतिवेदक मनमोहन मिश्रले साल तथा चाँपका ८१ थान काठ बरामद भएकोमा मिति २०६९।३।३१ मा मसमेतले बरामदी मुचुल्कासहित प्रतिवेदन पेस गरेको हो भनी आफूले पेस गरेको प्रतिवेदनलाई समर्थन हुने गरी सुरू जिल्ला अदालतमा बकपत्र गरेकोसमेत

पाइयो । प्रतिवेदक हेमराज ओलीले उपभोक्ता समूहलाई वितरण गर्न काटिएको काठ रेखदेख गर्न प्रतिवादी राजकुमारलाई वन समितिले राखेको थियो । सोही क्रममा प्रतिवादीले काठ लुकाउने गरेको हो । निजले आफ्नो मकै बारीमा लुकाएर राखेका काठहरू ओसार पसार प्रयोजनका लागि राखेको हो भनी सुरू अदालतमा बकपत्र गरिदिएको अवस्थासमेत देखिने ।

वन ऐन, २०४९ को दफा ६६ मा "**यो ऐनबमोजिम सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएका सबै बोझबाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुने छन्**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादीको मकैबारीमा र निजको घर वरिपरि वन पाखामा भेटिएका काठ सामुदायिक वन उपभोक्ता समितिले कटान गरेको काठ भएको कुरामा कुनै विवाद देखिँदैन । प्रतिवादीले बरामद भएका काठहरू आफूले लुकाई छिपाई राखेको कुरामा साबिती रही बयान गरेकोसमेत देखिन्छ । प्रतिवादीको साबिती बयानअनुसारको काठ बरामद भएको भन्ने बरामदी मुचुल्काबाट समेत देखिएको छ । यस अवस्थामा वन ऐन, २०४९ को दफा ६६ बमोजिम बरामदी काठसमेत जफत गर्नुपर्नेमा त्यस सम्बन्धमा केही नबोली प्रतिवादीलाई सजाय मात्र गर्ने गरी भएको सुरू चितवन जिल्ला अदालतको फैसला र उक्त फैसलालाई पुनरावेदनको रोहमा सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म कानून र न्यायको रोहमा मिलेको देखिन नआउने ।

अतः प्रतिवादी राजकुमार तितुङको बारीबाट बरामद भएको ७४.२२ क्यू.फिट काठ अवैध रूपमा कटान गरी निजले लुकाई राखेको प्रमाणित भएको अवस्थामा बरामदी काठ जफत गर्ने सम्बन्धमा केही नबोली सुरू चितवन जिल्ला अदालतबाट मिति २०७०।३।२५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई बरामद भएको ७४.२२ क्यू.फिट काठ वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने ।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक २९ गते रोज ६ शुभम् ।

## २

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CI-०६९२, निर्णय दर्ता बदर, *रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत*

बिर्ता उन्मुलन ऐन, २०१६ मा तेस्रो संशोधन भई २०४९ सालमा दफा १२(क) थप हुनुभन्दा अगावै जग्गाधनीको तर्फबाट दफा १२ बमोजिम विवादित कि.नं. १०७, १४५ समेतका जग्गा रैकर परिणत गरी दर्ता गरिपाउँ भनी प्रतिवादी दीपकध्वज जोशीले निवेदन दिए, नदिएको के हो सो सम्बन्धमा विचार गर्नु पर्ने देखिन्छ । विवादित कि.नं. १०७, १४५, ६६ समेतका अन्य विभिन्न १४ कित्ता जग्गाको नामसारी गरिपाउँ भनी दीपकध्वज जोशीले मालपोत कार्यालय, काठमाडौंमा द.नं. ४१४२ मिति २०४७।९।११ मा दिएको निवेदनको बेहोरा हेर्दा साबिक काठमाडौं मरू मौजामा मेरो बाजे कृष्णध्वजको नाममा दर्ता भएको हाल नापी नक्सा हुँदा मेरो बाबु प्रेमध्वज जोशीको नाममा नापी भएकोमा बाबु प्रेमध्वज र आमा राधानानीसमेत परलोक भइसक्नु भएको हुँदा म निवेदकबाहेक अरू कोही हकदार नभई म मात्र हकदार भएकोले मेरो नाममा दर्ता नामसारी गरी ज.ध.प्र.पुर्जा पाउँ भनी उल्लेख गरेको पाइयो । दीपकध्वज जोशीले द.नं. ३४७५ मिति २०५२।७।२८ मा मालपोत कार्यालयमा दिएको अर्को निवेदनमा विवादित कि.नं. ६६ को जग्गा मात्र निजी गुठी भएको र अरू जग्गाहरू रैकर नै भएको र दर्ता नामसारीको कारबाही मात्र गरिपाउँ भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । प्रतिवादी दीपकध्वज जोशीले जुन निवेदनको आधारमा जग्गा

दर्ताको कारबाही चलाइएको हो सो द.नं. ४१४२ मिति २०४७।९।११ को निवेदनमा विवादित जग्गा बिर्ताबाट रैकर परिणत गरिपाउँ भनी मागदाबी लिएको देखिँदैन । यस अवस्थामा बिर्ता उन्मुलन ऐन, २०१६ को दफा १२(क) को कानूनी व्यवस्थाबमोजिम विवादित कि.नं. १४५ र कि.नं. १०७ को बिर्ता जग्गा रैकर परिणत गरी दर्ता माग गर्न गएको नभई सो जग्गा दर्ता नामसारीसम्म गर्ने उद्देश्यले मिति २०४७।९।११ मा मालपोत कार्यालयमा निवेदन दिएको तथ्य सो निवेदनको बेहोराबाट प्रस्ट देखिन आएकोले जग्गाधनीले २०४७ सालमा नामसारीका लागि दिएको निवेदनलाई रै.प.को लागि दाबी गरेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

प्रतिवादी दीपकध्वज जोशीले मालपोत कार्यालय, काठमाडौँमा दिएको द.नं. ४१४२ मिति २०४७।९।११ को निवेदनमा उल्लिखित जग्गाहरूमध्ये का.जि. फुटुङ गा.वि.स. वडा नं.१(क) को कि.नं. १०३ को क्षेत्रफल ५-१२-० समेतका जग्गा दीपकध्वज जोशी र पदमकुमारी जोशीका नाममा रै.प. दर्ता गर्ने गरी मालपोत कार्यालय, काठमाडौँबाट मिति २०५६।७।१७ मा भएको निर्णय बदरतर्फ उक्त कि.नं. १०३ को जग्गाको मोही मिश्री खत्रीले दिएको मुद्दामा कि.नं. १०३ को जग्गा मोहीका नाममा दर्ता हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०५८।४।२६ मा फैसला भएकोमा सो फैसलाउपर पदमकुमारी जोशीसमेत पुनरावेदक तथा मिश्री खत्रीको मु.स.गर्ने हरिकृष्ण खत्रीसमेत विपक्षी भएको संवत् २०६२ सालको दे.पु.नं. ८५८१ को निर्णय बदर मुद्दामा दीपकध्वज जोशीले मालपोत कार्यालय, काठमाडौँमा मिति २०४७।९।११ मा दिएको द.नं. ४१४२ को निवेदनमा निजको रैकर परिणततर्फको दाबी नभई सुरू नामसारी मात्रको लागि निवेदन परेको देखिँदा उक्त कि.नं. १०३ को जग्गासमेत बिर्तावालाको नाममा दर्ता हुने ठहर गरेको मालपोत कार्यालय, काठमाडौँको उक्त मिति २०५६।७।१७ को निर्णय सो हदसम्म उल्टी गरी सो जग्गा मोहीका नाममा दर्ता गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला सदर हुने ठहरी यस अदालतबाट मिति २०६४।११।६ मा फैसला भएको मिसिल सामेल रहेको उक्त फैसलाको प्रतिलिपिबाट देखियो । यस अवस्थामा बिर्ता उन्मुलन ऐन, (संशोधनसहित) २०१६ को दफा १२(क) मा भएको व्यवस्थाबमोजिम बिर्ता जग्गा रै.प.दर्ता गरिपाउँ भनी बिर्तावालाको तर्फबाट कुनै कारबाही गरी कसैको नाममा रैकरमा परिणत गरी दर्ता भएको नदेखिएको र मोहीको हैसियतले रै.प.दर्ता गरिपाउँ भनी पुनरावेदकका बाबु तथा ससुरा रामबहादुर खत्रीले मिति २०५३।३।२८ मा निवेदन दिई कारबाही चलेको देखिएको साथै विवादित जग्गाहरूमध्ये कि.नं. ६६ को जग्गा निजी गुठी जनिएको र सो सम्बन्धमा मिति २०५३।३।२८ मा राम बहादुर खत्रीले रै.प. दर्ताका लागि निवेदन गर्दा कि.नं. ६६ को जग्गा सम्बन्धमा दाबी नगरेको हुँदा सो कि.नं. ६६ बाहेक अन्य विवादित कि.नं. १०७ र कि.नं. १४५ को जग्गा बिर्ता उन्मुलन ऐनको दफा ७(क) बमोजिम जग्गा कमाउने व्यक्ति रामबहादुर खत्रीका हकदार यी पुनरावेदकहरूका नाउँमा रै.प.दर्ता हुने नै देखिने ।

अतः उल्लिखित आधार, कारण र प्रमाणबाट कि.नं. ६६ को जग्गा निजी गुठी जनिएको र मिति २०५३।३।२८ को निवेदनमा सो जग्गाको सम्बन्धमा रामबहादुर खत्रीको दाबीसमेत नदेखिँदा उक्त कित्ताबाहेक कि.नं. १०७ र १४५ का विवादित जग्गा बिर्ता जग्गा देखिएको, सो जग्गा जग्गाधनी (बिर्तावाला) ले रै.प. नगराएको र यस अदालतबाट मिति २०६४।११।६ मा भएको फैसलामा उल्लेख गरिएको निर्णयाधारका आधारमा जग्गाधनीले २०४७ सालमा नामसारीका लागि दिएको निवेदनलाई रै.प.को लागि दाबी गरेको भनी मान्न मिल्ने नभएको हुँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई मालपोत कार्यालय, काठमाडौँको मिति २०५६।७।१७ को

निर्णयले प्रतिवादी दीपकध्वज जोशीसमेतका नाममा भएको रै.प. दर्ता नामसारीसमेत बदर भई वादी दाबीबमोजिम उक्त कि.नं. १०७ र १४५ को जग्गा वादीहरूको नाममा रैकर परिणत दर्ता तथा हक कायमसमेत हुने।

इजलास अधिकृत:- धनबहादुर कार्की

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मंसिर १२ गते रोज ५ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:-

- ०७४-CI-०६९४, लिखत बदर, *रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत*
- ०७४-CI-०९४४, जालसाजी, *रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत*
- ०७४-CI-०९४३, जालसाजी, *रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत*
- ०७४-CI-०६९३, लिखत बदर, *रूकु खत्रीसमेत वि. दिपकध्वज जोशीसमेत*

**३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१४९७, विद्युतीय कारोबार, *अनिलकुमार दुवे वि. नेपाल सरकार*

जाहेरवालाको Facebook messenger मा पुनरावेदक प्रतिवादीले निज र निजबाहेक अन्य व्यक्तिसमेतले सामूहिकरूपमा प्रयोग गर्ने गरेको Facebook messenger मा अश्लील तस्वीर प्रदर्शन वा प्रकाशन गरेको भन्ने जाहेरवालीको जाहेरी बेहोरा एवं बकपत्र भनाइ रहेको देखिँदैन। प्रतिवादीले निजको Facebook messenger बाट जाहेरवालीको Facebook messenger मा पठाएको भनिएको अश्लील तस्वीर निज जाहेरवालीले अन्य व्यक्तिलाई देखाएबाट अरूले थाहा पाएको अवस्था भए त्यस्तो अवस्थालाई उपर्युक्त कानूनी व्यवस्थाअनुसार कसुर भएको मान्न मिल्ने देखिँदैन। पुनरावेदक प्रतिवादीले जाहेरवालीको Facebook messenger मा Post गरेको भनिएको अश्लील तस्वीर जाहेरवालीको मान मर्यादामा आँच पुर्‍याउने उद्देश्यले सार्वजनिकरूपमा यो यसरी प्रकाशन गरेको भनी जाहेरवालीले जिकिर लिएको पाइएन । जहाँसम्म जाहेरवाली पीडितको अफिसमा र आफन्तहरूलाई अपशब्द लेखी MASSAGE पठाउने गरेको भन्ने जाहेरवालीको बकपत्र भनाइ भएकोमा निजको सो कुरा तथ्यतः पुष्टि हुन आएको देखिँदैन। अभियोजन पक्ष (वादी) ले पनि त्यस्तो पुष्टि हुने तथ्ययुक्त प्रमाण पेस गरेको पाइएन। यस स्थितिमा प्रतिवादी जाहेरवालाको Facebook messenger मा अश्लील तस्वीर Post गरेको कार्यलाई वारदात हुँदाको अवस्था प्रचलनमा रहेको उपर्युक्त कानूनी व्यवस्थाअनुसार कसुर भएको मान्न नमिल्ने।

वादी नेपाल सरकार भई चल्ने फौजदारी मुद्दाको अभियोजन गर्ने कुनै पनि आधिकारिक निकायले कुनै वारदात सम्बन्धमा जाहेरी पर्न आएपछि सो सम्बन्धमा वारदात वास्तविक हो होइन ? प्रचलित कानूनले कसुरजन्य कार्य भएको हो होइन ? घटित कार्य गर्ने भनी पोल गरिएको व्यक्ति (घटक) ले प्रचलित कानून वर्जित कार्य गरेको हो, होइन ? आदि सबै कुराको उचित तवरले छानबिन, अनुसन्धान गरी यकिन गरेर मात्र कसैउपर अभियोग लगाउनु अभियोजन पक्षको कानूनी कर्तव्य हुन जान्छ। आफ्नो सानो गल्तीबाट कसैले पनि सजाय भोग्न नपरोस्, शारीरिक एवं मानसिक पीडा भोग्न नपरोस् भन्नेतर्फ अभियोजन कर्ता सधैँ सतर्क रहनु उसको कानूनी दायित्व हुन्छ । कानूनी राज्यमा राज्यबाट गरिने गलत कार्यबाट हुने अनावश्यक हैरानी (HARASSMENT) बाट मुक्त रहन पाउने व्यक्तिको न्यायिक अधिकारप्रति अभियोजनकर्ता सधैँ सचेत रहनु पर्ने।

माथि गरिएको तथ्य एवं कानूनी व्यवस्थाको व्याख्या, विश्लेषण र यस अदालतबाट प्रतिपादित

सिद्धान्तसमेतबाट प्रतिवादी अनिलकुमार दुवेको आफ्नो Facebook messenger बाट जाहेरवालीको Facebook messenger मा अश्लील तस्वीर पठाउने कार्य उपर्युक्त तत्काल प्रचलित कानून विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७(१) अनुसार कसुर भएको देखिन नआएको अवस्थामा अभियोग दाबीबमोजिम निजलाई कसुरदार कायम गरी सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७३।७।१ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ र प्रतिवादी अनिलकुमार दुवेले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दहाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल श्रावण १७ गते रोज ६ शुभम्।

**४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-WH-००६३, बन्दीप्रत्यक्षीकरण, *सन्तोष महतो वि. धनुषा जिल्ला अदालत, धनुषासमेत*

निवेदक सन्तोष महतो भारतीय नागरिक भएको देखिएको र निजउपर वादी नेपाल सरकारले अभियोग पत्रमा दाबी गरेको कसुर र सजायको मात्रासमेतलाई दृष्टिगत गरी निवेदक प्रतिवादी सन्तोष महतोको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (२)(ख) बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०७५।१०।२७ मा धनुषा जिल्ला अदालतबाट भएको आदेश सदर गरी उच्च अदालत जनकपुरबाट मिति २०७६।२।२३ मा आदेश भएको पाइने।

निवेदक सन्तोष महतो विदेशी व्यक्ति भएको तथ्यमा विवाद देखिँदैन। निवेदकले जिकिर लिएको विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१०) मा भएको कानूनी व्यवस्था हेर्दा "**अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले पक्राउ गरेको व्यक्तिलाई र मुद्दाको सिलसिलामा सम्बन्धित अदालतले आरोपित व्यक्तिसँग कसुरको बिगो रकम एक लाख रूपैयाँसम्म भएका कसुरहरूको हकमा हाजिर जमानीमा र कसुरको बिगो रकम एक लाख रूपैयाँभन्दा बढी भएका कसुरहरूको हकमा कसुरको बिगोबमोजिम धरौटी लिई वा कसुरको मात्राबमोजिम कायम गरिएको बिगोबमोजिमको धरौट लिई तारेखमा राखी कारबाही चलाउन सक्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। यस दफामा भएको व्यवस्थालगायतका उक्त ऐनको कुनै प्रावधानले विदेशी व्यक्तिको सम्बन्धमा थुनछेक गर्नेसम्बन्धी व्यवस्था गरेको देखिँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(२) मा **"छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ"** भनी उल्लेख भएको देखिन्छ। उल्लिखित प्रावधानलाई दृष्टिगत गर्दा विदेशी विनिमयसम्बन्धी कसुरमा पनि विदेशी मानिसको हकमा कार्यविधि संहिताको प्रावधान आकर्षित हुने देखियो। तसर्थ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(२)(ख) का आधारमा गरेको आदेशलाई त्रुटिपूर्ण मान्न मिलेन। निवेदकलाई तहतहका अदालतबाट मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश भएको देखिन्छ। अधिकार क्षेत्रको अभाव, हदम्याद, हकदैयासम्बन्धी प्रश्न वा गम्भीर अन्यायको परिणाम प्रत्यक्षतः देखिएको जस्ता अवस्थामा बाहेक मुद्दाको तथ्यगत कुराहरू वा प्रमाणको मूल्याङ्कन गरी तहतह अदालतबाट नियमित न्यायिक प्रक्रियाका सन्दर्भमा भएको आदेशको अन्तरवस्तुमा प्रवेश गरी रिट क्षेत्राधिकारबाट न्यायिक हस्तक्षेप गर्नु मनासिब नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट रिट निवेदक सन्तोष महतोलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (२)(ख) बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी

मिति २०७५।१०।२७ मा धनुषा जिल्ला अदालतबाट भएको आदेश सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७६।२।२३ मा भएको आदेशबमोजिम थुनामा रहेकोलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदक सन्तोष महतोलाई कानूनबमोजिम नै मुद्दा पुर्पक्षका लागि थुनामा राखेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- धनबहादुर कार्की

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७६-WH-००६४, बन्दीप्रत्यक्षीकरण, *नरेश महतोसमेत वि. धनुषा जिल्ला अदालत, धनुषसमेत*
- ०७६-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *विजय यादव वि. धनुषा जिल्ला अदालत, धनुषसमेत*

## इजलास नं. १०

### १

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-WO-०२५३, उत्प्रेषण, *नन्दलाल अहिरसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

मिति २०४९।११।१० मा निर्णय भएको ३ वर्षपछि पुनः छुट जग्गा दर्ता गरिपाउँ भनी मिति २०५२।२।२९ मा यी निवेदकहरूको निवेदन परेकोमा कुनै कारबाही भएको देखिँदैन र सोका उपर पनि कुनै उजुर परेको पाइएन । तत्पश्चात् यी निवेदकहरूको तर्फबाट मिति २०६०।११।४ र मिति २०६८।४।९ मा पुनः निवेदन परेको पनि मिसिलबाट देखियो । उक्त निवेदनउपर कारबाही हुँदा विवादित कि.नं.१२७ को जग्गा नेपाल सरकारको नाममा दर्ता हुने गरी मिति २०४९।११।१९ मा निर्णय भएकाले सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न मिलेन भन्नेसमेत मालपोत कार्यालय नवलपरासीबाट मिति २०६८।४।९ मा निर्णय भएको पाइने ।

यसरी निवेदकहरूको निवेदन दाबीको सम्बन्धमा निजले पेस गरेको प्रमाणबाट भिड्न नआएको भन्दै प्रमाणबेगर निर्णय गर्न कानूनी त्रुटि हुने हुँदा प्रमाण भिड्न सक्ने सबुद प्रमाणसहित दाबी गरेमा कारबाही हुने गरी निवेदकहरूको निवेदन मिति २०४०।३।२८ मा नै तामेलीमा राख्ने गरी मालपोत कार्यालय नवलपरासीबाट निर्णय भई विवाद अन्तिम भएको देखिँदा उक्त निर्णयको जानकारी निवेदकहरूलाई भएन थिएन भन्न सक्ने अवस्था रहेन । आफ्नो साबिक लगतमा नभई जिमिदार प्रतापनारायण खत्रीको जिमिदारीमा परेको निज प्रतापनारायण खत्रीको हदबन्दीभन्दा बढी भएको कारण प्राप्त भई फिल्डबुकमा पोखरी तलाउसमेत जनिएको जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा स्रेस्ता पुर्जा कायम हुने गरी मिति २०४९।११।१९ मा साधिकार निकाय मालपोत कार्यालय, नवलपरासीबाट निर्णय भई सम्बन्धित निकायमा पत्राचारसमेत भएको देखिँदा मिति २०६८।४।९ मा भएको उक्त निर्णय त्रुटिपूर्ण भन्न नमिल्ने ।

वस्तुत: उत्प्रेषणको रिट व्यक्ति विशेषको हक स्थापित भएको विषयवस्तुमा मातहत अदालत वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश त्रुटिपूर्ण भई त्यस्तो निर्णय वा आदेशबाट कुनै व्यक्तिको हक अधिकारमा प्रतिकूल असर परेको छ, तर सो निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था छैन वा अन्य उपचारको व्यवस्था पनि गरिएको छैन तथा त्यस्तो उपचारको व्यवस्था भए पनि अपर्याप्त र प्रभावहीन छ भने त्यस्तो निर्णय वा अन्तिम आदेश बदर गर्ने प्रयोजनका लागि आकर्षित हुने रिट हो ।

यसमा निवेदकहरूले कि.नं.१२७ को जग्गामा हक स्थापित भएको वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको अवस्था नदेखिएको र विवादित कि.नं.१२७ को जग्गाको सम्बन्धमा निवेदकहरूको हकमा मिति २०४०।३।२८ मा नै निर्णय अन्तिम भएको देखिँदा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु उचित र आवश्यक नदेखिने।

तसर्थ माथि उल्लिखित तथ्य आधार र कारणबाट निवेदन मागबमोजिम उत्षेणयुक्त परमादेशको आदेशसमेत जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भीमप्रसाद भुसाल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल मंसिर १८ गते रोज ४ शुभम्।

**२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** ०६६-WO-०६२५, उत्प्रेषण, *सानुमान शाक्य वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

मालपोत कार्यालय डिल्लीबजारको मिति २०६६।७।२० को निर्णयमा साझा चोकको बारेमा अन्तिम निर्णय अदालतबाटै हुने भनी निवेदकहरूलाई अदालत जान भनेको नै छ । मालपोत कार्यालयको मिति २०६६।७।२० को निर्णयको पेटबोलीमा जग्गाको प्रकृतिबारे केही कुरा लेखिएको देखिन्छ तर उक्त पेटबोलीमा के कुरा लेखियो भन्ने कुराले स्वतन्त्र निर्णय गर्ने अदालतलाई प्रभावित गर्दैन र गर्न पनि हुँदैन । निवेदक तथा विपक्षीहरूले आ-आफ्ना दाबी जिकिरसहित सबुत प्रमाण पेस गरेमा अदालतले स्वतन्त्रपूर्वक निर्णय गर्छ । यी विपक्षी महेशराज पन्तसमेतले साझा सार्वजनिक चोक कायम गरिपाउँ भनी मिति २०६६।८।२५ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरी हाल उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको देखिँदा सो विषयमा काठमाडौं जिल्ला अदालतबाट स्वतन्त्रपूर्वक प्रमाणको मूल्याङ्कन गरी, हेरी निर्णय निष्कर्षमा पुग्ने नै देखिँदा प्रस्तुत विषयमा यस अदालतबाट रिट क्षेत्रको माध्यमबाट केही बोलिरहनुपर्ने पनि नदेखिने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७६ साल कार्तिक १८ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:-

- ०६६-WO-०६७२, उत्प्रेषण, *सानुमान शाक्य वि. मालपोत कारेयालय, डिल्लीबजारसमेत*
- ०६७-WO-११५३, उत्प्रेषण, *सानुमान शाक्य वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

## इजलास नं. ११

**१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१९८९, ज्यान मारी बेपत्ता पारेको कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोतिप्रसाद उपाध्यायसमेत*

मृतकलाई प्रतिवादी मोतिप्रसादको घरबाट जिम्मा लिई जाने वीरप्रसाद वि.क. एवं प्रतिवादीहरू तीलक वि.क., लालबहादुर वि.क.र जीतबहादुर रोकायासँग कुनै पूर्वरिसइवी नभएको, हालसम्म राम्रो सम्बन्ध रहेको र निजहरूको मृतकलाई मार्ने कार्यमा संलग्नता छैन भनी जाहेरवाला मृतककी श्रीमती रूपा विटालुले अदालतको बकपत्रमा बकी लेखाई दिएको र माथि उल्लेख भएअनुसार मौकामा घटनाबारे प्रतिवेदन

दिने प्र.ना.नि.पूर्णबहादुर कार्कीले प्रतिवादीहरू कसैउपर शंका लाग्दैन भनी अदालतको बकपत्रमा बकी लेखाइदिएको स्थिति, वारदात मिति २०६९।५।२५ गतेबाट १६ दिनपछि मिति २०६९।६।११ गते मृतकको लास कंकाल रूपमा फेला परेको र लासको टाउको शरीरमा जोडिएको नभई प्रतिवादी जीतबहादुर रोकायाको खरबारीमा फेला परेको भनिएकोमा लासको टाउको घाँटीबाट काटिएको अवस्था नभई छुट्टिएको अवस्थामा रहेको (Skull separated out from the body. It is separated from the joint surface of atlas and axis) भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएकोबाट शरीरको टाउको काटी छुट्याई अन्यत्र लगेको भनी मान्न मिल्ने देखिँदैन । लासको स्थिति हेर्दा लासको टाउको कुनै जंगली जनावरबाट बोकेर सो ठाउँमा पाएको हुनसक्ने देखिएकोले मृतकको लासमा टाउको नभेटिएको र लासको टाउको प्रतिवादी जीतबहादुरको खरबारीमा भेटिएको भन्ने आधारमा मात्र अन्य सबुद प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसुरदार मान्न नसकिने ।

अन्य प्रतिवादीहरू जीतबहादुर रोकाया, लालबहादुर वि.क.र तीलकबहादुर वि.क.वारदातमा संलग्न रहेको भन्ने प्रतिवादीहरूको मौकाको तथा अदालतको बयानबाट देखिएको छैन । निजहरू वारदातमा संलग्न रहेको भन्ने पुष्टि हुने कुनै प्रमाण वादी पक्षले पेस गरेको देखिँदैन । जाहेरवालाको अदालतमा भएको बकपत्रबाट वारदातमा अन्य प्रतिवादीहरूको संलग्नता रहेको थाहा छैन भनी उल्लेख गर्नुका साथै मौकामा कागज गर्ने र अदालतमा बकपत्र गर्ने मौकामा बुझिएका प्रतिवादी मोतिप्रसादको घरमा नाचगान भएको ठाउँमा मौजुद रहेको गोरखबहादुरसमेतले यी प्रतिवादीहरूउपर शंकासम्म व्यक्त गरेको नदेखिएको र घटनाबारे मौकामा प्रतिवेदन दिने प्र.ना.नि. पूर्णबहादुर कार्कीले कुनै प्रतिवादीहरूउपर शंका लाग्दैन भनी अदालतको बकपत्रमा लेखाई दिएकोसमेत देखिँदा निज प्रतिवादीहरूको उक्त घटना वारदातमा संलग्नता पुष्टि हुने नदेखिने ।

तसर्थ, पुनरावेदक मोतिप्रसाद र राजेन्द्र न्यौपानेले मृतकलाई मरणासन्न हुने गरी कुटपिट गरेको भन्ने मृतककी श्रीमती जाहेरवाला रूपा विटालु र मौकामा बुझिएका लालबहादुर वि.क.को भनाइ अन्यथा पुष्टि भएको, मृतकलाई प्रतिवादी मोतिप्रसाद उपाध्यायको घरबाट प्रतिवादी वीरप्रसाद वि.क.को जिम्मा लगाई पठाएको भन्ने पुष्टि भएको, यी प्रतिवादीहरू अनुसन्धानका क्रममा र अदालतमा समेत कसुर अपराध गरेकोमा पूर्ण इन्कार रही बयान गरेकोमा सो कुरा निजका साक्षीहरू तथा अन्य कागज प्रमाणहरूबाट पुष्टि हुन आएको, यी प्रतिवादीहरू मृतकको लास फेला परेको वारदातस्थल भनिएको ठाउँमा पुगेको भन्ने कुरा वस्तुनिष्ठ रूपमा कहीँकतैबाट पुष्टि नभएको अवस्थामा शंकाको सुविधा यी प्रतिवादीहरूले पाउने देखिन्छ । निजहरू कुनै प्रकारले वारदातमा संलग्न रहेको भनी तथ्ययुक्त परिस्थितिजन्य विश्वसनीय प्रमाणको उपलब्धता नदेखिँदा निज प्रतिवादीहरूको कर्तव्यबाट मृतक बुद्धि विटालुको मृत्यु भएको हो भनी भन्न सक्ने अवस्था नभएकोले प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने र निजहरूउपरको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने भनी भएको पुनरावेदन अदालत जुम्लाको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल साउन १९ गते रोज १ शुभम् ।

## २

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१९३०, कर्तव्य ज्यान, *शुभप्रसाद अधिकारी वि. नेपाल सरकार*

मृतक राममाया अधिकारीको लास पोष्टमार्टम रिपोर्टबाट Cause of death is poisoning भन्ने देखिन्छ । घटनास्थल लास मुचुल्कामा शरीरका

विभिन्न अंगहरू आँखा, नाक र मुखबाट रगतजस्तो रातो पदार्थ बगेको, छाती सामान्य सुन्निएको जस्तो देखिने, शरीरको विभिन्न भागमा कमिलाले हातखुट्टा तथा अन्य भागमा खाए जस्तो देखिएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । शव परीक्षण गर्ने डाक्टरले पुनरावेदन अदालतमा बकपत्र गर्दासमेत कलेजो, मुटु, फोक्सो, पाठेघरहरू सामान्य देखिएको, रगत बग्ने मुख्य रूपमा टाउकोको चोटपटकको कारण वा रगतको नसा फुटेमा देखिन सक्ने भन्ने बेहोरा उल्लेख देखिन्छ। शव परीक्षण प्रतिवेदनमा मृतक लासमा कुनै पनि चोटपटक लागेको भन्ने उल्लेख भएकोसमेत देखिँदैन । जाहेरी दरखास्तमा सिलौटाले हानी यी मृतकलाई चोट पुऱ्याएको भनिए तापनि उक्त सिलौटा पनि बरामद भएको छैन । अन्यत्र मारेको र डोकोमा राखी लास बरामद भएको स्थानमा लगी फालेको भन्ने कोणबाट अनुसन्धान टुङ्ग्याए पनि अन्यत्र कहाँ मारेको भन्ने बारे कतै अनुसन्धानले आफ्नो दृष्टि पुऱ्याएको देखिँदैन । मारेको वारदातस्थल अन्यत्रै हो भने सो स्थानमा प्रमाण संकलन गर्नु अनुसन्धानकर्ताको कर्तव्य थियो। तर उक्त स्थानबारे अनुसन्धानमा कुनै बेहोरा उल्लेख छैन। यसरी मृतकको शरीरमा मृत्यु हुन सक्ने प्रकृतिको कुनै प्रकारको घाउचोट लागेको नदेखिएको अवस्थामा त्यसतर्फको अभियोग दाबीमा उल्लिखित तर्क मालाकार प्रमाणबाट पुष्टि भएको नपाइने।

मृतक लासको साथबाट विषको बट्टा बरामद भएको छ । मृत्युको कारण Poisoning उल्लेख भएको छ। शरीरमा कुनै प्रकारको घाउचोट देखिएको छैन र घटनाको प्रत्यक्षदर्शीसमेत कोही पनि छैन । फौजदारी मुद्दामा दाबी पुष्टि गर्ने दायित्व वादीकै हुन्छ र शंकाको सुविधा अभियुक्तले पाउँदछ । मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारेको पुष्टि गर्ने जिम्मा वादी नेपाल सरकारकै हो । कुनै ठोस वा विश्वासयोग्य परिस्थितिजन्य प्रमाणको अभावमा सामान्य घरेलु वादविवादकै कारणले मात्र प्रतिवादीले आफ्नै श्रीमतीको हत्या गरे होलान् भन्ने शंकारहित तवरले अनुमान गर्न सकिने अवस्था प्रस्तुत घटनामा स्पष्ट नदेखिने।

प्रतिवादी सुभप्रसाद अधिकारीले कर्तव्य गरी मारेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट समर्थित नभएको, पोष्टमार्टम रिपोर्टमा विष सेवन भन्ने देखिएको, प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको प्रत्यक्षदर्शी कोही पनि नरहेको तथा मौकामा बुझिएका मानिसहरूको भनाइसमेत अनुमानको आधारमा रहेको र वादीले देखाएको परिस्थितिजन्य प्रमाणहरू मालाकार रूपमा तथ्यसँग समर्थितसमेत नभएको अवस्थामा प्रतिवादीको कुटपिटको कारणले मृतकको मृत्यु भएको भन्ने अभियोग दाबी पुष्टि हुन सक्दैन । सुरू गोरखा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पोखराबाट मिति २०७२।०९।२३ मा भएको फैसलासँग सहमत हुन नसकिने।

अतः सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसलामा शंकारहित तवरको कुनै ठोस आधार र तथ्ययुक्त प्रमाणको अभावमै प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भएको फैसला त्रुटिपूर्ण देखिँदा उल्टी भई निज प्रतिवादी शुभप्रसाद अधिकारीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कात्तिक ७ गते रोज ५ शुभम्।

## ३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-०२०९, ०७५-CR-१५०८, कर्तव्य ज्यान, *विश्वराज विश्वकर्मासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सुनिल शाही*

प्रतिवादीहरूउपरको किटानी जाहेरी, घटना विवरण कागज गर्ने मानिस एवम् वस्तुस्थिति मुचुल्काका

मानिसहरूको भनाइ, तत् तत् बेहोरा समर्थित हुने गरी अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीहरूको मौकाको बयान, प्रतिवादी पदमबहादुर तामाङको अदालतको बयान तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतक विनोद राईलाई यी प्रतिवादीहरू विश्वराज वि.क.समेत भई कुटपिट गरी रोडमा बजारी सोही कारणबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएको देखियो । यस अवस्थामा पुनरावेदक प्रतिवादीहरू विश्वराज वि.क., अरूण कार्की र पदमबहादुर तामाङउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर कायम गरी निजहरूलाई ऐ. ऐ. नं. बमोजिम सजाय हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७५।२।१ को फैसलालाई अन्यथा मान्न नसकिने ।

प्रतिवादीहरू विश्वराज वि.क., अरूण कार्की र पदमबहादुर तामाङलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ.१३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर भएकोमा विद्यमान मुलुकी अपराध संहिता, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा रहेको व्यवस्थाले सर्वश्वको सजाय नहुने व्यवस्था गरेको हुँदा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीहरूलाई सर्वश्वको सजाय नहुने हुँदा निजहरूलाई जन्मकैद सजाय हुने ।

प्रतिवादी पदमबहादुर तामाङको मृतक विनोद राईलाई मार्ने पूर्वमनसाय तथा योजना केही रहे भएको देखिँदैन । तत्काल मृतकसँग वादविवाद हुँदा कुटपिट भएको र प्रतिवादी पदमबहादुरले अरूण कार्कीसमेतलाई बोलाई कुटपिट गर्दा सो कुटपिटको कारण मृत्यु भएको देखिन्छ । हत्याको कसुर प्रमाणित भए पनि वारदातको प्रकृति, पूर्वआपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरूप कसुरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमिलगायतका कुराहरू विचार गरी कसुर र सजायबिचको तादम्यता स्थापित गर्नु नै न्यायपूर्ण हुन्छ । यिनै आधारहरूलाई विचार गरी यी प्रतिवादी पदमबहादुर तामाङलाई कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिई निजको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८८ नं.बमोजिम १५(पन्ध्र) वर्ष कैद गर्ने गरी भएको रायसमेत मनासिब नै देखिने ।

प्रतिवादी विश्वराज वि.क. र अरूण कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही नं.बमोजिम सर्वस्वसहित जन्म कैद गर्दा उक्त सजाय चर्को पर्ने हुँदा ८ वर्ष मात्र कैद गर्ने राय व्यक्त गरेतर्फ हेर्दा प्रतिवादी विश्वराज विश्वकर्माको मृतक विनोद राईलाई मार्नु पर्ने रिसइवी देखिँदैन । प्रतिवादी पदमबहादुर तामाङ र मृतक विनोद राईबिच विवाद हुँदा प्रतिवादी पदमबहादुर तामाङले यी प्रतिवादी विश्वराज वि.क.समेतलाई बोलाई मृतक विनोद राईलाई कुटपिट गरेको र सोही कारण मृत्यु भएको देखिन्छ । यी प्रतिवादीको खेतीपाती, अन्य आयस्रोत केही नभएको नौजनाको परिवार रहेको आफूसमेत सुन पसलमा काम गरी सोही आर्जनबाट खाने लाउने गरेको भन्ने निजको बयान बेहोराबाट देखिन्छ । त्यसैगरी अर्का प्रतिवादी अरूण कार्की अध्ययनरत विद्यार्थीसमेत रहेको र पदमबहादुर तामाङले बोलाएर आई कुटपिटमा संलग्न रहेको र निजको उमेरसमेतलाई विचार गर्दा, हत्याको कसुर प्रमाणित भए पनि वारदातको प्रकृति, पूर्वआपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरूप, कसुरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमिलगायतका कुराहरू विचार गरी कसुर र सजायबिचको तादम्यता स्थापित गर्नु नै न्यायपूर्ण हुने हुँदा यी प्रतिवादीहरू विश्वराज वि.क. र अरूण कार्कीलाई कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखाई ८(आठ) वर्ष मात्र कैद गर्दा पनि

दण्डको उद्देश्य पूरा हुने हुँदा मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम ८(आठ) वर्ष कैद हुने रायसमेत मनासिब नै देखिन आउने।

प्रतिवादी सुनिल शाहीको उक्त वारदातमा उपस्थित भई मृतक विनोद राईलाई कुटपिट गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा प्रतिवादीउपरको कसुर शंकारहित तवरबाट प्रमाणित गर्ने भार वादीमा रहन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी सुनिल शाहीसमेत भई मृतकलाई कुटपिट गरी मारेको भन्ने ठोस तथा वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले गुजार्न सकेको पाइँदैन। जाहेरवालाको जाहेरी दरखास्त तथा जाहेरवालाको बकपत्रलाई मात्र प्रमाणमा ग्रहण गरी अभियोग दाबी स्थापित गर्न कानून र न्यायसङ्गत हुँदैन। यस स्थितिमा निज प्रतिवादी सुनिल शाहीलाई सफाइ दिने ठहऱ्याएको उच्च अदालत विराटनगरको फैसलासमेत मिलेकै देखिन आयो।

तसर्थ विवेचित आधार एवम् कारणहरूबाट उच्च अदालत विराटनगरबाट प्रतिवादीहरूमध्येका पदमबहादुर तामाङउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर कायम गरी ऐ. नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरी मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम १५ वर्ष कैद हुने गरी राय व्यक्त गरेको, प्रतिवादी अरूण कार्की र विश्वराज वि.क. उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम कसुर कायम गरी ऐ. नं.बमोजिम सर्वस्वसहित जन्मकैद गरी मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम ८ वर्ष कैद हुने गरी राय व्यक्त गरेको र प्रतिवादी सुनिल शाहीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई मिति २०७५।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- दिपेन्द्रनाथ योगी

इति संवत् २०७६ साल भाद्र १५ गते रोज १ शुभम्।

## ४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-CR-१६४५, कर्तव्य ज्यान, *यामकुमारी बुढाथोकी वि. नेपाल सरकार*

ज्यानसम्बन्धी महलको ५ नं. को कानूनी व्यवस्था हेर्दा ***"ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ। यस्तै सोही महलको ६ नं.को देहाय ४ मा *"अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ"* भन्ने उल्लेख भएको पाइन्छ। प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारी र यस अदालतसमक्ष बयान गर्दा रक्सी खाएर आएका डिल्लीबहादुर थापाले उजाराम बुढाथोकीसँग किन पोइल आइस् भनी एकपटक गालामा हानेपछि प्रतिवादीले किन हातपात गरेको भनी रिसको आवेगमा आइ निज मृतकलाई गाला र आँखामा पर्ने गरी हातले मुक्का हानेको र भोलिपल्ट निजको मृत्यु भएको खबर सुनेको हो भनी मुद्दाको अनुसन्धानको क्रममा र सुरू अदालतमा एकै मिलानको साबिती भई बयान गरेको देखिने। घटनाको प्रत्यक्षदर्शी भनिएका टेकबहादुर टमाटा र मदन गुप्तासमेतले मृतक र प्रतिवादीबिच झगडा र कुटाकुट गरिरहेको देखी गएर हामीले छुट्याएका हौं। पहिले मृतकले यी प्रतिवादीलाई हानेको कारण प्रतिवादीले पनि हातको मुक्काले प्रहार गरेको कारणबाट यी मृतकको मृत्यु हुन गएको घटना विवरण कागजसमेतबाट देखिन आउँछ। जाहेरवालाले पनि बकपत्र गर्दा मृतक डिल्लीबहादुर रगताम्य भएर घरमा आएपछि कसले कुटपिट गऱ्यो भनी सोध्दा प्रतिवादी यामकुमारी बुढाथोकीले कुटपिट गरेको भनी बताउनु भएको र भोलिपल्ट रगत उल्टी (वान्ता) गरी बुबाको मृत्यु भएको भनी सुरू अदालतमा बकपत्र

गरेको देखिन्छ । मिसिल संलग्न लासजाँच प्रकृति मुचुल्कामा मृतक डिल्लीबहादुरको दुवै आँखामा निलो डाम भएको उल्लेख गरेको देखिन्छ भने घटनास्थल प्रकृति मुचुल्कामा फुटेका चुराका टुक्रा रहेको भन्ने पनि देखिएको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण "The most probable cause of death is due to cardiopulmonary arrest by subdural haemorrage" उल्लेख भएको देखिन्छ । यसमा कुटपिट पहिले आफूले गरेको र प्रतिकारमा प्रतिवादीले पनि कुटपिट गरेपछि मृतक केही नबोली उठेर आफ्नो घरमा गएकोमा भोलिपल्ट मृत्यु भएको देखिने । निज प्रतिवादीको मृतकसँग पूर्वरिसइवी एवं झै-झगडा भएको मिसिल संलग्न कागजातबाट देखिँदैन । उक्त घटनाका श्रृङ्खलाबद्ध तथ्यहरूले यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको मनसाय लिई मर्न सक्छ भन्ने प्रवृत्तिबाट वा मार्नकै लागि कुटेको भन्ने देखिएको छैन । पूर्व मनसाय वा तयारी हुनलाई कुनै किसिमको हतियार, लाठा, ढुंगासम्मको प्रयोग भएको हुनुपर्ने हुन्छ । तर यस वारदातमा त्यस्तो कुनै किसिमको हतियार, लाठा, ढुंगासम्मको प्रयोग भएको देखिँदैन । लासजाँच मुचुल्का प्रतिवेदनमा पनि दुवै आँखामा निलडामबाहेक अन्य घाउ भएको देखिँदैन । कुनै पनि साक्षी वा प्रत्यक्षदर्शीले मौकामा कागज गर्दा र अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीले मरणासन्न अवस्थामा पुग्ने गरी हिर्काएको देखिँदैन । सख्त घाइते बनाई कुटेको भोलि बिहान खुन वाकी मृत्यु भएको भन्ने जाहेरी बेहोरालाई शव परीक्षण प्रतिवेदनले समर्थन गरेको अवस्था छैन । तसर्थ मृतकलाई गाला र आँखामा पर्ने गरी हिर्काएकै कारण मृतकको मृत्यु भएको जहेरवालाको भनाइसँग सहमत हुन सक्ने अवस्था देखिएन । प्रतिवादीसँग मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी वा मनसाय भएको नदेखिएको र मृतक मर्न सक्छ भन्ने पूर्वकल्पना एवं त्यसको परिणामको अपेक्षा पनि गरेको नदेखिएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को अवस्था नदेखिई सोही महलको ५ र ६(४) नं.को अवस्था देखिन आएकोले सुरू सल्यान जिल्ला अदालतबाट मिति २०७२।१२।१८ मा यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७३।११।१८ को फैसला मिलेको देखिन नआउने ।

तसर्थ, उल्लिखित आधार र कारणहरूबाट सुरू सल्यान जिल्ला अदालतबाट मिति २०७२।१२।१८ मा यी प्रतिवादी यामकुमारी बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी भएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७३।११।१८ गतेको फैसला केही उल्टी भई सोही ऐनको ज्यानसम्बन्धी महलको ६(४) नं.बमोजिम निज प्रतिवादीलाई २(दुई) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत:- सोनी श्रेष्ठ

कम्प्युटर अपरेटर:- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कात्तिक ४ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-१४०५, ०७२-CR-१४५३, ०७२-CR-१४५४, कर्तव्य ज्यान, *ओमशरण थापा वि. नेपाल सरकार, पूर्णबहादुर भन्ने किशोर भण्डारी वि. नेपाल सरकार, रमेश के.सी.समेत वि. नेपाल सरकार*

फौजदारी कसुरमा वादी दाबी पुष्टि गर्नुपर्ने दायित्व वादी नेपाल सरकारकै हुने भए तापनि प्रतिवादीले लिएको जिकिर पुष्टि गर्ने दायित्व जिकिर लिने प्रतिवादीकै हुन्छ । कसुरबाट बच्नको लागि वा फौज्दारी दायित्वबाट उन्मुक्ति पाउनका लागि लिएको जिकिर तथ्य र प्रमाणले पुष्टि गर्ने दायित्व यी प्रतिवादीहरूकै हो । केवल कोरा इन्कारी मात्र मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । यी प्रतिवादीहरूको

घटनास्थलमा उपस्थिति, प्रत्यक्षदर्शी राजकुमार तामाङको बकपत्र, निज प्रतिवादीहरूको कपडामा लागेको रगत र रगत लागेको कपडा डेरा कोठामा छाडी फरार हुनुसमेतले निज प्रतिवादीहरूको इन्कारी बयानलाई खण्डित गरिरहेको अवस्था छ । यसरी यी प्रतिवादीहरूसमेत भई मृतकलाई कुटपिट गरी शिथिल भएको अवस्थामा किशोर भण्डारीले मृतकलाई धारिलो हतियार छुरी प्रहार गरेपछि मृतकलाई घाइते अवस्थामा घटनास्थलमै छाडी प्रतिवादी किशोर भण्डारीको कोठामा रगत लागेको लुगा फुकाली भागेको तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि भइरहेको देखिने ।

पुनरावेदक प्रतिवादीहरूमध्ये एक ओमप्रकाश थापाले यसै अदालतमा गरेको पुनरावेदनको प्रकरण नं. ५, पेज नं. ६ को तेस्रो हरफमा आफ्नो हकमा ज्यानसम्बन्धीको ५ नं. आकर्षित हुनुपर्नेसमेत उल्लेख गर्दै "भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभई सावधानीपूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवश वा भवितव्यवश मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ । यस्तो अवस्थामा मात्र ज्यानसम्बन्धीको महलको ५ नं. आकर्षित हुने र प्रतिवादीले सोअन्तर्गतको सुविधा प्राप्त गर्ने हुन्छ भनी यस्तै प्रकृतिको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७१, अंक ९, पृष्ठ १५२०, नि.नं. ९२५० मा उल्लेख भएको छ" भनी आफूले समेत सो सुविधा पाउनु पर्ने दाबी गरेको हो कि भन्ने देखिन्छ भने पछि गएर वारदातमा संलग्नता नभएको भनी पूर्ण सफाइको मागदाबी लिएको छ । पुनरावेदन जिकिर लिएर आउँदा स्पष्ट रूपमा ठोस प्रमाणसहित अदालतमा आउनु पर्दछ । पुनरावेदक नै प्रस्ट नभएको ढुलमुले जिकिरका विषयमा अल्झिएर अदालतले न्याय निसाफ गर्नु हुँदैन र गर्दैन पनि । आफूले लिएको जिकिर पुष्टि गर्ने जिम्मेवारी जिकिर लिने पक्षको नै हुने हुँदा आफूले लिएको जिकिरलाई अदालतमा स-प्रमाण पुष्टि गर्ने जिम्मेवारी पनि पुनरावेदककै भएकोतर्फ पुनरावेदक आफैँ सचेत रहनु पर्ने ।

प्रतिवादी ओमशरण थापाले अधिकारप्राप्त अधिकारसमक्ष बयान गर्दा मृतक नारायण थापाले मलाई झ्याङ्गल झुङ्गल पारेको भनी आफू झगडाको कारणी भएको स्वीकार गरे पनि अदालतमा इन्कारी बयान दिए तापनि आफू अन्य प्रतिवादीहरूसँगै बसी वियर खाएको र प्रतिवादी किशोर भण्डारीको मृतकसँग बाहिर गएपछि झगडा भई छुरी हानेको र होहल्ला भई मानिसहरू आउँदा किशोर भण्डारी भागी गइसकेको तथा तत्पश्चात् दिलिप, रमेश, रामचन्द्र र मसमेत आ-आफ्ना कोठामा गई बसेको भनी इन्कारी बयान गरेका छन् । मानिसलाई छुरी प्रहार गरी रक्ताम्य भएको अवस्थामा आफूहरूले उठाउन खोजेको कारण आफ्नो लुगामा रगत लागेको भनी स्वीकार गरेका अरू प्रतिवादीहरूसँगै आफूसमेत केही पनि नभएको झैं चारैजना कोठामा गई बसेको भन्न यो बयान पत्यारलाग्दो नदेखिने ।

घटनाका एक मात्र चश्मदिद गवाह राजकुमार तामाङले अदालतमा आई बकपत्र गर्दा मृतकसँग ओमशरणको भनाभन भइरहेको, ओम शरणले नै अन्य प्रतिवादीहरूलाई बोलाएपछि पाँचै जनाले मृतकलाई हान् हान् भनी कुटपिट गरी किशोरले छुरी प्रहार गरेपछि चारजना भागेको र रामचन्द्रले पछिसम्म कुटिरहेको र निज प्रत्यक्षदर्शीले क्षमा माग्दासमेत नछाडी निजले समेत लात मुक्का खाएको भनी किटानी रूपमा बकपत्र गरेबाट यी प्रतिवादीहरूको पुनरावेदन जिकिर सत्यपरक देखिएको छैन । मृतकलाई उद्धार गरी लग्ने छिरिङ तामाङले समेत कान्छा तामाङले मृतक नारायणलाई कुटेर मार्न लागेकोले छिटो आउनुस् भनी बोलाएको कारण घटनास्थल पुग्दा मृतक नारायणलाई प्रत्यक्षदर्शी राजकुमार तामाङसमेतले समातेर राखेको र सिनो हाइड्रोको गाडीमा राखी अस्पताल लगेको भनी

बकपत्र गरेबाट यी प्रतिवादीहरूले उद्धार गर्दा लुगामा रगत लागेको भनी गरेको बयान गलत साबित भएको छ। यसबाट यी प्रतिवादीहरू प्रत्येकको भूमिका प्रस्ट हुन आएबाट निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, प्रतिवादीहरू ओमशरण थापा, रमेश के.सी., अर्जुन भन्ने दिलिप खत्री र रामचन्द्र कार्कीको हकमा समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम हुने गरी भएको सुरू अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

अतः उपर्युक्त माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी पूर्णबहादुर भन्ने किशोर भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गर्ने तथा अन्य प्रतिवादीहरू ओमशरण थापा, रमेश के.सी., अर्जुन भन्ने दिलिप खत्री र रामचन्द्र कार्कीलाई ऐ. को १३(४) नं.बमोजिम सजाय हुने गरी सुरू जिल्ला अदालतले गरेको निर्णय सदर हुने गरी पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा रहेको मुख्य ज्यानमारालाई सर्वश्वसहित जन्मकैदको सजाय हुने व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा पूर्णबहादुर भन्ने किशोर भण्डारीलाई ऐ. महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने गरी सुरू दोलखा जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको देखिन आए पनि मुलुकी अपराध संहिता, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा रहेको व्यवस्था तथा उक्त ऐनहरू २०७५।५।१ गतेदेखि र संशोधित व्यवस्था मिति २०७६।१।२ देखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी पूर्णबहादुर भन्ने किशोर भण्डारीलाई सर्वश्वको सजाय नहुने भई निजलाई जन्मकैद सजाय हुने।

इजलास अधिकृत:- अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असार ३ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७४-CR-०१६०, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. मानव श्रेष्ठ*

घटना विवरण कागज गर्ने व्यक्तिले अदालतसमक्ष उपस्थित भई यी प्रतिवादी मानव श्रेष्ठको संलग्नताबारे बकपत्र गरेको अवस्था देखिँदैन। मिसिल संलग्न अन्य कुनै पनि स्वतन्त्र प्रमाणहरूले समर्थन नगरेको निज प्रतिवादी अकबर अलि दर्जीको पोल बयान बेहोरालाई वस्तुनिष्ठ प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन। मौकामा अलि अकबरले बरामद लागु औषध रूपैडियाबाट खरिद गरी लिई आई मानव श्रेष्ठको घरमा जान लाग्दा पक्राउ परेको हो भने तापनि अदालतमा बयान गर्दा मानव श्रेष्ठको घरमा निजसँगै बसी लागु औषध सेवन गर्न लाग्दा बरामद भएको भनेकोबाट निजको बयान बेहोरा परस्पर बाझिएको दखिँदा विश्वसनीय देखिँदैन। यी प्रतिवादी मानव श्रेष्ठ लागु औषध सेवन गर्दा गर्दै पक्राउ परेको भन्ने कुनै प्रमाणबाट पुष्टि नहुने।

प्रतिवादी अकवर अली दर्जीको चेक जाँच गर्दा निजबाट १० पुडिया ७ ग्राम लागु औषध बरामद भएकोमा प्रतिवादी अकवर अली दर्जीले अनुसन्धानको क्रममा बयान गर्दा आफू डेढ वर्षदेखि लागु औषध सेवन गर्न लागेको अर्का प्रतिवादी मानव श्रेष्ठको घर आफूले पेन्ट गर्न लागेकोमा यी प्रतिवादीले पैसा दिई

रूपैडिया भारतका सानु खानबाट खरिद गरी ल्याइदिने गर्दै आएकोमा हाल बरामदी लागु औषध निज सानु खानबाट खरिद गरी पाइन्टको दाहिने खल्तीमा राखी मानव श्रेष्ठको घरतर्फ जाँदै गर्दा पक्राउ परेको हो भनी अनुसन्धान क्रममा मानव श्रेष्ठलाई कसुरमा पोल गरेको भन्ने एक मात्र आधार देखिन्छ। अन्य कुनै प्राप्त प्रमाणबाट यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने वस्तुनिष्ठ रूपमा प्रमाणित भएको नदेखिने।

भाग्यनारायण बैठा विरूद्ध राकेश चौधरीको जाहेरीले नेपाल सरकार (ने.का.प.२०७५, नि.नं. ९९८०, अंक ३) भएको अपहरण तथा शरीर बन्धक मुद्दामा र गगनसिंह भाटको जाहेरीले नेपाल सरकार विरूद्ध प्रहार ढुङ्गाना (ने.का.प.२०७५, नि.नं. ९९७८, अंक ३) भएको कर्तव्य ज्यान र रहजनी चोरी मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा सहअभियुक्तले पोल गरेको आधारमा मात्र अभियुक्त ठहर गर्न नमिल्ने र प्रतिवादीउपरको आरोप कुनै पनि अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नहुँदासम्म कसैलाई अभियुक्त ठहर गर्न मिल्दैन । मिसिल संलग्न कुनै प्रमाणहरूबाट यी प्रतिवादी मानव श्रेष्ठ आरोपित कसुरमा संलग्न रहेको भन्ने तथ्ययुक्त एवं शंकारहित देखिन नआएकोले प्रतिवादी मानव श्रेष्ठलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मनासिब नै देखिन आउने।

अतः मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी मानव श्रेष्ठउपरको अभियोगदाबी पुग्न नसक्ने देखिन आएको हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासको मिति २०७३।१०।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भदौ ३ गते रोज ३ शुभम्।

## इजलास नं. १४

### १

**मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-०२३९ र ०७५-RC-००५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जगदिश पण्डित र नेपाल सरकार वि. रूपनारायण राउत कुर्मी*

गाउँघरमा लुकाएर नलुक्ने डाँका र जबरजस्ती करणीसमेत भएको अपराध वारदातका बारेमा अन्यलाई थाहा नहुनु, प्रहरीमा जाहेरी सूचनासमेत नपर्नुबाट यसको वास्तविक तथ्य पुष्टि हुन सकेको छैन । यस मुद्दाको अनुसन्धान हुँदा पनि त्यसतर्फ बुझ्ने अनुसन्धान तहकिकात गर्नेतर्फ कुनै पहल गरेको देखिँदैन। मूलतः मृतककी श्रीमती र भाइको मौकाको भनाइ र जाहेरवालाको बकपत्रको रोहबाट समेत यी प्रतिवादीका विरूद्धमा कुनै प्रमाण प्रस्तुत हुन नसकेको यस अवस्थामा अदालतको बयानमा आफूले अपराध गरेकोमा इन्कार भएका यी प्रतिवादी जगदीश पण्डित कुम्हारको मौकाको साबिती बयानलाई समर्थन गर्ने अन्य स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान र शंकाका भरमा कसैलाई कसुरदार ठहऱ्याउनु न्यायसङ्गत नहुने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ"** भन्ने कानूनी व्यवस्था रहनुका साथै सोही ऐनको दफा १८ अनुसार पनि मौकाको कागज भनाइ अदालतमा समर्थन हुन नसकी उल्टै प्रतिवादीको समर्थनमा बकपत्र भएकोले प्रस्तुत मुद्दामा यी प्रतिवादीउपर केवल जाहेरी पोलकै आधारमा मुद्दासम्म चलाए पनि आफ्नो दाबी पुष्टि गर्न सकेको नपाइँदा ज्यानजस्तो गम्भीर अपराधमा शंकाको भरमा कसुरदार ठहर गर्न न्यायोचित नहुने।

वादी दाबी वादीले नै पुष्टि गर्नुपर्नेमा सो हुन

नसकेको, अदालतमा उपस्थित हुने सबै वादीका साक्षीहरूसमेतले यी प्रतिवादी जगदीश पण्डितकै इन्कारी बयानलाई समर्थन हुने गरी भएको बकपत्रका साथै अन्य परिस्थितिजन्य अवस्था र प्रमाणसमेतका आधारमा प्रतिवादी जगदीश पण्डितले प्रमोद महतोलाई कर्तव्य गरी मारेको तथ्य स्थापित हुन नसकेकोमा यी प्रतिवादी जगदीश पण्डितले अभियोग माग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसाल मनासिब नै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रूपनारायण राउत कुर्मीको हकमा साधकको रोहमा विचार गर्दा, यी प्रतिवादीले प्रमोद महतोलाई मार्दै गरेको प्रत्यक्ष देख्ने साक्षीहरूको अभाव भए पनि मिति २०५७।०२।०९ गतेका दिन अपरान्ह अं. ४.३० बजेको समयमा मृतक प्रमोद महतो र यी प्रतिवादी रूपन भन्ने रूपनारायण महतो सँगसाथै झाख्रा बजार गएको र सो दिनदेखि दाजु प्रमोद घर फर्किएर नआएको भन्ने कुरा जाहेरवाला विनोद महतोले मौकैमा अर्थात् मृतकको लास भेटिएकै दिन मिति २०५७।२।१३ गते दिएको जाहेरी दरखास्तमा खुलाएको देखिन्छ र अदालतमा १६ वर्षपछि बकपत्र गर्दा पनि, **"सोमबार हाटबजार थियो । मृतक दाई रूपनसित बजार गएको हो । त्यसपछि उनी फर्किएर आएन । ५ दिनपछि नदी किनारामा लास फेला परेको हो"** भन्ने किटानी बेहोरा उल्लेख गरेको पाइयो । जाहेरवालाले यी प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मी र आफ्ना दाजु मृतक प्रमोद महतो सो मितिमा सँगसाथै झाख्रा बजार गएको तथ्य सिलसिलेवार रूपमा प्रस्तुत गरेको देखिने।

आफू र मृतक सँगसाथमा बजार गएकोमा मृतक प्रमोद महतोका बारेमा यथार्थरूपमा जानकारी राख्ने यिनै प्रतिवादी रूपनारायण नै हुन् भन्ने कुरा मिसिलबाट देखिएको अवस्था छ । मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा मृतक र आफू सँगसाथ झाख्रा बजार गएको कुरालाई स्वीकार गर्ने यी प्रतिवादीले त्यसपछि के कसरी मृतक कता गएका हुन् भन्ने कुरा नबताई अदालतसमक्षको बयानमा आफू सो समयमा गाउँघरमा नभई भारत केरला गएको भन्ने कुरा बताएको देखियो । जाहेरवालाले आफूले आफ्नो दाजुलाई मारेको भनी कोही कसैउपर पनि दोषारोपण नगरी आफूले देखेजानेसम्मको कुरा यी प्रतिवादी र मृतक दाजु प्रमोदसँगै झाख्रा बजार गएका हुन भन्ने उल्लेख गरी जाहेरवालाको उक्त भनाइ मौकामा मृतककी श्रीमती दुरपति देवीले पनि यिनै प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मी **"मेरो घरमा आई मेरो श्रीमान्लाई झाख्रा मसिहानी बजारमा जानु भनी विभिन्न बहाना बनाई झुक्याई"** लगेको हुन् भनी बताएको कुराले पुष्टि भइरहेको देखिने।

परिस्थितिजन्य आधार प्रमाणहरूको रोहमा प्रतिवादी आफूसमेतले प्रमोद महतोलाई कर्तव्य गरी मारेको हो भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान निजका हकमा समर्थित भएको अवस्थामा प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मीले प्रमोद महतोलाई कुटपिट गरी कर्तव्य गरी मारेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुरू फैसला सदर गरी जन्मकैदको सजाय हुने ठहर भएका प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मीलाई मिति २०५७।०२।०९ गतेको वारदातउपर मिति २०७२।५।४ मा अभियोगपत्र दायर हुन आएको अवस्था, प्रतिवादीहरूको वारदात गर्दाको र हालको उमेरको अन्तराल, जाहेरवाला पीडितले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूउपर देखाएको उदारता एवं समयको अन्तरालका साथसाथै प्रतिवादी एवं पीडितबिचको आपसी सद्भाव तथा सामाजिक सामन्जस्यतासमेतलाई विचार गर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय दिँदा चर्को हुने देखिँदा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही १२ (बाह्र) वर्षका दरले कैद सजाय हुने गरी साधक जाहेर भई आएकोमा प्रतिवादी र मृतकबिच मार्नुपर्नेसम्मको देखिने खालको

रिसइवीको अभाव देखिन्छ । त्यस अवस्थामा यी प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मीलाई मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १० (दश) वर्ष कैदको सजाय गर्दा ऐनको मकसद पुग्ने हुँदा प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मीलाई १० (दश) वर्षको कैद सजाय हुन उच्च अदालत जनकपुर, वीरगन्ज इजलासको रायसमेत मनासिब नै देखिँदा साधक सदर हुने ।

तसर्थ, विवेचित आधार कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीमध्येका रूपन भन्ने रूपनारायण राउत कुर्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्म कैदको सजाय गर्ने गरी गरेको सुरू फैसला सदर गरेको साथै अर्का प्रतिवादी जगदीश पण्डित कुम्हारलाई अभियोग दाबीअनुसार कसुरदार ठहऱ्याई सजाय गरेको हदसम्मको सुरू पर्सा जिल्ला अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादी जगदीश पण्डितलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जबाट मिति २०७४।१०।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर भई प्रतिवादी रूपन भन्ने रूपनारायण राउत कुर्मीलाई १० (दश) वर्ष कैद हुने ।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल मंसिर १० गते रोज ३ शुभम् ।

**२**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-१६४६ र ०७५-CR-१६४७, कर्तव्य ज्यान, *भिमबहादुर परियार वि. नेपाल सरकार र खगेन्द्र परियार वि. नेपाल सरकार*

प्रतिवादी भीमबहादुर परियारसमेत उपर किटान जाहेरी परेको, निजले अनुसन्धानको क्रममा र र अदालतमा बयान गर्दा अभियोग दाबीको कसुर गरेमा इन्कार रही बयान गरेको भए तापनि निज घटनास्थलमा रहेको तथ्यमा स्वीकारोक्ति रहेको छ । सह अभियुक्तहरू खगेन्द्र दमाईले भीमबहादुरले हलोको फराईले प्रहार गरेको भनी पोल गरेको र पप्पे दमाई, सेती दमाई, प्रकाश दमाई, मन कुमारी दमाई, केशरी दमाई, तिला दमाईसमेतले प्रतिवादीहरू खगेन्द्र परियार र भिमबहादुर परियारले मृतक जयवहादुर परियारलाई कोदालो र हलोको फराईले हानी मारेको भनी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष पोल गरी गरेको बयान बेहोरालाई घटनास्थलबाट रगतजस्तो लागेको कोदालो एवं हलोको फराईसमेत बरामद भएको बरामदी मुचुल्काका साथै घटनास्थल लास प्रकृति मुचुल्का एवं शव परीक्षण गर्ने विशेषज्ञ डाक्टरको बकपत्रले समेत मौकाको बयानसमेत समर्थित भएबाट निज भीमबहादुर परियारको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर गरेकै देखिन आउने ।

अर्का प्रतिवादी खगेन्द्र दमाईले मौकामा बयान गर्दा तिहारको टिका लगाउने क्रममा उल्टो टिका किन लगाएको भनी भिमबहादुर परियारले विवाद गर्दा निज भिमबहादुरलाई कोदालोले हान्ने क्रममा मृतक जयबहादुर परियार छुट्याउन बिचमा आउँदा निजको टाउकोमा लाग्न गई आफूले प्रहार गरेको कोदालोले जयबहादुरको टाउकोमा लागी मृत्यु भएको तथ्यमा साबित रहेको र वारदात समयमा घटनास्थलमा मौजुद प्रतिवादीहरू पप्पे दमाई, सेती दमाई, प्रकाश दमाई, मनकुमारी दमाई, केशरी दमाई, तिला दमाईसमेतले प्रतिवादी खगेन्द्र परियार र प्रतिवादी भिमबहादुर दमाईले मृतक जयबहादुरलाई कोदालो र हलोको फराईले हानी मारेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेकोमा प्रतिवादी खगेन्द्र दमाईले कोदालोले र प्रतिवादी भिमबहादुर परियारले हलोको फराईले जयबहादुर परियारलाई हानी मारेको र घटनास्थलबाट २०० मि. पर भिरमा लगी फालेका हुन भनी अदालतमा समेत निजहरूलाई पोल गरी बयानबाट यी दुवै प्रतिवादीहरू भिमबहादुर परियार र खगेन्द्र दमाईले मृतक जयबहादुर परियारलाई प्रहार गरेको हलोको फराई र कोदालोको चोटको कारण निजको मृत्यु भएको देखिने ।

भवितव्य ठहर हुनका लागि मानिस मर्ला भन्ने नदेखिएको परिस्थिति स्थापित हुनुपर्छ । तर प्रस्तुत मुद्दाको वारदातमा यी प्रतिवादीहरूले कोदालोजस्तो जोखिमी हतियार र हलोको फराइजस्तो सांघातिक वस्तुले प्रहार गरेको देखिन्छ भने मृतकको शरीरमा अन्य घाउचोटहरू रहेकोसमेतबाट पटकपटक प्रहार गरेको अवस्थामा मानिस मर्न सक्छ भन्ने सामान्य समझको हेक्कासमेत नराखी गरिएको प्रहारबाट भएको मृत्युलाई केवल मार्नु पर्नेसम्मको पूर्वरिसइवी योजना र मनसाय नरहेको देखिँदैमा भवितव्यको कसुर कायम गर्नु न्यायसङ्गत, कानूनसङ्गत र विवेकसङ्गत मान्न नसकिने हुँदा यी प्रतिवादीहरू भीमबहादुर परियार र खगेन्द्र दमाईले मृतक जयबहादुर परियारलाई कोदालो र हलोको फराइसमेतले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय ठहर गरेको सुरू सल्यान जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत सुर्खेतको फैसला मनासिब नै देखिँदा पुनरावेदक प्रतिवादी भिमबहादुर परियारले सफाइ पाउनु पर्छ र अर्का पुनरावेदक प्रतिवादी खगेन्द्र दमाईको भवितव्यमा परी मृतकको मृत्यु हुन गएकोले भवितव्य ठहर हुनु पर्दछ भन्ने पुनरावेदन र विद्वान् अधिवक्ताद्वयको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट यी प्रतिवादीहरू भीमबहादुर परियार र खगेन्द्र परियारलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय ठहर गरेको सुरू सल्यान जिल्ला अदालतको फैसला सदर गरी निजहरूका हकमा मुलुकी ऐन अ.बं.१८८ नं.बमोजिम ७ (सात) वर्ष कैद गर्ने रायको हकमा मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने र प्रतिवादीहरू पप्पे दमाई, चित्रबहादुर दमाई, केसरी दमाई, तीला दमाई, मनकुमारी दमाई र पुनरावेदन नपरेका श्रीमती सेती दमाई र प्रकाश दमाईसमेतलाई १७(३) नं.बमोजिम ६ महिना कैद गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी निजहरूले ज्यान मारेको कुरा चाल पाई जाहेर नगरेको देखिँदा ऐ.२५ नं.बमोजिम जनही रू.२०।- जरिवाना हुने ठहऱ्याई उच्च अदालत सुर्खेतबाट मिति २०७३।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रस्तुत वारदात तिहारको टिका लगाउने पालोक्रम उल्टो भयो भनी तत्कालको आवेशबाट उत्पन्न भएको विवाद छुट्याउन बिचमा आएको अवस्थामा यी प्रतिवादीहरू भीमबहादुर परियार र खगेन्द्र दमाईले प्रहार गरेको कोदालो र हलोको फराइको चोटका कारण जयबहादुर परियारको मृत्यु भएको अवस्था देखिन्छ भने प्रतिवादीहरूले मृतकलाई मार्नु पर्नेसम्मको कुनै पूर्वरिसइवी, वैमनस्यता र ज्यान लिने योजना रहे भएको मिसिलबाट देखिएन । सो सन्दर्भमा निजहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर देखिए तापनि निजहरूले अपराध गर्दाको परिस्थिति र अपराध हुन गएको अवस्थासमेतलाई मनन गरी हेर्दा यी पुनरावेदक प्रतिवादीहरू भिमबहादुर परियार र खगेन्द्र दमाईलाई ठहर भएको सजायभन्दा कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निजहरूलाई अ.बं. को १८८ नं. बमोजिम जनही १० (दश) वर्ष कैद मात्र हुने ।

इजलास अधिकृत : माधव भण्डारी

इति संवत् २०७६ साल मंसिर १० गते रोज ३ शुभम् ।

## एक न्यायाधीशको इजलास

**मा.न्या.श्री तेजबहादुर के.सी,** ०७५-WO-११०७, उत्प्रेषण / परमादेश, *शम्भु थापासमेत वि. सम्माननीय प्रधानन्यायाधीश तथा न्याय परिषद्को अध्यक्ष, सर्वोच्च अदालत रामशाहपथसमेत*

प्रस्तुत रिट निवेदनमा सर्वप्रथम नेपालको संविधानले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुनको लागि के कस्तो योग्यता निर्धारण गरेको रहेछ भनी हेर्नु पर्ने देखिन आयो । सो सम्बन्धमा हेर्दा सर्वोच्च अदालतको न्यायाधीश

नियुक्तिको लागि आवश्यक योग्यताको सम्बन्धमा नेपालको संविधानको धारा १२९(५) मा **"कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविद्को रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ"** भनी संवैधानिक व्यवस्था गरेको देखिन्छ । उल्लिखित संवैधानिक व्यवस्थाअनुसार कुनै पनि नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि उपर्युक्तानुसारको ३ वटा योग्यताहरूमध्ये कुनै एक योग्यता पुगेको हुनुपर्ने देखिन आउँछ । तीमध्ये कानून व्यवसायीको क्षेत्रबाट नियुक्त हुने व्यक्ति कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविद्को रूपमा ख्याति प्राप्त गरेको व्यक्ति हुनु पर्ने भन्ने स्पष्टत: देखिन आउने ।

विपक्षी डा. श्री मनोजकुमार शर्मालाई कुन योग्यताको आधारमा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरिएको रहेछ भन्नेतर्फ हेर्दा निवेदकहरूले विपक्षी डा. श्री मनोजकुमार शर्मालाई केवल कानून व्यवसायीको पृष्ठभूमिबाट वकालत गरेको आधारमा मात्र सिफारिस गरिएको भन्ने बेहोरा रिट निवेदकहरूले निश्चिततापूर्वक (assertively) आफ्नो रिट निवेदनमा उल्लेख गरेकाले निजको हकमा अन्य योग्यताको सम्बन्धमा केही विवेचना गरिरहनु पर्ने आवश्यकता देखिएन । पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश पद खारेज भई निज अवकासमा परेपश्चात् विपक्षी डा. शर्माले अधिवक्ताको रूपमा वकालत गरेको १५ वर्ष पूरा नभएकोले पनि निजको योग्यता पुग्दैन भन्ने निवेदन जिकिर रहे पनि विपक्षी डा. श्री मनोजकुमार शर्माको १५ वर्ष वकालत अवधि नपुगेको भन्ने निवेदन दाबी रहेको देखिँदैन । विपक्षी डा. श्री मनोजकुमार शर्माले अधिवक्ताको हैसियतले निरन्तररूपमा पन्ध्र वर्षभन्दा बढी अवधिसम्म वकालत गरेको तथ्य पुष्टि भएको र सोलाई निवेदक स्वयम्ले पनि स्वीकार गरेको अवस्था छ । सो अवधिमा निज डा. शर्मा २०७० साल जेठ २७ मा तत्कालीन समयमा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश पदमा नियुक्ति भई उक्त पद नै संविधानत: खारेजमा परेपछि निज उक्त पदबाट मिति २०७२।८।२६ गते अवकाश भएको अवस्था रहेको हुँदा त्यसपछि पनि निजले संविधानको उपर्युक्त प्रावधानबमोजिम अधिवक्ताको रूपमा वकालत गरेको अवधि पन्ध्र वर्ष पुग्नु पर्दछ भन्ने निवेदकको जिकिर संविधानको मक्सदअनुकूल भएको देखिँदैन । नेपालको संविधानको धारा १२९ को उपधारा (५) मा **"कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष वकालत गरेको"** भनी सर्वोच्च अदालतको न्यायाधीशको लागि तोकिएको योग्यता पटकपटक हासिल गर्नु पर्ने गरी संविधान तथा कानूनले थप व्यवस्था गरेको देखिँदैन । **न्यायाधीश नियुक्तिको सन्दर्भमा एउटै क्षेत्र र सेवामा रही कार्य गरेको अवधिलाई कानून र संविधानअनुकूल हुने गरी आधारभूत योग्यताको रूपमा लिन नै उपयुक्त हुने देखिन्छ । दुई फरक हैसियत र भूमिकामा भए पनि कानून एवं न्यायसँग सम्बन्धित कानून व्यवसायी र पुनरावेदन अदालतको न्यायाधीश पदजस्तो एउटै प्रकृतिको क्षेत्र र सेवामा रही कार्य गरिसकेको हुँदा अघि कानून व्यवसायीको हैसियतले हासिल गरेको योग्यता र अनुभवलाई त्यसपछि नियुक्त भएको पुनरावेदन अदालतको न्यायाधीश पदको कार्यानुभवले अझ परिस्कृत र सुदृढ बनाउने हुँदा वकालतको क्षेत्रबाट प्राप्त गरेको योग्यता, अनुभव, ज्ञान तथा दक्षता**

**न्याय क्षेत्रमा न्यायाधीशको भूमिकामा रही कार्य गर्नासाथ सम्पूर्ण रूपमा समाप्त भई शून्यमा पुग्ने र पुन: संविधानले तोकेबमोजिमको थप अनुभव र योग्यता सुरूबाट नै हासिल गर्नु पर्छ भन्ने जिकिर संविधानत: युक्तियुक्त र तर्कसङ्गतसमेत रहेको न**देखिँदा निवेदन जिकिरसँग आधारभूतरूपमै सहमत हुन सक्ने अवस्था देखिन नआउने।

न्यायाधीश नियुक्तिको कार्य नियुक्ति हुने व्यक्ति आफैँमा बढी योग्य एवं सक्षम हुनुको साथ-साथै सिफारिसकर्ता एवं नियुक्तिकर्ताको सन्तुष्टीको विषय पनि हुने गर्दछ। योग्यताको दृष्टिकोणबाट हेर्दा, विपक्षी डा. श्री मनोजकुमार शर्माको संविधानले निर्धारण गरेको योग्यता पुगेकोमा कुनै द्विविधा छैन। सक्षमताको दृष्टिकोणबाट हेर्दा, निजले पन्ध्र वर्षभन्दा बढी अवधिको अधिवक्ताको हैसियतमा वकालत गरेको र साथै त्यसपछि करिब अढाई वर्ष साबिकको पुनरावेदन अदालतको न्यायाधीश पदमा काम गरी अनुभव हासिल गरेको देखिन्छ। सर्वोच्च अदालतलगायत मातहतको कुनै पनि तहको अदालतको न्यायाधीश पदमा रहेर काम गर्न निश्चय पनि नियुक्त हुने व्यक्ति सक्षम हुनु पर्छ। योग्यता र सक्षमता दुई पृथक कुरा हुन्। योग्यता पुगेका सबै र कानूनको कुनै खास खास क्षेत्रमा दख्खल भएको व्यक्ति सुरूवातदेखि नै न्यायाधीश पदको हैसियतले सबै प्रकृति र क्षेत्रको न्यायिक काम गर्नको लागि सक्षम हुन्छन् भन्न सकिँदैन। फेरी सबै प्रकृति र क्षेत्रको न्यायिक कार्यमा पूर्ण सक्षम भएर मात्र न्यायाधीश पदमा नियुक्ति गर्न सम्भव पनि हुँदैन र हुने पनि होइन भए पनि बहुतै नगन्य हुने गर्दछ। यो असाध्यै गहिरो र बृहत् कानूनी एवं संवैधानिक व्यवस्था र दर्शनका सिद्धान्तहरू समाविष्ट भएको विषय हो। सिद्धान्तत: कानून र संवैधानिक रूपमा योग्यता पुगेको व्यक्तिलाई न्यायाधीश पदमा नियुक्त गरेपछि सबै प्रकृतिको कार्य र क्षेत्रका कार्यानुभवले विस्तारै ऊ सक्षम न्यायाधीश बन्दै जाने हो। यसै पृष्ठभूमिमा योग्यताको दृष्टिकोणबाट हेर्दा, विपक्षी डा.श्री मनोजकुमार शर्माको संविधानले निर्धारण गरेको योग्यता पुगेकोमा कुनै द्विविधा छैन। सक्षमताको सम्बन्धमा हेर्दा, निजले पन्ध्र वर्षभन्दा बढी अवधिको अधिवक्ताको हैसियतमा वकालत गरेको र साथै करिब अढाई वर्ष साबिकको पुनरावेदन अदालतको न्यायाधीश पदमा काम गरी अनुभव हासिल गरेको देखिँदा निजको सक्षमतामा कमी रहेको देखिन नआउने।

विपक्षी डा. श्री मनोजकुमार शर्मालाई सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिको लागि न्याय परिषद्बाट मिति २०७५।१२।१९ मा गरिएको सिफारिस, संसदीय सुनुवाइ समितिबाट गरिएको सुनुवाइ एवं सम्माननीय राष्ट्रपतिज्यूबाट गरिएको नियुक्ति, राष्ट्रपतिज्यूसमक्ष गराइएको सपथलगायतका त्यससँग सम्बन्धित सम्पूर्ण काम कारबाही उल्लिखित अधिकारप्राप्त निकायबाट नेपालको संविधान तथा कानूनबमोजिम नै गरे भएको अवस्थामा सो विषयमा पुन: प्रवेश गर्नु रिट क्षेत्राधिकारको सैद्धान्तिक मान्यताको दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिँदैन। यसै सन्दर्भमा निवेदक अधिवक्ता सुवोधमान नापितसमेत वि. सम्माननीय प्रधानन्यायाधीश, सर्वोच्च अदालतसमेत भएको संवत् २०६१ सालको रिट नं.२९०३ उत्प्रेषणसमेतको रिट निवेदनमा (ने.का.प.२०६१, अङ्क ४, निर्णय नं.७३७४ मा) प्रतिपादित सिद्धान्तसमेतको आधारमा रिट निवेदकहरूको निवेदन दाबी संविधान र कानूनसङ्गत रहेको मान्न सकिने अवस्था रहेको नदेखिने।

तसर्थ विवेचित आधार र कारणबाट विपक्षी डा. श्री मनोजकुमार शर्मा निरन्तर १५ वर्षभन्दा बढी कानूनको क्षेत्रमा वकालत गरेको व्यक्ति हुँदा निजको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि उक्त धारा १२९(५) बमोजिमको योग्यता पुगेको छैन वा निज सो पदका लागि अयोग्य छन् भन्न नमिल्ने हुँदा विपक्षी डा. श्री मनोजकुमार शर्माको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुनको लागि नेपालको संविधानको धारा १२९(५) ले तोकेको योग्यता नपुगेको हुँदा निजको नियुक्ति उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ वैशाख २४ गते रोज ३ शुभम्।